# पहिलो अध्याय

# परिचय (Introduction)

## १. अध्यनको पृष्ठभूमी

नेपाललाई विभिन्न काल र समयमा विभिन्न रूपले विभाजन गरेको पाइन्छ । प्रशासनिक दृष्टिकोणले राणा शासन अघि केन्द्रबाट ५ पहाडी ५ तराई जिल्लाहरूमा विभाजन गरिएको थियो । राणा कालमा ३५ जिल्ला र ४९२ थूम, गढी गौडा, गोश्वारा आदिमा विभाजन गरिएको थियो । वि.सं. २०१९ सालमा १४ अञ्चल ७५ जिल्ला र नगर गाउँ र वडाहरूमा विभाजन गरिएकोमा २०३८ सालबाट ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्ला, ३३ नगरपालिका र ४०१५ गाउँ पञ्चायतमा गरी विभाजन गरियो । २०४७ सालमा आएर नगर पञ्चायतलाई नगरपालिका, जिल्ला पञ्चायत लाई जिल्ला विकास समिति र गाउँ पञ्चायत लाई गाउँ विकास समितिमा (गा.वि.स.) परिणत गरिएको छ । हाल आएर नेपालमा ५८ नगरपालिका र ३९१४ गा.वि.स. छन् र संघीय संरचनाको कुरा उठिरहेको छ । यही परिप्रेक्ष्यमा किरात राईहरुले किरात स्वायता राज्यको माग गरिरहेको पाइन्छ । जुन किरात राईहरुको बाहुलयता रहेको क्षेत्र मध्येको माझ किरात, पल्लो किरात, ओल्लो किरात भनी चिनिने गरेको छ । यही किरात क्षेत्रभित्र पर्ने खोटाङ्ग जिल्लाको दोर्पा चिरिडाडा एक गा.वि.स. हो । जहाँ परपूर्वकालदेखि किरात राईहरु भित्र पर्ने एक जात चामलिङ्ग राईहरु हुन । यिनीहरु करिब करिब ७५० वर्ष अगाडि देखि यहाँ बसोबास गर्दै आएको पाइन्छ ।

## १.२ समस्याको कथन (Statement of the Problem) :

नेपाल एक संघियराज्यको पूर्ण संरचनात्मक उन्मुख विभिन्न जातजातिहरूको बसोवास गरेका राष्ट्र हो । यहाँ बहुभाषा, बहुसंस्कृति, धर्म, रीति-रिवाज, परम्परा तथा रहन सहन रहेको पाइन्छ । त्यसैले नेपाललाई सास्कृतिक रूपले धनी राष्ट्र

भनिएको पाईएतापनि भौगोलिक विषमता, आर्थिक दरिद्रता र निरक्षरताले गर्दा मानव विकास तथा सभ्यताको हिसावले विश्वका विकसित राष्ट्रहरूको पंक्तीमा नेपाल पछाडि परेको छ । हिमाल, पहाड र तराईमा छरिएर रहेका विविध जात जाति भाषा, भाषीहरूको धर्म, संस्कृति एवं परम्पराहरूलाई नेपाली समाजले आफ्नो सर्वस्व ठानी संरक्षण र सम्वर्द्धन गर्दै आएतापनि राष्ट्र, राष्ट्रियता र राष्ट्रको सफलताको मूल श्रोतको रूपमा रहेको पाइदैन । जसको कारण यहाँका कतिपय जनजातिहरूको धर्म, संस्कृति भाषा, भाषी, रितिरिवाज, परम्पराहरू लोप भैसकेका छन् भने कतिका लोपन्मुख छन् ।

जनजातिहरूका आफ्नै किसिमका मौलिक धर्म, संस्कृति, रीतिरिवाज एवं प्रथा-परम्परा भएका हुनाले जनजातिहरूलाई राष्ट्रका गहनाका रूपमा लिई यिनीहरूको धर्म, संस्कृति, रीतिरिवाज, प्रथा परम्परा राष्ट्रको पहिचानको रूपमा लिनुपर्ने हुन्छ । क्षेत्रगत आधारमा पूर्वी नेपालको पल्लो किराँत, वल्लो किराँत र माझ किराँत गरी तीन किराँत मध्ये दुई किराँत राज्यलाई छाडेर माँझ किरात क्षेत्र वर्तमान नेपाल राज्यको प्रशासन विभाजन अनुसार पूर्वाञ्चल क्षेत्रको सगरमाथा अञ्चल पूर्व पहाडी जिल्ला खोटाङ्गमा वसोबास गर्ने प्राचिन किराँत, राई जाति मध्ये चामलिङ्ग राई जाति पनि आफ्नो मौलिक संस्कृतिका दृष्टिले सम्पन्न हुनाको साथै यी राईहरूको आफ्नै थर, भाषा, भेषभूषा, धर्म, रितिरिवाज, परम्परा, गरगहना, चाडपर्व, जन्म, मृत्यु, विवाह संस्कार, पूजा-आजा आदि छन् । यी जातीहरू यस क्षेत्रका आदीवासी हुन् । यिनीहरूको लोक संस्कृति पनि प्राचिन भएकाले आजको आधुनिकरणको मारमा परी विस्तारै लोप हुने अवस्थामा छ । कुनै पनि जाति विशेषको लोक संस्कृति लोप हुनु राष्ट्रिय पहिचान गुम्नु हो । किनकी यस किसिमका लोक संस्कृतिहरू राष्ट्रका सम्पति हो न कि जाति विशेषको गौरव हो ।

वर्तमान स्थितिमा विश्वव्यापीकरण तथा सञ्चारहरूको प्रभावले गर्दा जनजातीहरूको पुराना संस्कृति परम्परा बारे परिवर्तन गरी पुराना

संरचनालाई परिवर्तन गरीदिएको पाइन्छ । सांस्कृतिक परिवर्तन समाजको नियमित कार्य हो समाजले त्यसको आत्मालाई सभ्यताको विन्दुसंग समाहित गर्दै लैजान्छ, त्यसैले यो स्थापित हुन्छ । त्यसलाई अर्कोले देख्दछ , देखेपछि त्यसलाई  सार्ने वा नक्कल गर्ने गर्दछ ।

"सांस्कृतिक परिवर्तनले नै मानिसको राजनीतिक संगठन र घरेलु अवस्थालाई पनि प्रभावित बनाउँछ, यो स्थायी परिवर्तन हो जसले सभ्यतालाई बदली दिन्छ र यो जही तही जति वेला पनि हुन्छ" (मेलीनोएकी, १९५३)

यसर्थ सांस्कृति परिवर्तनलाई लोप भन्न सकिन्न परिवर्तन व्यक्तिको धारणामा र आचरणमा नै मुख्य रूपमा भर परेको पाइन्छ । जति मानिस छिटो कुनै पनि बातावरणमा स्थापित हुने कोशिस गर्दछ त्यहि नै द्रुत गतिमा परिवर्तनको शिखरमा पुग्ने गर्दछ र प्रत्येक सभ्यतालाई पनि भौगोलिक सामाजिक वातावरणले प्रभावित बनाएको पाइन्छ ।

यी माथिका आधारभूत परिस्थितिको अध्ययन तथा मूल्याङ्कनबाट नै परिवारको वैवाहिक सम्बन्ध, धर्म, संस्कृति, चाडपर्व, आर्थिक, सामाजिक, शैक्षिक, भेषभुषा, खाने, पिउने आदि कुराहरूमा परिवर्तन हुन गई आर्थिक तथा सांस्कृतिक अवस्थाहरू विस्तारै ह्रास हुँदै जाने स्थिति देखा परेकाले नयाँ पिढीलाई आफ्नो जातीय संस्कार परम्परालाई अंगाल्न कठिन हुन सक्ने स्थिति विद्यमान रहेको र अहिलेसम्म चामलिङ्ग राई जातिको वारेमा विस्तृत एवं गहन अध्ययन नभएको हुँदा यस अध्ययनमा चामलिङ्ग राई जातिहरूको सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण गर्दै यो अध्ययन निम्न अनुसन्धात्मक प्रचलनहरूमा केन्द्रित रहनेछ ।

(क) दोर्पा चिउरी डाँडा गा.वि.स. मा बसोवास गर्ने चामलिङ्ग राई जातिको उत्पति कहाँ र आगमण कहिले भएको हो ?

(ख) यहाँका चामलिङ्ग राईको सामाजिक र सांस्कृतिक अवस्था के कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य (Objectives of the study) :

कुनै पनि अध्ययन अनुसन्धानको उद्देश्य स्पष्ट हुनु पर्दछ । विना उद्देश्यको अध्ययन अनुसन्धान लगाम विनाको घोडा तथा गन्तव्य विनाको यात्रा जस्तै हुने हुन्छ । त्यसैले उद्देश्य विनाको अध्ययन, अनुसन्धानको कुनै मूल्य र मान्यता रहदैन किनकी उद्देश्य नै नभएको अध्ययन अनुसन्धानमा के वारेमा कुन विषयमा कस्तो र कति गहिराईसम्म पुगी अध्ययन गर्ने त्यसको केही अत्तोपत्तो नै नरहने हुनाले कुनै पनि अध्ययन अनुसन्धान स्पष्ट उद्देश्य सहितको हुनुपर्दछ ।

यसकारण प्रस्तुत शोध कार्यमा खोटाङ्ग जिल्ला दोर्पा चिउरी डाँडा गा.वि.स.का चामलिङ्ग राई जातिको उत्पति लगायत सामाजिक एवं सांस्कृतिक पक्षलाई अध्ययनको विषयवस्तु बनाई उनीहरूको सामाजिक, सांस्कृतिकपक्ष माथि प्रकाश पार्दै यिनीहरूलाई राष्ट्रिय स्तरमा परिचित गराउनको लागि निम्न कुराहरूको बारेमा खोजी गरी तथ्यहरू प्रकाशमा ल्याउने उद्देश्यले यो अध्ययनको तर्जुमा गरी निम्न उद्देश्य निर्धारण गरिएको छ ।

(क) चामलिङ्ग राई जातिको उत्पति स्थान र दोर्पा चिउरिडाडाँको आगमण पत्तालगाउनु ।

(ख) यहाँचामलिङ्ग राईहरूको वर्तमान सामाजिक एवं सांस्कृतिक पक्षहरूको अवस्था प्रस्तुत गर्नु ।

## १.४ अध्ययनप्रतिको अवधारण (Conceptual frame work)

सगरमाथा अञ्चल खोटाङ्ग जिल्ला, दोर्पा चिउरी डाडा गा.वि.स.का चामलिङ्ग राई जातिको सामाजिक तथा सांस्कृतिक पक्षको वारेमा प्रस्तुत अध्ययन गरिने हुँदा उद्देश्य अनुरूपको लक्ष्य प्राप्त गर्न शोध कार्यलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

उक्त अध्ययन क्षेत्रका "चामलिङ्ग राई" समूदायको सामाजिक पक्षको बारेमा चित्रण गर्दा यस जातिको ऐतिहासिक पृष्ठभूमिको परिचय दिदै, जातीय उत्पति, सामाजिक जनजीवन र सामाजिक रूपरेखा, गोत्र, थर उपथर, भाषा, संस्कृति, रहनसहन, चाडपर्वहरू, परिवारको किसिम, सामाजिक संस्कार, व्यक्ति तथा उनीहरूको स्थान र भूमिका, अन्य जातिहरूसँग सम्बन्ध र सर-सहयोगको भावनाका साथै उपरोक्त पक्षहरूमा देखापरेको परिर्वतन र यसले यिनीहरूको समाजमा पारेका प्रभावहरू समेत अध्ययन गरिएको छ ।

यस प्रकार उक्त क्षेत्रका चामलिङ्ग राई जातिका सामाजिक एवं सांस्कृतिक पक्षको अध्ययन गर्दा यी दुवै पक्षहरू वीचको सम्बन्ध र एक अर्का माथिको प्रभावको साथै सामाजिक,सांस्कृतिक, शैक्षिक, राजनैतिक, धार्मिक पक्षमाथि पार्ने प्रभाव, आपसी सम्बन्ध र आत्मनिर्भरतालाई समेत अध्ययन एवं विश्लेषण गर्दै निष्कर्ष प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्व (Rationale and Importance of the study)

नेपाल विविध जाति/जनजातिहरूको वसोबास रहेको एक संघीय गणतन्त्रात्मक उन्मुख मुलुक हो । यहाँ आ-आफ्नै मौलिक संस्कृति परम्परा बोकेका विविध जनजातिहरू पाइन्छ । यीनै विविध खालका भाषा, संस्कृति, भेष-भूषा र रहन-सहनले भरिएको राष्ट्र नेपाल हो । यस कुरालाई समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनहरूले पनि प्रष्ट पारेको छ । यही कुरालाई मध्य नजर राख्दै के भन्न सकिन्छ भने सवै जनजातिको सामूहिक संस्कृतिको मिलनबाट मात्र राष्ट्रिय संस्कृतिको जन्म हुन्छ । यसले गर्दा यहाँको विविध जनजातिको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक आर्थिक पक्षहरूको बारेमा सही अध्ययन हुन जरूरी छ । यसो भएमा मात्र मुलुकको वास्तविकता प्रष्ट्याउन सकिनेछ । जनजातिहरूको समान रूपमा विकास भएमात्र मुलुकको सर्वाङ्गिण विकास हुने हुँदा यस शोध

कार्यको मुख्य औचित्य पनि नेपालका विविध जनजातिहरू मध्ये चामलिङ्ग राई जातिहरूको राष्ट्रिय स्तरमा जातीय पहिचान गराई उनीहरूको सामाजिक एवं सांस्कृतिक पक्षको वास्तविक अध्ययन गर्नु हो । जुन अध्ययनले यस विषयपछि गरिने शोधकर्ताहरूलाई उपलब्धिपूर्ण योगदान दिनेछ यसको साथसाथै चामलिङ्ग राई जातिको जातीय उत्थान र विकासको लागि यो अध्ययन महत्वपूर्ण रहनेछ । समाजशास्त्रीय, मानव शाष्त्रीय अध्ययनमा थप टेवा पुऱ्याउनुका साथै सरकारी र गैर सरकारी क्षेत्रमा समेत सहयोग पुऱ्याउने आशा राखिएको छ । साथै यो अध्ययन चामलिङ्ग राई जातिको वारेमा विस्तृत अध्ययन भएकाले यस अध्ययनबाट उनीहरूको अध्ययन अनुसन्धान गर्ने सफल हुनेछ र भविष्यमा अध्ययनकर्ताहरू, निति निर्माताहरूका लागि पनि सहयोगी हुनेछ ।

# दोश्रो अध्याय

# सम्बन्धित विषयको समिक्षा

**(Literature Review)**

२.१ सैद्धान्तिक समीक्षा (Theoretical Review)

नेपाल विविध जनजाति भाषाभाषी धर्म संस्कृति एवं रहनसहन भएको मुलुक भएकोले यी विविध जनजातिहरूको विविध पक्षमा वैज्ञानिक अध्ययन हुनु पर्छ यसैले "नेपाल समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोणले अध्ययन र अनुसन्धानको निमित्त स्वर्ग नै मानिन्छ" (विष्ट, १९७२) ।

जातिय विविधताले गर्दा नेपालमा आफ्नैपनको लोक संस्कृतिको अमूल्य श्रोत रहेको छ र त्यसको वाहुल्यताले पनि नेपाली संस्कृति लोक संस्कृतिको अन्वेषण र अध्ययनको निम्ती विश्वका विभिन्न अन्वेषण केन्द्र, शैक्षिक संस्था तथा निजी अनुसन्धानकर्ताहरूको अन्वेषण केन्द्र बन्न पुगेको छ । "त्यसैले नेपाली जनजीवन र लोक संस्कृतिका विषयमा विश्वको जिज्ञाशा अभिवृद्धि हुन स्वभाविक कुरा हो" ( जोशी, २००७) ।

नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन सुरू भएको धेरै भएको छैन । सन् १९५० भन्दा अगाडि नेपाली समाजका जनजातिका जीवनका विविध पक्षको बारेमा केही विदेशी विद्वानहरूले (Kirkpatric (1811), Father Guisppe (186/Adom. L. 1936) कलम चलाएको भएतापनि यिनीहरूले गरेको अध्ययनलाई समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनको रूपमा मान्न सकिन्न ।

वि.सं. २००७ सालमा नेपाल राणा शासनबाट मुक्त भयो देशमा प्रजातन्त्र आयो । यसपछि मात्रै देशमा भएका विविध जनजातीहरूको बारेमा स्वदेशी एवं विदेशी विद्वानहरूबाट तिनीहरूको विविध पक्षमा अध्ययन अनुसन्धान हुन थालेको पाइन्छ । यसर्थ नेपालमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन अनुसन्धान

सन् १९५० पछाडि मात्र भएको पाइन्छ । यसरी सन् १९५० पछाडि यस क्षेत्रमा कलम चलाउने स्वदेशी एवं विदेशी विद्वानहरू र उनीहरूको अध्ययनलाई निम्न रूपमा हेर्न सकिन्छ ।

-Okada (1959)ले  नेपालको विभिन्न जनजातिय एवं सांस्कृतिक समुहहरू बीचमा पाइने संस्कारगत समानतालाई प्रकार्यगत एवं संरचनागत दृष्टिकोणबाट विश्लेषण गरेको पाइन्छ ।

– Ortner (1978)ले शेर्पा समुदायको धर्म, चाडवाड, सस्कारहरुको वारेमा अध्ययन गरेको पाईन्छ । उनको अध्ययन अनुसार शेपौ समुदायमा उनीहरुको विविध किसिमका सस्कारहरु गर्दा लामाको महत्वपूर्ण स्थान रहेको हुन्छ । जुन स्थान चामलिङ्ग राईहरुको धामि (नछौं)को जस्तै हुन्छ । त्यसै गरी उनका अनुसार शेर्पाहरुको देवदेवता तोरमा, मंक, हुन्छ । जुन देवदेवताहरु चामलिङ्गहरुको देवताहरु जस्तै शेर्पाहरुले मान्य गरेको पाईन्छ ।

Bista, (1967) ले नेपालका जाति तथा जनजातीहरूको जीवन पद्धती बारेमा प्रकाश पारेका छन् । उनका अनुसार राई जातिहरु नेपालका आदिवासी जनजातिहरु हुन । उनीहरुका आफ्नै मोलिक सस्कृति, परम्परा, रहनसहन छ । उनका अनुसार राईहरुको घर ढुगां र माटोले बनाएको, पूर्व तर्फ र दक्षिण तर्फ ढोका भएको दुई तले हुन्छ । जसको छानो खर र चित्रले छाएको हुन्छ ।  साथै यिनीहरुको लवाईखवाई, भषेभुषा, खानपान, धर्म, संस्कृति, संस्कार जस्ता कुराहरुको बारेमा उल्लेख गरेका छन । त्यसै गरी उनका अनुसार राईहरुको विविध संस्कारहरुमा धामी (नछौ) को आवश्यक पर्दछ भनि उल्लेख गरेका छन् । यी माथि उल्लेखित कुराहरु चामलिङ्ग राईहरुको धर्म तथा संस्कृति सगँ सम्बन्धित छन् ।

Hitchkock, (1966) ले मगर समुदायको सामाजिक परिवर्तन धर्म संस्कार, पुजा, देवीदेवता, जस्ता पक्षमा वर्णन गर्दै अन्य जातिहरूको सम्बन्ध र ती जातिहरुका पेशाका बारेमा समेत वर्णन गरेका छन् । साथै उनीहरुले गर्ने दैनिक

कामकाज तथा चाडपर्वहरुको बारेम उल्लेख गरेका छन् । त्यसै गरी मगर जातिको जीवन चक्र (Life cycle) बारेमा वर्णन गरेका छन् । जुन चामलिङ्ग राई जातिको जीवन चक्र (Life cycle)

सगँ मिल्दो जुल्दो छ । त्यसै गरी उनले मगर जातिको थर तथा उपथरको बारेमा पनि उल्ले गरेका छन् । ती थर तथा उपथर विभाजन चामलिङ्ग राईहरुको थर तथा उपथर विभाजन गराई सगँ मिल्दो जुल्दो छ ।

- Haimendrof (1956) ले नेपाली समाजमा रहेका आदिवासी र जनजातहरूबीच पाइने अन्तर्गत सम्बन्धको विवरणात्मक प्रस्तुति गरेका छन् ।

- Nepali, (1965) ले The Newars मा नेवारजातिको उत्पत्ती देखि उनीहरूको बीचको जातिय विभाजनमा पाइने सम्बन्धको बारेमा (Structural-Functional Model) प्रकाश पारेका छन् । उनका अनुसार नेवार जातिहरु नेपालका आदिवासी जनजातिहरु हुन । यिनिहरुको धर्म, संस्कार आफ्नै किसिको छ भनि उल्लेख गरेका छन् । नेवार जाति र चामलिङ्ग जातिका सास्कृतिक परम्परामा उनीहरु पनि आफ्नो पृत्रलाई मानि पुजा गर्ने गर्दछन् ।

- Caplan (1970) ले दृन्दात्मक तथा प्रकार्यगत दृष्टिकोणबाट नेपालमा लिम्बु र हिन्दु उच्च जातिहरू बीचमा परिवर्तनशील सम्बन्धको बारेमा विश्लेषण गरेका छन् ।

- MC Donald (1975) ले नेपालका विभिन्न जनजातिहरूलाई दक्षिण एशियाका अन्य भागमा बसोवास गर्ने जनजातिहरूको सामाजिक आर्थिक एवं सास्कृतिक स्थितिसँग तुलनात्मक अध्ययन गरेका छन् ।

- Gurung, (1989) ले चेपाङ्ग जातिको Ethnographic study गरी यिनीहरूको सामाजिक, आर्थिक धार्मिक एवं सांस्कृतिक पक्षहरूमा रहेको विद्यमान अवस्था, त्यमा विस्तारै भइरहेको सामाजिक परिवर्तनका कुराहरू आवश्यक सुझावहरू समेत प्रस्तुत गरेका छन् ।

- Peter (1981) ले तामाङ्ग जातिहरूको जीवनका विविध पक्षको अध्ययन गरी के निष्कर्ष निकालेका छन् भने नेपालका धेरैजसो जनजातिका मानिसहरू धामी, झांक्री, अन्धविश्वास जस्ता कुराहरूमा विश्वास गरेर मानसीक तनाव, दुःख कष्ट भोगी रहेका छन् भनी बताएका छन् ।

– Regmi, (1991) ले धिमाल जातिको आर्थिक कृयाकलाप, सामाजिकीकरणका प्रकृयाहरू, सामाजिकिस्तरीकरण, धर्म, चाडपर्व, ग्रामिण राजनीतिक संस्था लगायत जीवनका विविधपक्षको बारेमा वर्णन गर्दै धिमाल, लिम्बु र राई सँगको रक्त प्रशिक्षणबाट नयाँ जातिको रूपमा सताब्दीयौंदेखि उब्जीएको हो । धिमालहरू नेपालको उत्तर पूर्वबाट आएका हुन् र धिमाल शब्द हिमालबाट उब्जीएको हो भनी बताएका छन् ।

यसप्रकार नेपाली समाजका जाति र जनजातिहरूका आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक जस्ता विविधपक्षहरूको बारेमा भए गरिएका अध्ययन अनुसन्धानहरूले समेत प्रस्तुत शोध कार्यका लागि प्रत्यक्ष/अप्रत्यक्ष रूपमा मार्गदर्शन गर्ने हुँदा यस्ता सैद्धान्तिक अध्ययनहरूलाई पनि सहयोगी रूपमा लिन सकिन्छ ।

## २.२ पूर्व अध्ययनको समिक्षा (Review of the Previous Study)

जुनसुकै विषयमा गरिने शोध कार्यलाई सफल बनाउनको लागि शोध कर्तालाई उद्देश्य अनुरूपको आवश्यक सहयोग पुऱ्याउने सामग्रीहरू बारेमा जानकारी हुन आवश्यक छ, यस्ता शोधसँग सम्बन्धित आवश्यक पूर्व अध्ययन अनुसन्धान एवं लेखहरूले शोध कार्यमा धेरै सहयोग पुऱ्याउने हुँदा यहाँ गर्न लागिएको शोधको लागि पनि शोध कार्यसँग सम्बन्धित विषयमा तयार पारिएका पुस्तक, लेख, रचना, टिप्पणी जुन प्रकाशीत अप्रकाशित रूपमा पाइएको छ तिनीहरूलाई यस शोध कार्यको लागि समिक्षाको रूपमा प्रस्तुत गरिएको छ ।

## ५. २ वैदिक किरातकालिन इतिहास

किरात जातिको वारेमा अध्ययन अनुसन्धान गर्दा होस वा किरात जातिको वारेमा चर्चा कहाबाट सुरु भयो भनी हेर्दा  सवैभन्दा अगाडी किरातहरुको चर्चा ऋगवेदिक साहित्यमा किरातको वारेमा चर्चा गरेको पाइन्छ । ऋगवेदको छैठौ मण्डलको सत्तचालिसौ सुक्टको दोस्रो एकाइसौ र वाइसौ  मन्त्रमा किरातको वारेमा यसरी चर्चा गरेको  पाइन्छ । हिन्दु कुश पर्वत पार गरेर तलतिर झरेको  आर्यहरु जब सप्तसिन्धुमा फैलिए त्यस समय उनिहरुको संघर्ष किरात जातिसंग पनि भएको थियो । किरात जातिका निवास “त्रि गर्न” अर्थात भारतको कांगडा उपत्यमा थियो र यिनका नेतालाई “शम्वर” भनिन्थ्यो । ऋगवेदमा सोझै किरातको नाम त आउदैन तर शम्वरको नाम भने वारम्वार आउदछ । “त्रिर्गत” अर्थात कागडा उपत्यकामा किरात जातिको अनेक अश्ममयी किल्ला थिए जसमध्ये ९९ किल्ला आर्यहरुले लुटेर लिएको वर्णन ऋगवेदमो छैठौ मण्डलको सत्तचालिसौ सुक्तको दोस्रो, एकाइसौ र वाईसौ मन्त्रमा स्पष्टसँग उल्लेख भएको पाइन्छ ।

ऋगवेदका यी मन्त्रका अध्ययनबाट ईसापूर्व १२ औं शताब्दी भन्दा पहिले काँगडा उपत्यकामा किरात जातिको बसोबास थियो र यिनका ९९ किल्ला आर्यहरुले लुटेर लिएको भन्ने कुरा प्रमाणित हुन्छ । ईसाको ११ औं शताब्दीसम्म कागडा उपत्यका वैजनाथलाई “किरग्राम” भनिन्थ्यो भन्ने कुरा त्यहीको एउटा शिलालेखले बताउँछ । किर शब्दले मूल अर्थमा सुगुरलाई बुझाउँछ । किर अर्थात सुंगुरको पछि लाग्ने शिकार खेल्ने, पाल्ने अथवा त्यसको शिकार गरेर जिविका चलाउनेलाई संस्कृत वाङमयमा किरात भनिन्छ । जुन समय आर्यहरु त्यहाँ आए त्यस समय उनीहरुको परिचय यस्तै जातिसित भयो । किरांत शब्द शिकारी, बहशी अर्थात कुरा नबुझ्ने, नबुझिने कुरा गर्ने,  जंगली, पुड्का, घोडसवार, अश्वपाल आदि अनेक अर्थमा प्रयोग भएको छ । किरांतहरु आर्यका विरोधी भएको हुदा त्यस अर्थमा त्यस्ता शब्द आरोपित गरेएको हो । बैजनाथको शिलालेखमा प्रयोग भएको ‘किरग्राम’  मा किर शब्द किरातको छोटकरी रुप हो । कारण सुंगुरको गाउँ हुँदैन, सुंगुर पाल्नेको

गाउँ हुन्छ । यहाँ किरग्रामको अर्थ किरातको गाउँ भनि सम्झनुपर्दछ (प्रपन्नचार्य २०५१) किर अर्थात किरातहरु आर्यका लागि दस्यु र दुस्मन थिए ईशापूर्व १५ औं शताब्दीमा मैदानी भागका प्राग्द्रविड जातिमाथि विजय प्राप्त गरेर आर्यहरुले सप्त सिन्धु अर्थात पञ्जावमा पाईला जमाउन पुगे । ३ सय वर्षभित्र आर्यहरु जमुनाको पश्चिमी तटसम्म फैलिन गए । अर्धपशुपालक, अर्ध कृषक आर्यहरुको चित्त त्यतिले मात्र बुझेन र उनीहरु पहाडपर्वततिर भएका खर्क र चरनतिर पनि पाइला बढाउन थाले । इशापूर्व १२ औं शताब्दीमा किरातहरुको संघर्ष आर्यहरु सित भयो । किरातहरुका नेता सम्बर आफ्नो भूमिबाट एक अंगुल पनि पछि हट्न तयार थिएनन् । त्यस समय किरातहरुका एक सौ अश्मयमी किल्ला थिए । त्यसपछि ४० वर्षसम्म किरात र आर्यहरुको संघर्ष चल्यो । भनाईको तात्पर्य यति लामो समयसम्म किरातहरुले आर्यहरुलाई त्यहाँ छिर्न दिएनन् । आर्यका नेता दिवोदास र उनको पुरोहित भारद्धाज निराश भैसकेका थिए । तर अन्त्यमा विभिन्न छलकपट, जालझले र चलाखी पश्चात आर्यहरुले किरातीहरुलाई युद्धमा हराई छाडे । किरातका नेता शम्बर युद्धमा मारिएपछि किल्ला कांगडा उपत्यका आर्यहरुको हातमा आयो । यस युद्धमा हारेपछि किर अथवा किरातहरु सतजल उपत्यकामा आएर बसे । त्यहाँ रहँदा बस्दा किरात नेता सम्बरको नाम पनि हराएर गयो । जुन किरातहरु पूर्वतिर लागे ती पछि गएर जालन्धरको नामले विख्यात भए । सतजल उपत्यका भन्दा पूर्व हाल नेपालको कर्णाली प्रदेशसम्मको भूमिलाई जालन्धर खण्ड भनिन्छ । जुम्ली राज्यलाई आज पनि जालन्धरी राज्यका नामले पुकारिन्छ । किन्तु पछिल्लो कालमा आएर सतजलको छेउछाउको भू-भागलाई मात्र जालन्धर खण्ड भनेको पाइन्छ । अर्थात हिमालका ५ खण्ड छन् नेपाल, कुमाउँ, गढवाल, जालन्धर र काश्मिर । भनाईको तात्पर्य, नेपाल कमाउ, गढवाल, भन्दा पश्चिम र काश्मिर भन्दा पूर्वको पहाडी भागलाई जालन्धर खण्ड भनिन्छ । समयकोप्रवाह सँगसँगै आज वैदिक कालका किराती योद्धा शम्बरको मात्र होइन जालन्धरको नाम पनि कसैले लिदैन । यिनीहरु ( किराती)हरु, आर्यहरुद्धारा लिखित विभिन्न वाड्मयमा आफ्नो महाशत्रु भएको

कारणबाट अमानुष राक्षसको रुपमा अंकित गरिए । यसरी आर्यहरुद्धारा लिखित विभिन्न वैदिक साहित्यमा किरातहरुलाई कुनै ठाउँमा देवताको रुपमा अंकित गरेका छन् भने कुनै ठाउँमा राक्षसको रुपमा अंकित गरेका छन् । अर्थात् आर्यहरुको संस्कृत वाङ्मय महाभारतमा किरातहरुलाई महादेवको रुपमा अंकित गरेका छन् । भने अरु ठाउँमा राक्षसहरुको रुपमा अंकित गरेको पाईन्छ । यसो गर्नाका मुख्य कारण किरातहरु आर्यहरुको महासत्रु परापूर्व कालदेखि रहँदै आएका थिए । तर यदि किरातहरुले आर्यहरुको अनुकुल कार्य गरेमा उनीहरुलाई देवतासम्म ठान्दथे भने आर्यहरुको प्रतिकुल कार्य गरेमा त्यही किरातहरुलाई तल्ला तह अर्थात राक्षसको श्रेणीमा राख्ने काम आर्यहरुकै हातमा थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

वैदिक साहित्यपछि किरातको उल्लेख मनुले आफ्नो स्मृतिमा गरेका छन् । उनको भनाई अनुसार किरात जाति संस्कारविहिन “वृषल” जाती हो । आश्चर्य कौटिल्यले पनि आफ्नो पुस्तक अर्थशास्त्रमा यसै अनुरुप कुरा भनेका छन् । विष्णुपुराणका अनुसार यो जाति प्रायद्धिपको हिमाल भन्दा दक्षिणपूर्वी पहाडी भागमा आवाद भएको अनुमान हुन्छ । यसरी प्राचिन वैद्धिक साहित्यका अनुसार ‘अनाय’ शब्दले पनि किरातलाई नै जनाउँछ । संस्कृत साहित्यमा मात्र होइन अपितु किरातको नाम अन्यन्त्र पनि पाइन्छ । ग्रिकहरुले किरात जातिलाई किरिआडी (Ceriadae) अर्थात किराती भनेका छन् (शर्मा, २०३३) ।

यसरी वैदिक साहित्यमा संस्कृत वाङ्मयदेखि लिएर मनुको मनुस्मृति, कौटिल्यको अर्थशास्त्र जस्ता प्राचिन ग्रन्थहरुमा पनि किरातहरुको बारेमा आर्यहरुको मनोमानी ढंगबाट नकारात्मक र सकारात्मक व्याख्याहरु भएको पाइन्छ ।

## ५.३. आधुनिक किरातकालिन इतिहास (Modern History of Kirat)

वीरता एवं शौर्यका निम्ति वैदिक कालदेखि नै कहलिएका किरात जातिहरु नेपालको सबैभन्दा प्राचिन जाति मानिन्छन् । चाहे यस जातिको मुल उत्पत्तिको बारेमा अहिले टुंगो नलागेको होस, यस जातिका मानिसहरुको शारिरिक बनावट, अनुहारको रुपरेखा र भाषाको स्वरुप, विचार गर्दा यिनीहरु मंगोल परिवारको टिवेटो-वर्मन शाखासँग सम्बन्धित भएको कुरा निश्चित हुन्छ ।

उत्तर, पश्चिम वा दक्षिण जताबाट आएर बस्न थालेका भए पनि नेपालको आधुनिक इतिहाससम्म काठमाडौं उपत्यकामै पनि हड्सन (Hodgson 1874) का अनुसार ३२ पुस्ता र कर्कपेट्रिकका अनुसार २८ पुस्तासम्म किराती वंशको शासन चलेको कुरा थाहा हुन्छ । यो कुराको पुष्टि नेपालमा पाइने पुराना वंशावलीमा लिच्छवीहरुको प्रवेश भन्दा पहिले काठमाडौं उपत्यकामा किरातहरुकै राज्य थियो भन्ने कुरा उल्लेख भएबाट स्पष्ट हुन आउँछ । कर्कपेट्रिकले आफ्नो पुस्तकमा किरातहरुको वंशावली दिएका छन् । जसमा २८ राजाको नाम उल्लेख भएको छ । यसमा पहिला राजा येलुङ्ग छन् भने अन्तिम राजाको नाम गलिजंग देखिन्छ । एकातिर एउटा पुस्तकमा यस प्रकारको किराती वंशावली पाईन्छ भने अर्का विद्वान हड्सन (१८७४)का अनुसार वंशावलीमा ३२ राजाको नाम आउँछ । हड्सन(१८७४) का अनुसार पहिला राजा यलम्बर हुन भने अन्तिम राजाको नाम गस्ती देखिन्छ । कर्कपेट्रिकले सबै राजाको शासनकाल दिएर त्यसको जम्मा वर्ष १६३० पुऱ्याएको छन भने हड्सनले केवल यलम्बरको राज्य काल १३ वर्ष भनेर अरु ठाउँमा खाली छोडेका छन् । केही विद्वानहरुका अनुसार काठमाण्डौं उपत्यकामा लिच्छिविहरुको आगमन पछि किरातहरु अन्य ठाउँमा अर्थात पूर्वतिर लागे भने भनाई रहेको पाइन्छ । यति लामो अवधिसम्म उपत्यका र त्यसका आसपासमा चकचकी गरेर बसेका किरातीहरुले अवश्य पनि यहाँको प्राचिन शासन, कला, चालचलन, भाषा आदिमा प्रभाव पारेको हुनुपर्दछ । कति समाजशास्त्री/मानवशास्त्री विद्वानहरुले त प्राचिन नेवारहरुपनि किरात जातिकै एउटा भाग हुनुपर्दछ भन्ने विश्वास गरेका छन् ।

यसरी किरातीहरुकै समयमा विभिन्न हिन्दु धर्मावलम्बीहरु शरणार्थीहरुको रुपमा यहाँ प्रवेश गरेका थिए् । यिनमा शाक्य, मल्ल, कोलीय, लिच्छिवी आदि प्रमुख थिए । यिनीहरुको राम्रो व्यवस्था किरातीहरुले नै मिलाइदिएका थिए । किरातकालमा बाहिरबाट शरणार्थीहरुका रुपमा आएका लिच्छिवी, शाक्य, कोलिय, मल्ल आदि सबैलाई किरात कालीन नेपालले शरण लिएको थियो, पछि यिनै शरण दिएका लिच्छिवीहरुले किरात राजालाई विभिन्न चलाखीपूर्ण तरिकाबाट हराएर आफ्नो वंशको शासन कायम गरे । लिच्छिवीहरुद्धारा पराजित भएपछि किरातहरु पूर्वतर्फ लागे । वि.सं. ५२१ तिर यिनीहरुले तामाकोशी र अरुण नदीको वरिपरीको भुभागमा आफ्नो राज्य विस्तार गरेका थिए (दाहाल, २०५७) ।

त्यसरी इन्द्रावती नदीभन्दा पूर्व सिंगलिला पर्वत एवं मेचीनदी भन्दा पश्चिमको विशाल भू-भाग किरात जातिको मुख्य बासस्थानको रुपमा “किरात प्रवेश” को नामबाट त्यसरी प्रख्यात हुन गयो । जसरी मध्यकालमा नेपालको मध्यभागमा “मगरात” र सुदुरपश्चिम भागमा “खसान” का नामले विख्यात हुन गएका थिए । पृथ्वीनारायण शाहले सुरु गरेको राष्ट्रिय एकिकरणको अभियानकै सिलसिलामा पश्चिममा मगरात, खसान जस्तै “नौलाख किरात” को भूमि वा किरात प्रदेश पनि विशाल नेपालको अभिन्न अंग हुन गएको हो । सेनहरुको शासनकालमा किरात प्रदेशमा अन्य जातिका (खास गरी आर्य) मानिसहरुको फाट्टफुट्ट प्रवेश भएको भएपनि एकिकरण पछिको समयमा नै आएर विभिन्न जातिका मानिसहरुसँग कुम जोडेर बस्न थालेका हुन् (शर्मा, २०५४) ।

शाहवंशिय राजाहरुका शासन कालमा नयाँ नयाँ आर्जित भूमिको राम्रो प्रशासन र सुव्यवस्थाका निम्ति स्थानिय प्रभावशाली व्यक्तिहरुलाई राई, (जिमी, जिम्दार वा जमिन्दार), सुव्वा, देवान र मुखिया जस्ता पद्वीले विभुषित गरेर उनीहरुले अघिदेखि नै चर्चाको भुमिलाई किपटका रुपमा विशेष सहुलियत साथ भोग गर्न छुट दिइएको हो । कालान्तरमा किपटको भूमि व्यवस्था यिनीहरुबाट

खोसिन गएपनि पूर्वप्राप्त राई, सुब्बा, मुखिया, देवान जस्ता उपाधिहरु परम्परागत रुपमा चलिनै रहेका छन् र जाति वाचक हुन गएका छन् (पूर्वत, २०३१) ।

आज इन्द्रावती नदी भन्दा पूर्व र मेची नदीदेखि पश्चिमका खम्बुवान र लिम्बुवानका भु-भागमा सबै जातिका मानिसहरु छ्यासमिसिएर बसेका भएपनि यस भेगका बहुसंख्यक मूल निवासी किराती नै हुन र उनीहरुको जाति बाहुल्यको आधारमा जनकपुर, सगरमाथा, कोशी, र मेची अञ्चलका मध्य पहाडी भागमा फैलिएको किरात प्रदेश अझैपनि वल्लो किरात, माझ किरात र पल्लो किरातका नाममा विभाजन हुन छाडेको छैन, झन पूर्वतिर फैलिदै जाने प्रवृति देखाउँदै राई, लिम्बु र याख्खा किरातीहरु मेचीको सिमा नाघेर दार्जिलिङ्ग, कालिम्पोङ्ग, सिक्कीम, भूटान र आसामसम्म मात्र नभई, भारतको सिमाना पारी वर्मासम्म पनि आवाद हुन पुगेका देखिन्छन् । पूर्व तराईमा उहिलेदेखि नै मधिसे किरातका रुपमा कोचे, मेचे, र धिमालहरु आसन जमाई बसेकै हुन् (शर्मा, २०४५) ।

यसरी विशाल किरात प्रदेशको तीन भाग वल्लो किरात (सुनकोशी नदीदेखि लिखु खोलासम्मको भाग) माझ किरात (लिखु खोलादेखि अरुणनदी सम्मको भू-भाग) र पल्लो किरात (अरुण नदी देखि मेची नदी र सिंगालिला पर्वतको पश्चिम पानी ढलो सम्मको भूभाग) मा मुख्य बसोबास भएका किरातीहरुलाई नौलाख किरात भनि भन्ने गरेको पाईन्छ । हड्सन (१८७४) का अनुसार किरातीहरुको प्रमुख शाखालाई खम्बु भनिन्छ । यिनीहरुको बसोबास भएको प्रदेशलाई कुनै समय नौलाखी किरात पनि भनिन्थ्यो । यस्तो नामाकरण गर्ने कारणमा हड्सन भन्दछन् 'यस प्रदेशमा कुनै समय घरैपिच्छे २ आनाका दरले कर लगाईन्थ्यो र त्यो करको संख्या नौहजार आना पुग्दथ्यो । यसलाई बढाएर त्यहाँका मानिसले यसलाई गाउँको संख्यामा ल्याए ।' यसको उल्लेख अर्का समाजशास्त्री/मानवशास्त्री विद्धान फि्लटले पनि गरेका छन् । तर विचारणीय प्रश्न के छ भने त्यस प्रदेशमा २ आनाका दरले कर लगाईन्थ्यो र त्यो करको संख्या नौहजार आना पुग्दथ्यो । तर विचारणीय प्रश्न के छ भने त्यस प्रदेशमा २ आनाका दरले घरै पिच्छे कर लगाइदैनथ्यो । वरु यो कर प्रति परिवार

दश पैसाको दरले लगाईन्थ्यो र यस्तो करलाई “मेगचन” भनिन्थ्यो । मेगचन मेगजीनको अपभ्रंश रुप हुन सक्दछ । सम्भवतः यो कर गोरखालीहरुको त्यो प्रदेशमा प्रवेशभएपछि गोली गठ्ठाको लागी युद्धका समयमा लगाइएको कर थियो । यो कर युद्धको समयमा लगाएको भएपनि वि.सं.२००७ सालसम्म कायमै रह्यो । कारण जे सुकै भएपनि उनीहरुको प्रदेशलाई “नौलाख किरात” भनिन्थ्यो । त्यसमा कुनै सन्देह छैन । हुन सक्दछ त्यहाँका वासिन्दाका विश्वास अनुसार समस्त किरात जातीको संख्या नौलाख अनुमान गरिएको होस् । यस अवस्थामा त्यस प्रदेशको नाम नौलाख किरांत सार्थक पनि हुन आउँछ ।

यसरी काठमाडौं उपत्यकामा पुस्तौं पुस्तासम्म राज गरेर बसेका किरातहरु आफैले शरणार्थीको रुपमा आश्रय दिएका लिच्छवीहरुबाट युद्धमा पराजीत भएपश्चात किरातहरु काठमाण्डौ उपत्यकाबाट पूर्वतिर लागे भन्ने कुरा प्रायसः सबै समाजशास्त्री/मानवशास्त्री विद्धानहरुको भनाईबाट स्पष्ट भएको पाईन्छ ।

किरांत जातिको वंशज र एक प्रमुख हाँगा मानिएका राईहरू सुरूमा कुनै जाति विशेष थिएनन् किन भने “राई” शब्द राजाको पर्यायवाची शब्द को र अघि यसलाई उपाधीको रूपमा प्रयोग गरिन्थ्यो, जुन जमिन्दार शब्दबाट अप्रभंश भएको हो यसको पुष्टी शेर्पा भाषाबाट हुन्छ, शेर्पा भाषामा राईहरूलाई सम्बोधन गर्दा “जिमी” भन्ने गरिन्छ -शर्मा, २०५२) । तर यस भनाईलाई आजभोलीका किरातँ सम्बन्धि लेखने लेखकहरुले खण्डन गरेका पाइन्छ ।

कसै कसैले किरांतहरू तिव्वतबाट आएका हुन भनेका छन् तापनि महाभारत कालमा समेत यिनीहरू हिमालयको दक्षिण भेगमा रहेका भनि उल्लेख गरेको पाइन्छ । साथै गौतम बुद्ध र सम्राट अशोकको पालामा पनि काठमाडौं उपत्यकामा क्रमश जितेदस्ती र स्थुंको नामका किरांती राजाहरू भएको प्रमाणिक तथ्यहरू हाम्रो सामु छ ।

कर्कंकेट्रीक तथा राइट वंशावलीहरूमा नेपालमा किरांती राजाहरूको साशनकालको समय भिन्नभिन्नै मानिएको भएता पनि यी दुवै वंशावलीलाई

केलाउँदा किरांतहरूको शासनकाल ईशाको पुगनपुग नवौ शताब्दी पूर्वदेखि कायम भई इसापछि पुगनपुग दुई वा तीन सय वर्ष र किरांती प्रथम राजा यलम्बरदेखि गस्तीसम्म जम्मा २९ पुस्ताले शासन गरेको देखिन्छ (शर्मा, २०३३) ।

इस्वी शताब्दीको प्रारम्भको छेउ वा मध्यकालमा भारतबाट मुसलमानद्वारा देखिएका सवर्ण जातिहरूको धपाइबाट किरांतहरूको शासन अरूण र तमोरको छेउछाउमा सीमित हुँदै गयो । कञ्चनजंघा र सगरमाथा जस्तो सर्वोच्च शिखर हिमालयको फाँट अद्यावधि किरांतहरूको मूल थलो हो । गोरखाली (पृथ्वीनारायण) हरूद्वारा उपत्यका विजय भइसकेपछि पश्चिमतिरबाट यस नविन शक्तिको धक्काले किरांत प्रदेशमा पनि पुऱ्यायो, परन्तु पछि चन्द्र शमशेरको प्रधानमन्त्रीत्व कालसम्म पनि स्वाभिमानी किरांतहरूको नाइके केही नाम मात्रको अधिकार किपट भूमिको साधारण आर्थिक प्रलोभनमा वसबर्ती तुल्याइए । अद्यावधि थोर बहुत ‘नगरा निशानवाला’ किरांतीहरूको प्राचीन र स्वतन्त्र सरदारहरूका स्मारक भेटिन्छन् । समानता र वीरता किरांतीहरूको प्रधान जातिय गुण हो । ब्रिटिश शासनको समयमा गोरखा रेजिमेण्टको मातहत किरांतीहरूले आफ्नो वीरताको परिचय विश्वका प्रमुख समर भूमिमा दिएका छन् । नेपालमा किरांतीहरूको प्रधान पेशा खेती हो ।

किराती जाती भित्र २ भन्दा बढी जातिहरू पनि सम्मिलित हुन सक्ने लोक कथा तथा तर्कहरू स्वदेशी तथा विदेशी समाजशास्त्रीहरूले प्रकाशमा ल्याएका छन् । सुनवार जातिको पुर्खा सम्बन्धी एउटा किम्वदन्ती अनुसार किरांत जाति पाँच भाइका वंशजहरू क्रमशः जेठोबाट सुरेल, महिलोबाट सुनवार, साहिलोबाट राई काहिलोबाट लिम्बु र कान्छोबाट हायु सन्तती वंशक्रमद्वारा आएको हो । (मेचीदेखि महाकालीसम्म, भाग-१, २०३१) ।

राई तथा लिम्बु जातिमा पाइने लोक कथा अनुसार किरांत वंशका चार भाइ र एउटी बहिनी सप्तकोशीको किनारै किनार शिकार खेल्दै जाँदा सुनकोशी, अरूण र तमोर नदीको संगम स्थल आइपुगेपछि कान्छो भाइसँगै बहिनी बस्न मन गरेकीले

ती दुवैलाई तराईमा नै छाडेर बाँकी ती भाइ आपसमा छुट्टिई एक एक वटा नदीको गडतीर रोजी अगाडि बढ्ने भाइहरू मध्ये अरूण नदीतिर लाग्ने भाइबाट राई तमोरनदीको किनार पछ्याउनेबाट लिम्बु, सुनकोशी गडतीर समाउनेबाट सुनुवार र तराईमा रहेका कान्छो भाइ र बहिनीबाट थारू जातिको विकास भएको हो । त्यस्तै अर्को एउटा संकलित दन्त्य कथामा किरांत जातिभित्र अन्य धेरै जातिहरू पनि समावेश हुन सक्ने संकेत गरिएको छ । (चेम्जोङ्ग, २०१८) ।

जौडिमान तेहृहङ चाम्लिङ्ग राई (२०६४) ले "धर्तीले नै उत्पत्ति र लिन गराउँछिन्" मा किराँतहरूको किम्बदन्ती तथा कथाको आधारमा किँरातहरूको उत्पत्ति र संस्कृतिको बारेमा उल्लेख गरेका छन् । उनका अनुसार किरातँहरुको उत्पति पारुहाङ्ग र नायमाबाट भएको हो । उनीहरुकै सृष्टिबाट नै किरातीहरुको उत्पति भई उनीहरुले सिकाएका, गरेका कार्यहरु नै आजका किरातँ राईहरुले गर्दै आएका छन् भन्ने बारे उल्लेख गरेका छन् । जुन कुराहरु आजका चामलिङ्ग राईहरुका परम्परा र संस्कारहरु सगँ मिल्दा जुल्दा छन् ।

वयानसिं चाम्लिङ्ग राईले "उत्पत्ति र परम्पराका चाम्लिङ्ग मिथकहरूमा" चाम्लिङ्ग राईहरूको उत्पत्ति र तिनीहरूको संस्कृतिको बारेमा वर्णन गरेका छन् ।

खड्ग विक्रम चाम्लिङ्ग राई (२०५९)ले "किँरात ऐतिहासिक घटनाक्रम" मा किँरातहरूको उत्पत्ति, तिनीहरूले गरेको शासन व्यवस्था र यसबाट विस्थापित भएका बारे उल्लेख गर्नु भएको छ ।

जुम्लाका राजा पुष्प मल्ल, शक स. १२५९ (इ.स. १३३६) को ताम्रपत्रमा "राई" शब्द राजाको अर्थमा आएको छ, तापनि "राई" संज्ञा धेरै पछि अर्थात् वि.सं. १८३१ को आसपासमा पृथ्वीनारायण शाहले किरांत प्रदेशलाई आधुनिक नेपालमा सम्मिलित गराएपछि व्यापक रूपमा प्रयोग हुन थालेको हुन सक्छ । त्यस्ताका उनले गाउँको जान्ने सुन्ने ब्यक्तिलाई स्थानीय प्रशासकको रूपमा 'जिमीदार' वा 'तालुकदार' नियुक्ति गरी कसैलाई 'राई' कसैलाई "सुब्बा" जस्ता मानपदवीले विभूषित गरिदिएका थिए ।

कालान्तरमा यी मान पदवीको प्रयोग सम्पूर्ण जातीय समुदायहरूले अंगाल्न पुगेको हुँदा जिम्दारहरूलाई “राई” लिम्बुहरूलाई “सुब्बा” र याखाहरूलाई “देवान” भनिएको हो (मेचीदेखि महाकालीसम्म, भाग १, २०३१) ।

काठमाडौं उपत्यकाका देखिको पूर्वी पहाडी भागलाई धेरै पहिला देखि नै वल्लो किरांत, माझ र पल्लो किरांत भनिन्थ्यो । राईहरूको प्रमुख केन्द्रको अर्को नाम “खम्बुवान” भन्ने चलन छदैछ । धेरै काल अगाडिदेखि ‘राई’ अर्थात खम्बु वंशजहरूको पितृ भूमिको रूपमा परिचित रहेको छ भने पल्लो किरात अर्थात लिम्बुवान लिम्बुहरूको जो राई अर्थात खम्बुका दाजु भाइको रूपमा मानिएका छन् उपर्युक्त विवरणले राई शब्दको सिर्जना हुनुभन्दा अगाडि वर्तमान राईहरू ‘खम्बु’ मानिने कुरालाई सिद्ध गर्दछ । यही “राई” पद जातिवाचक शब्दको रूपमा विकसित भएको हो (पूर्ववत्, २०३१) ।

राई जाति मंगोलियन प्रकारका मझौला कदका गठिलो शरीर, ठूलो टाउको, स-साना आँखा, नेप्टो नाक, ठूला कान र गालाका हाडहरू केही उठेका हुन्छन् । रातो पिरो अनुहार र चौडा छाती भएको यो जाति अन्य जाति भन्दा भिन्न देखिन्छ (पूर्ववत २०३१) ।

विष्टद्वारा (२०५०) लिखित “सबै जातको फूलवारी” (छैठो संस्करण) नामक पुस्तकमा “हामी किरांत राई” भन्ने शिर्षकमा विविध प्रकारका राईहरूको वर्णन गर्ने क्रममा चामलिङ्ग राई जातिको बारेमा पनि वर्णन गरिएको छ । उनको भनाइअनुसार राईहरूको विविध भाषा हुनको मुख्य कारण भिन्दाभिन्दै खोला पाखामा बसोबास गरेको हुनाले राई जातिहरूको भाषामा विविधता आएको उल्लेख गरिएको छ । यसैले चामलिङ्ग राईहरूको पनि आफ्नै प्रकारको भाषा र संस्कार विद्यमान रहेको छ ।

प्रपन्नाचार्य (२०५१)का अनुसार किरातहरू मंगोलियाबाट आएका होइनन् किरात यही देशका पुराना जाति हुन् भनी उल्लेख गरिएको छ ।

थुलुङ्ग (२०४२) का अनुसार पनि राईहरूलाई प्राचीन आदीवासी भनि उल्लेख गरिएको छ ।

किरांतकालिन सभ्यताको अवशेषको रूपमा पशुपति आर्यघाटको बागमतीको पश्चिमी तटमा आधा शरीर जमिनमा गाडिएर रहेका विरूपाक्षको निधारमा तीन आँखा रहेका छन् । यसको अर्थ विद्वानहरूले किरांतकालीन सभ्यताको विशेषता मानेका छन्, (बराल, २०५०)

त्यस्तै टंकबहादुर राईद्वारा लिखित "किरांत भूमि र किराती जनजीवन" (२०५३) नामक पुस्तकमा कर्क पेट्रिकको भनाईलाई उद्धृत गर्दै लेखेका छन् - काठमाडौं उपत्यका देखि पूर्वतिरका भू-भाग मोरङ्ग र यससँग जोडिएका तराईका जिल्लाहरू बाहेक पूर्ण रूपमा पहाडले भरिएको जहाँबाट थुप्रै वेगवान खोलाहरू उत्पन्न भएका वा बग्दै आएका छन्, जसमध्ये ज्यादै महत्वपूर्ण रूपमा सुनकोशी, भोटेकोशी, तामाकोशी, दुधकोशी, अरूण र टिष्टा छन् ती मध्ये पछिल्लो पुनिजोङ्ग हिमालको शाखा अथवा चौंरीगोला श्रृंखलाबाट उत्पन्न भएको र त्यसको पूर्व दक्षिण पूर्वका करीव एक यात्राका दुरीमा रहेका पहाडी क्षेत्रमा धेरै किसिमका जातिहरू वसोवास गर्दछन् जसलाई किरांत भनिन्छ जसको भाषा र स्वभाव एक अर्कासँग फरक छन् ।

उपरोक्त भनाई अनुसार पनि काठमाडौं उपत्यकादेखि पूर्व भूटान र टिष्टा सम्मका मुख्य आदिवासी वासिन्दा किरांत हुन र सुनकोशी, भोटेकोशी, तामाकोशी, दूधकोशी, अरूण र टिष्टा, किरांत भूमिको मुख्य नदी हुन् भन्ने कुरा प्रष्ट देखिन्छ त्यसकारण दूधकोशी र यस आसपासका गाउँहरू राँवा उपत्यका पनि किरांत भूमि अन्तर्गत नै पर्ने भएको हुनाले यही नदी वरीपरी अथवा त्यस ठाउँमा बसोबास गर्ने आदीवासी किरांतहरू नै अहिलेका चाम्लिङ्ग राई जाति हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

चामलिङ्ग राई जातिको उत्पत्तिको बारेमा पहिल्याउँदा (शर्मा, २०४९) का अनुसार वर्तमान भारतको कांगडा क्षेत्रबाट इसा पूर्व १२ औं शताब्दीदेखि किरांतहरूले नेपालमा प्रवेश गरेका हुन भन्ने कुरा उल्लेख गरिएको छ । शर्माकै अनुसार चाम्लिङ्ग राईहरू किरांत प्रदेशका ३ भाग अन्तर्गत माझ किरांत अर्थात लिखुदेखि अरूण नदीसम्मको बीच भाग अर्थात खोटाङ्ग जिल्लाको सावाँ, साब्सु, लिखुवा, पिलुवा, लैकु, दुधकोशी, राँवा, ताँवा, मेवा र उदयपुर जिल्लाको रसुवा,

त्रियुगा, यारी खोला छाताङ्ग र बलाङ्ग खोला वरिपरिका करिव ६०-७० वटा गा.वि.स.हरूमा चाम्लिङ्ग राईहरूको मुख्य बसोबास रहेको पाइन्छ ।

तोवा (१९९२) का अनुसार विशेष गरी नेपालको पूर्वाञ्चलको बराहा क्षेत्रबाट अरूण नदी पछ्याएर गएका जो मानिसहरू थिए तिनीहरूबाटै राईहरूको उत्पत्ति भई पहाडी भिरालो पाखामा बसोवास गर्ने एवं हाल देखिएका विविध घरका राईहरूमध्ये चाम्लिङ्ग राई पनि एक हो ।

विष्ट (२०५२),का अनुसार राईहरू थाहा भएसम्म हजारौ वर्ष अगाडि देखि यही नेपालका वासिन्दा रहेका छन् । काठमाडौं उपत्यकामा लिच्छवी शासकभन्दा पहिला किरांती राजा थिए । त्यसैले आजका नेवारमा किरांतका वंश पनि मिसिएका हुनुपर्छ भन्ने इतिहासकारहरूको तर्क छ । राईहरूको भाषा एउटै परिवार भित्रको उत्पत्तिका हिसाबले आपसमा सम्बन्धित भएता पनि एक खोलामा बाँडिएका राईहरूको थर पनि अलग अलग हुन्छ । ती मध्ये एक चाम्लिङ्ग राई जाति पनि एक हो । जो राँवा उपत्यका र दुधकोशी आसपासका गा.वि.स.हरूमा बसोवास गर्दछन् । जसको आफ्नै प्रकारको भाषा, संस्कृति र रीतिरिवाज विद्यामान छ ।

राई जातिका विभिन्न थरहरू हुन्छन् र यही थरहरू मध्ये चामलिङ्ग जाति वर्षै पहिले देखि नै दूधकोशी आसपासका गा.वि.स. र रावाँ उपत्यकाका आदिवासी जनजातीका रूपमा रहँदै आएको छ (विष्ट, १९६५) ।

त्यस्तै शर्मा (२०४५) का अनुसार इन्दंवती नदीभन्दा पूर्व, सिंगालिला पर्वत एवं मेची नदीभन्दा पश्चिमको विशाल भू-भाग किरांत जातिको मुख्य वासस्थानको रूपमा “किरांत प्रदेश” को नामले प्रख्यात हुन गयो र यस प्रदेशमा बस्ने किरांतीहरूलाई “नौ लाख किरांत” भनिन्थ्यो । यस प्रदेशको खोला-खोल्सा, भीर पाखा, थुम-थुम्का, वन जंगलले अलग-अलग पारिएका विभिन्न डाँडा, लेक, बेसिहरूमा छरिएर रहेका किरांती जाति भित्र मुख्यतया खम्बु राई, जीमी राई, र लिम्बु भनिने ३ हाँगा फाटिएका छन् । यी प्रत्येक हाँगामा अनेकौ थर र उपथर ( पाछा) हरू पैदा भएका छन् । त्यसकारण राईहरूमा दश भाइ, दश थर, दश भाषा र

एक चुला भन्ने उखान प्रचलित छ, यस उक्ति अनुसार राईका दश थरभित्र पर्ने एक थर चाम्लिङ्ग राई पनि एक हो । यस भित्र पैदा भएका उपथर (पाछा) हरू पनि थुप्रै हुन्छन् ।

राई जातिको विभिन्न प्रकारका थर, उपथर (पाछा) हरू रहेका हुन्छन् । ती थरहरू मध्ये चामलिङ्ग पनि एक हो, जसको आफ्नै भाषा, संस्कृति र रीतिरिवाज रहेको छ (गौतम र मगर, १९९४) ।

यस जातिको उत्पत्तिको बारेमा पहिल्याउँदा, शर्मा (२०४९) का अनुसार राई जातिमा पाइने एउटा लोक कथा अनुसार दक्षिणबाट सप्तकोशीको किनारै किनार शिकार खेल्दै अरूण नदीको किनार पछ्याएर आउने भाइका (चार भाइ र एक बहिनी मध्ये) एक भाइ जो खोटाङ्ग जिल्लाको मध्य तथा दक्षिण भेगका, दोर्पा लामाखु, रतन्छा, दिक्तेल, नेर्पा, सेखुवा, मातिन, बुंइपा, डाडाँगाउँ, खिदिना, मखमाले, किवा, गोगने, सेम्मा, टेम्मा, खिरौले, बाँसथला, सितापोखरी, चुईचम्मा, ओखरे, याङ्गसोला, छोरम्बु, दीप्रुङ्ग, चिप्रुङ्ग, सिमपानी, चिसापानी, दियाले, हरलुङ्गछा, फाक्टाङ्ग, वराहा पोखरी र उदयपुर जिल्लाको जाँते, आँपटार, ताम्लिछा, बलम्टा गा.वि.स. हरूमा आजभोलि बसोबास गरी चामलिङ्ग भाषा बोल्ने किराँतीहरू नै चामलिङ्ग राईहरू हुन् जो किरांत शासनको पतनपछि काठमाडौं उपत्यकाबाट गएर तराई हुँदै सप्तकोशी नदी पुगेपछि अरूण नदी हुँदै ट्याम्के डाँडा पुगी त्यहीबाट छरिएर माथि उल्लेखित ठाउँहरूमा पुगी ती ठाउँहरूमा बसोबास गर्न पुगेका हुन् ।

यसप्रकार चामलिङ्ग राई जातिका बारेमा विभिन्न समाजशास्त्री/ मानवशास्त्रीहरू अन्य विद्वानहरू र यस जातीका बारेमा भए/पाइएका लोक किम्बदन्तीहरूलाई यस सोधको क्रममा पूर्व अध्ययनको समिक्षाको रूपमा लिई तयार पारिएको छ । यसले चामलिङ्ग राई जातीको विविध पक्षमा प्रकाश पार्दै समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययनमा केही योगदान दिने छ भन्ने आशा राखिएको छ ।

# तेश्रो अध्याय

# अनुसन्धान विधिहरू

**(RESEARCH METHODS)**

## ३. अध्ययन विधि :

### ३.१ अनुसन्धान प्रारूप

यो अध्ययन मूलतः वर्णनात्मक र अन्वेषणात्मकमा आधारित छ । यस अध्ययनबाट चामलिङ्ग जातिको सामाजिक, सांस्कृतिक अवस्थाको अध्ययन, वर्णन र व्याख्या गरिएको छ । अनि यसका सबै सामाजिक तथा सांस्कृतिक अवस्थाको बारेमा खोज पश्चात् पाइएको परिवर्तनमा कारकहरूलाई समेत प्रस्तुत गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्रको छनौट (The selection of the study area)

पूर्वी नेपालको सगरमाथा अञ्चलको ६ वटा जिल्लाहरू अन्तर्गत पर्ने पहाडी जिल्ला खोटाङ्गको ७६ वटा गा.वि.स. हरू मध्ये पर्ने एक दोर्पा चिउरी डाँडा गा.वि.स. हो । जसमा बसोबास गर्ने चामलिङ्ग राईहरू त्यहाँका आदिवासी जनजातिहरू हुन् । त्यही क्षेत्रमा वसोवास गर्ने चामलिङ्ग राईहरू मध्येकै शोधकर्ता पनि परेका हुनाले यस क्षेत्रमा बसोवास गर्ने चामलिङ्ग राईहरूको विविध पक्षसँग परिचित भएका हुनाले अध्ययन अनुसन्धान गर्दा सजिलो हुन जाने भएकाले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको हो । चामलिङ्ग राईहरू यस क्षेत्रका आदिवासी भएको हुनाले यिनीहरूको आफ्नै मौलिक संस्कृति र परम्परा वारे अध्ययन अनुसन्धान गर्न सजिलो हुने भएकोले यस अध्ययनको उद्देश्यका लागि यस चिउरीडाँडा गा.वि.स. वडा नं. १ लाई विशेष अध्ययनको क्षेत्रको रूपमा लिइएको छ । यसै क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा लिनका कारण निम्न प्रकार छन् :-

(१) यस गा.वि.स.मा बसोवास गर्ने चामलिङ्ग राई जातिको वारेमा समाज-शास्त्री रुपमा यसभन्दा अगाडी कसैले पनि अध्ययन गरेको नपाइकाले ।

(२) यस ठाउँका चामलिङ्ग राईहरूको सामाजिक तथा सांस्कृतिक अवस्थाका बारेमा जान्ने चाहना भएकोले ।

## ३.३ **अनुसन्धानको संरचना** (Research Design)

यो शोधकार्य जनजातीय रूपरेखाको मापदण्डमा आधारित भई अन्वेषणात्मक तथा वर्णात्मक विविध प्रयोग गरी तथ्याङ्क संकलन गरी अध्ययन गरिनेछ । यी विधिहरूको माध्यमबाट दोर्पा चिउरीडाँडा गा.वि.स.का चामलिङ्ग राईहरूको विविध पक्षलाई स्थलगत अध्ययन गरिनेछ । साथै यी जातिहरूको ऐतिहासिक पृष्ठभूमिका वारेमा विस्तृत वर्णन गर्ने प्रयास गरिनेछ । तसर्थ अन्वेषणात्मक र वर्णात्मक संरचनालाई अवलम्बन गरी यस अनुसन्धानलाई अगाडी बढाइएको छ ।

## ३.४ **तथ्याङ्क संकलन प्रकृति एवं श्रोतहरू** (Nature and Sources of Data)

तथ्याङ्क संकलन प्रकृति एवं श्रोतहरू नै कुनै पनि विषयको अध्ययनलाई सफल बनाई त्यसको परिणाम असल दिलाउने हो । तथ्याङ्कहरू प्रकृति अनुसार गुणात्मक र संख्यात्मक दुवै प्रकारका हुन सक्दछन् । धार्मिक, सांस्कृतिक, रितिरिवाजसँग सम्बन्धित तथ्याङ्कहरू गुणात्मक अन्तर्गत पर्न सक्दछन् भने जनसंख्या, आम्दानी र जग्गाको क्षेत्रफल संख्यात्मक तथ्याङ्कहरू पर्दछन् । यस शोध कार्यको अध्ययनको सिलसिलामा प्रथम तथा द्वितीय दुवै प्रकारका तथ्याङ्कहरूको साथै गुणात्मक र संख्यात्मक प्रकृतिका तथ्याङ्कहरू पनि प्रयोग गरिएको छ ।

प्राथमिक श्रोत अन्तर्गत तथ्यहरू निरीक्षण, अवलोकन, अन्तरवार्ता, प्रश्नावली विधिबाट तथ्यहरू संकलन गरिएको छ भने द्वितीय श्रोत अन्तर्गत चामलिङ्ग राई जातिसँग सम्बन्धित पुस्तक, पत्र-पत्रिका, अभिलेख, गा.वि.स.,

जि.वि.स., स्थानीय विकास मन्त्रालय, साथै समाजशास्त्र तथा मानवशास्त्रका विद्वानबाट तयार गरिएका सम्बन्धित पुस्तक शोधपत्र इत्यादिको सहायता लिइनेछ । जसले गर्दा चाम्लिङ्ग राई जातिको उत्पत्ति, विकास, धर्म, संस्कृति, भेषभूषा, रहन सहन आदिको अध्ययन गरी प्राथमिक श्रोतबाट लिएका तथ्याङ्कहरूसँग तुलना गर्न सजिलो भएको छ ।

## ३.५ **समग्र र नमूना छनौट** (Universe and Sample)

यस शोध अध्ययनका लागि दोर्पा चिउरीडाँडा गा.वि.स. को वडा नं. १ मा जम्मा जनसंख्या ७६६ रहेको छ । जसमध्ये ७२१ राई, १२ बाहुन, २४ कामी र ९ दमाई छन् भने घर संख्या जम्मा १५१ रहेको छ । जसमध्ये १४३ घर राईहरुको, २ घर बाहुन, ४ घर कामी र २ घर दमाईको रहेको छ जसमा बसोवास गर्ने चाम्लिङ्ग राईहरूको घर परिवारलाई क्रमवद्ध मिलाएर तालिका बनाई २० घरलाई नमूना छनौट गरी तथ्याङ्क संकलन गरी अध्ययन गरिएको छ ।

## ३.६ **तथ्याङ्क संकलनका प्रविधिहरू** (Data Collection Techniques)

अनुसन्धानलाई सत्यताको नजिक लैजानको लागि तथ्याङ्कको अति जरूरत पर्दछ । विना तथ्याङ्कको अनुसन्धान असम्भव छ । अध्ययन अनुसन्धानको असल परिणाम निकाल्नमा अनुसन्धानमा अपनाइएको तथ्याङ्क संकलन विधिहरूको विवरण अनुसार परिणाम आउने हुन्छ । अध्ययन अनुसन्धान, तथ्याङ्क संकलन विधिहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यस शोध-पत्रमा पनि समाजशास्त्रीय तथा मानव शास्त्रीय अध्ययनमा प्रयोग गरिने तथ्याङ्क संकलनका विभिन्न पद्धतिहरूलाई अपनाइएको छ । विशेष गरी यस अध्ययनमा स्थलगत सर्वेक्षण गर्दा निम्न विधिहरू प्रयोग गरिएको छ :

(१) अवलोकन (Observation)

समाजशास्त्र तथा मानवशास्त्रमा अवलोकन विधीलाई अति महत्वपूर्ण र आवश्यक विधीको रुपमा लिएको पाइन्छ । त्यसैले यस शोध अध्ययनमा पनि यस

विधीको प्रयोग गरिएको छ । यस विधीको प्रयोग सहभागी भई नै गरिने हुँदा अध्ययनको क्रममा चामलिङ्ग राईहरुको बसोबासको स्थिति, खानपान, भेषभुषा तथा गरगहणा र घरको बनावट तथा टोलको अवलोकन गरिएको छ। साथै यस शोाध अध्ययनको शीलशीलामा यस जातीको बच्चाको न्वारन गर्ने चलन पनि अवलोकन गरिएको छ । यी प्रत्यक्ष स्रोत अध्ययको क्रममा अवलोकन गरिएको तथ्याङ्क हुन् भने अन्य तथ्याङ्कहरुमा आफुले देखेको, जानेको र सुनेको कुराहरुलाई पनि तथ्याङ्कको रुपमा समावेश गरिएको छ ।

(२) अन्तरवार्ता (Interview)

तथ्याङ्क संकलन विधीहरु मध्येको अन्तरवार्ता विधी पनि एक प्रमुख विधी हो । यस शोध अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नका लागि चामलिङ्ग समुदाय वा समाजका बुढापाकाहरु सँग सम्बन्धित क्षेत्रमा गएर सहभागी भई सर्म्पक गरी शोध कार्यका लागि चाहिने आवश्यक तथ्याङ्क एवं सुचनाहरु संकलन गरिएको छ।

(३) जानकारी दाता (Key informants)

चामलिङ्ग राईहरुको उत्पति, परम्परा, धर्म संस्कृति, देवदेवताका बारेमा जानकारी राख्ने (चामलिङ्ग बुढापाकाहरु तथा नछौं) व्यक्तिहरुलाई जानकारीदातका रुपमा यस शोधकार्यका लागि लिई यिनीहरुबाट यी माथि उल्लेखित कुराहरुको बारेमा प्रत्क्षेय सर्म्पक गरी जानकारी लिने काम गरिएको छ।

## ३.७ <u>तथ्याङ्कको प्रमाणिकता र विश्वसनीयता</u> (Reliability and Validity of Data)

शोध कार्यमा प्रयोग गरिने सिद्धान्त तथा प्रविधिहरू समाज शास्त्रीय तथा मानव शास्त्रीय सिद्धान्त अन्तर्गत रही गरिएको छ । जसले गर्दा तथ्याङ्कहरू विश्वसनीय र प्रमाणित हुन सक्दछ । अध्ययन गर्दा बढी प्राथमिक श्रोत मै आधारित रहेर गरिएको छ । जसले गर्दा शोध कार्यलाई बढी प्रभावकारी र विश्वसनीय बनाउँदछ । साथै अध्ययनकर्ता स्वयम् स्थलगत अध्ययन गर्ने हुँदा पूर्वाग्रह रहित र प्रमाणिक मानी सोधपत्रमा समावेश गरिएको छ।

## ३.८ **तथ्याङ्कको विश्लेषण प्रकृया** (Process of Data Analysis)

शोधकर्तालाई बढी विश्वासनीय तथा भरपर्दो बनाउनको लागि अध्ययन गर्ने सिलसिलामा संकलन गरिएका तथ्याङ्कहरूलाई वर्णात्मक विश्लेषण गर्दै पुनरावृत्ति अनुपात, प्रतिशतलाई सरल सरलीकरणका साधनका रूपमा प्रयोग गरिनेछ । संकलित आंकडा र सूचनाहरूलाई तालिकावद्ध गरी तथ्याङ्कहरूलाई गुणात्मक र विवरणात्मक जनजातीय अध्ययनको रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

## ३.९**अध्ययनको सिमा** (Limitations of the Study)

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै सिमाहरू हुन्छ । विना सिमाको अध्ययन अनुसन्धान अव्यवस्थित र उद्देश्यविहिन हुन्छ । त्यसैले अध्ययन अनुसन्धानलाई निश्चित सिमाभित्र राखेर सोही सिमाभित्र रहेर अध्ययन सिमितता दिई अनुसन्धान गर्नुपर्दछ । अनुसन्धान कार्य भनेकै कुनै पनि निश्चित अवधिमा, निश्चित ठाउँमा, निश्चित उद्देश्य प्राप्त गर्ने गरी गरिने कार्य भएको हुनाले यसबाट प्राप्त परिणाम र व्याख्या पनि त्यही अवस्थामा सामान्यीकरण हुन सक्दछ । त्यसैले गर्दा अध्ययन पद्धति अनुरूप बनाइएको योजना जस्तो प्रकारको हुन्छ परिणाम पनि सोही अनुरूप हुने हुन्छ । त्यसले गर्दा यस अध्ययन, अनुसन्धान कार्यको पनि निश्चित सीमाभित्र मात्र यसको परिणाम र निस्कर्षहरू मान्य हुनेछन् । त्यसकारण यस अध्ययन अनुसन्धानका लागि पनि आफ्नै निम्न सिमाहरू राखिएका छन् ।

१) सोधकर्ता विद्यार्थी भएका कारणले यस अध्ययन अनुसन्धानका लाीग छानिएको क्षेत्र सिमित एक वडा मात्र भएकाले यो सिमित क्षेत्रबाट अध्ययन अनुसन्धान गरी आएको निष्कर्षहरू अन्य क्षेत्रका चाम्लिङ्ग राईहरूसँग र अन्य परिवेशसँग मेल नखान सक्दछ । किनकि समयको परिवर्तन र चाम्लिङ्ग राईहरूको स्थानान्तरणबाट यी जातिहरूको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाहरू समयको

अन्तकालसंगै परिवर्तित र रूपान्तरण हुने हुनाले यस अध्ययन अनुरूप लागू नहुन सक्दछ ।

२) यो अध्ययन छोटो समयावधिमा गरिने हुनाले प्राप्त गर्नु पर्ने सबै तथ्याङ्कहरू प्राप्त गर्न समयको अपर्याप्तताले गर्दा तथ्याङ्कहरू अपुरो हुन सक्दछ ।

३) वडा नं. १ मा भएका सबै घरधुरीलाई नलिई घरधुरी १५१ मध्ये २० घर धुरीलाई मात्र साक्षात्कार अनुसूची जानकार व्यक्तिको माध्यमबाट अध्ययन अनुसन्धान गरी सम्पूर्णको निचोड निकाली त्यसैलाई पूर्ण सत्य मानिनेछ ।

## ४. **जनशक्ति** (**H**uman Resource and Budget)

प्रस्तावित अनुसन्धान विश्व विद्यालयको समाजशास्त्र तथा मानवशास्त्र अन्तर्गत समाज शास्त्र विषय अन्तर्गत स्नातकोतरको उपाधीको आंशिक आवश्यकता परिपूर्तिको लागि गरिने हुनाले यस अनुसन्धानमा अनुसन्धानकर्ता स्वयम् यस अनुसन्धानको जनशक्ति हो । यसमा अन्य जनशक्तिको कुनै प्रयोग गरिने छैन । प्रस्तावित अनुसन्धानमा लाग्ने खर्च स्वयं अनुसन्धानकर्ता एक्लैले व्यहोरेको छ । त्यसैको यसको कुनै पनि इष्टमेट गरिएको छैन ।

## ५. **समय तालिका** (Time Schedule)

प्रस्तावित अनुसन्धान विश्व विद्यालयको समाजशास्त्र तथा मानवशास्त्र अन्तर्गत समाजशास्त्र विषय अन्तर्गत स्नातकोत्तरको उपाधीको आंशिक आवश्यकता परिपूर्तिको निम्ति अनुसन्धान गरिने हुँदा यसको कुनै पनि समय तालिका बनाइएको छैन ।

# चौथौं अध्याय

# अध्ययन क्षेत्रको परिचय

**(Introduction of Study Area)**

## ४.१ खोटाङ्ग जिल्लाको परिचय (Introduction of Khotang District)

यस शोधपत्रको अध्ययन गर्नको लागि छनौट गरिएको क्षेत्र नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत सगरमाथा अञ्चलको ५ वटा जिल्लाहरू मध्येको पहाडी तीन जिल्ला मध्ये पर्ने एउटा जिल्ला हो । माझ किरातको रूपमा परिचित यस खोटाङ्ग जिल्ला यातायातको दृष्टिले ज्यादै दुर्गम र पूर्वाधार विकासको दृष्टिले पनि पछि परेको जिल्ला हो । खोटे राजाद्वारा शासित यस क्षेत्रलाई पहिले खोटाङ्गकोट भनिन्थ्यो । कालान्तरमा खोटाङ्गकोट शब्दको कोट शब्द लोप भई खोटाङ्ग मात्र बाँकी रहन गयो जुन शब्दबाट यस जिल्लाको नाम रहन गएको भनाई पाइन्छ । सगरमाथा अञ्चलको पूर्वमा कोशी, पश्चिममा जनकपूर अञ्चल पर्दछ भने उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा भारत पर्दछ ।

यस जिल्लाको पूर्वमा भोजपुर जिल्ला, पश्चिममा ओखलढुंगा, दक्षिणमा उदयपुर र उत्तरमा सोलुखुम्बू जिल्ला पर्दछ । यस जिल्लालाई चारैतिरबाट अन्य जिल्लाहरूले घेरेको पाइन्छ । भौगोलिक स्थिति अनुसार खोटाङ्ग जिल्ला २६°५०' उत्तरी आक्षांशदेखि २७°२८' उत्तरसम्म फैलिएको छ तथा ८६°२६' पूर्व देशान्तरदेखि ८६°५९' पूर्वसम्म फैलिएको छ । यस जिल्लाको कूल क्षेत्रफल १५९१ वर्ग कि.मि. छ वा १,५४,०२०.२० हेक्टर रहेको छ । यहाँको हावापानी शितोष्ण तथा ठण्डा रहेको पाइन्छ । जिल्लाको औषत तापक्रम न्यूनतम ५° से. देखि अधिकत्तम ३०° से. सम्म रहेको पाइन्छ । त्यहाँको औषत वर्षा १४८ मि.लि. हुने गरेको छ (खोटाङ्ग जिल्ला पार्श्वचित्र २०६३) ।

यस जिल्लालाई राणा शासनकालमा मझुवा थुम, आमचोक थुम, खोटाङ्ग थुम, छुलुवार थुम, सावा थुम, दिप्लुङ्ग थुम, चुईचुम्मा थुम र रतन्छा थुम गरी ८ वटा थुमहरूमा विभाजन गरिएको थियो भने २००७ सालको प्रजातन्त्रको उदयपश्चात २०१३ सालमा खोटाङ्गमा त्रिभुवन ग्राम विकासको स्थापना गरिएपछि मझुवा थुम, खाम्तेल थुम, हलेशी थुम र रावा थुमका जनताको विकासको प्रशासन पनि खोटाङ्गबाटै हेरिन थालियो । २०१७ सालको पञ्चायत व्यवस्थासँगै २०१९ साल जिल्लाको विभाजन हुँदा खोटाङ्ग थुमलाई खोटाङ्ग जिल्ला नामाकरण गरी यसको सदरमुकाम दिक्तेल तोकियो र २०२० सालमा सदरमुकाम खोटाङ्ग वजारबाट दिक्तेल सारियो ।

यस जिल्लालाई ७६ वटा गा.वि.स. हरू विभाजन गरिएको पाइन्छ । जस मध्ये दिक्तेल गा.वि.स. जहाँ सदरमुकाम अवस्थित छ । जसलाई नगर विकासउन्मुख गा.वि.स. घोषित गरिएको छ । २०४८ को निर्वाचनमा यस जिल्लालाई ३ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो भने २०५२ सालको मध्यावधि निर्वाचनपछि २ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । यस जिल्लाको सबैभन्दा ठूलो गा.वि.स. फेदी गा.वि.स. हो भने सबै भन्दा सानो गा.वि.स. वास्पानी हो । सबैभन्दा बढी जनसंख्या भएको गा.वि.स. दिक्तेल हो भने सबैभन्दा कम जनसंख्या भएको गा.वि.स. दिप्सुङ्ग हो । यस जिल्लाको कूल जनसंख्या २,३१,३८५ रहेको छ । जसमध्ये पुरूष १,१२,८२१ (४८.७६५) र महिला १,१८,५६४ ( ५१.२४५) रहेको छ । यस जिल्लाको जनघनत्व औषत प्रति परिवार ५.४ जना र जनघनत्व १४५ जना प्रति वर्ग कि.मि. रहेको छ । जनसंख्या वृद्धिदर २०५८ को जनगणनानुसार वार्षिक दर ०.६९५ रहेको छ ।

यस जिल्लामा ३ वटा हवाई मैदान छन् । जसमध्ये लामी डाँडा र थामखर्क चालु अवस्थामा छन् भने खानी डाँडा विमान स्थल भने परीक्षण उडान गरी सकी नियमित उडान कार्य गर्न लागिरहेको छ । जिल्ला सदर मुकाम जोड्दै जिल्लाका विभिन्न गा.वि.स. हरू हुँदै छिमेकी जिल्ला समेत जोड्ने गरी निर्माण

हुन सक्ने सम्भावित सडकहरू प्रस्तावित रहेको पाइन्छ भने हाल जयराम घाटदेखि दिक्तेलसम्म जम्मा ८२.४८ कि.मी. सडक निर्माणधिन अवस्थामा छ भने दिक्तेल हलेशी लामीडाँडासम्म सामान्य सवारी साधनहरू ट्रक, जीप सञ्चालन भइरहेको छ ।

यस जिल्लाको मुख्य उत्पादनहरूमा धान, मकै, कोदो, आलु, गहुँ मुख्य खाद्य उत्पादनहरू हुन् भने अन्य खाद्य उत्पादन तथा फलहरूमा सुन्तला, स्याउ, बदाम, सूर्ति, लिची, केरा, आँप, अदुवा, अलैची आदि पर्दछन् भने अन्य अखाद्य वनस्पतिहरू वाँस निगालो, लोक्ता, अर्गेली अल्लो, वेल, हात्तीवार, केतुकी, पाखन वेतहरू हुन् । धार्मिक स्थलमा, हलेशी, वाराहा पोखरी, काली देवी मन्दिर, महादेव गुफा, ट्याप्के, साकेला मन्दिर, बतासे तथा थुप्रै प्रसिद्ध मन्दिर तथा गुम्बाहरू छन् । त्यस्तै प्रमुख नदीहरूमा दूधकोशी, सुनकोशी जस्ता हिम नदीहरू रावा, सावा, सास्सु जस्ता प्रसिद्धी नदीहरूका साथै अन्य थुप्रै साना नदीहरू छन् । त्यस्तै विभिन्न प्रकारका वास, जडीवुटी, सुनाखरी, गुँरास, विभिन्न प्रकारका चराचुरूङ्गीहरू पाइन्छ ।

यस जिल्लाको खेती योग्य जमिन ६४,८४२.४० हेक्टर, सार्वजनिक गौचर ८७८.८३ हेक्टर, वन ८६,६२३.०६ हेक्टर र अन्य १६७६.०० हेक्टर रहेको पाइन्छ । यस जिल्लाको भू-धरातलीय आधारमा वेशी क्षेत्रदेखि लिएर लेकाली भू-भागसम्म फैलिएको हुनाले माटोको भौतिक अवस्थाको आधार पनि नदी छेउछाउ एवं वेशी क्षेत्रमा खासगरी वलौटे दुमट र पाँगो माटो रहेको छ भने लेकाली भागमा पातलो माटोको तह रहेकोले कालो दुमट एवं पाँगो माटो रहेको छ । वेशीदेखि लेकसम्म ठाउँ ठाउँमा कमेरो माटो रहेको छ । यसैले धेरैजसो माटोमा सिलिकको मात्र बढी भएको पाइन्छ । खोटाङ्ग -जिल्ला पार्श्वचित्र २०६३)

यस जिल्लाको प्रायजसो सबैतिर सबै जात जातिहरू मिसिएर बसेको हुनाले यस जिल्लालाई वहुलवादी जिल्लाको रूपमा लिइए तापनि किरातहरूको माझ

किरातको रूपमा यस जिल्लालाई लिएको पाइन्छ । किनकी ऐतिहासिक कालदेखि माझ किरातको रूपमा यो जिल्ला प्रसिद्ध छ । त्यसैले होला यो जिल्ला नेपालकै सबभन्दा बढी किरात राईहरूको वाहुल्यता रहेको जिल्ला हो । यस जिल्लामा ३८.७४५ राईहरूको बसोवास रहेको छ । कूल जनसंख्या २,३१,३८५ मध्ये ८९,६३३ जनसंख्या किरात राईहरूको रहेको पाइन्छ । खोटाङ्ग -जिल्ला पार्श्वचित्र २०६३)

## ४.२ दोर्पा चिउरी डाडा गा.वि.स. को परिचय (Introduction of Dorpa Chiuri Danda VDC)

खोटाङ्ग जिल्ला अन्तर्गत १ नगरउन्मुख गा.वि.स. गरी जम्मा ७६ वटा गा.वि.स.हरू रहेका छन् । ती ७६ वटा गा.वि.स.हरू मध्येको एक गा.वि.स. दोर्पा चिउरी डाँडा हो । यसै गा.वि.स. लाई अध्ययन क्षेत्रको रूपमा छानिएको छ । खोटाङ्ग जिल्लाको सदरमुकाम दिक्तेलबाट ३ कोष टाढा पूर्व तर्फ र उदयपुरको वेल्टार वजारबाट २८ कोष उत्तरमा रहेको छ । यस गा.वि.स. को पूर्वमा निर्मली डाँडा गा.वि.स. र च्यान डाँडा गा.वि.स., पश्चिममा नेर्पा र नगरोन्मुख गा.वि.स.दिक्तेल र लफयाङ्ग गा.वि.स., उत्तरमा पाथेका र दक्षिणमा रतन्छा गा.वि.स.र मातिम गा.वि.स. पर्दछ । यो गा.वि.स. २७° ५०' देखि २७° १५' उत्तरी अक्षांस र ८६° ५०' पूर्व देशान्तरमा पर्दछ । यस गा.वि.स. को क्षेत्रफल २८७२७१ वर्ग मिटर छ र समुन्द्र सतहबाट ६५० मी. सम्मको उचाईमा अवस्थित छ र वि.सं. २०५८ को जनगणनाअनुसार यहाँको जनसंख्या ७६०३ रहेको छ । जसमा पुरूषको संख्या ४०६८(५३.५०) प्रतिशत र महिला ३५३५ (४६.५०) प्रतिशत रहेको छ भने घर धुरी जम्मा १३३० रहेको छ (गा.वि.स. पार्श्वचित्र, २०५८) ।

यस गा.वि.स. मा बस्ने मानिसहरूको मुख्य पेशा कृषि हो । यहाँका मुख्य बालीहरूमा धान, मकै, कोदो, गहुँ, आलु आदि हुन् । फलफुलमा सुन्तला, आँप, नासपाती, लिचि, मेहेल आदि हुन् । पशुपालनतर्फ गाई, भैसी, बाख्रा, भेडा, कुखुरा,

बंगुर, माहुरी आदि पर्दछन् । यस गा.वि.स.मा उन्नत जातका भन्दा स्थानीय जातका पशुपक्षी नै बढी पालेको पाइन्छ ।

यस गा.वि.स. मा स्थानीय स्तरमा पंञ्चमीका दिन प्रत्येक १५/१५ दिनमा बजार लाग्छ भने ठूलो एकादशीका दिन प्रत्येक वर्षमा एक दिन हरेलो बजार लाग्दछ । यस  गा.वि.स. का बागलडेढुंगा, पहरे छागा, सुर्के चौतारा, जोखे डाँडा, चैत्र डाँडा, लहरे माने, रमिते डाँडा र भुतलुङ छाँगा चर्चित ठाउँहरू हुन् । यस गा.वि.स.मा  गा.वि.स.को तथ्याङ्क अनुसार २१ वटा खुद्रा किराना पसलहरू रहेको पाइन्छ भने ढाका टोपी  उद्योग १ खाडी कपडा राडी पाखी, छालाका जुत्ता  र फलामका  औजारहरू बनाउने काम पनि सामान्यत गरेको पाइन्छ । आजभोली विदेशी नोकरी गर्न खाडी मुलुकहरूमा प्रायः सबै घरका गएका र गई फर्कि आएका पाइन्छन् । दक्षिण कोरिया, मलेसिया, हङकङ, युरोपका देशहरूतिर गएको पाइन्छ ।

यस गा.वि.स. मा १ वटा उच्च मा.वि. सञ्चालनमा रहेको छ भने २ वटा मा.वि., ३ वटा नि.मा.वि. र ८ वटा प्रा.वि. विद्यालयहरू रहेको पाइयो । हालसम्म एस.एल.सी. उत्तीर्ण गर्नेको संख्या २०५८ सालको तथ्याङ्क अनुसार २३८, प्रमाणपत्र तह ८८, स्नातक ३३, स्नातकोत्तर तह १ रहेको थियो भने हाल यी सवैको संख्या वृद्धि भएर आएको पाइन्छ । यसको एकिन हुन सकेको छैन । उपस्वास्थ्य चौकी १ वटा, प्रहरी चौकी १, हुलाक १, संस्था ६, धान मिल ४, राईस मिल १, खानेपानी आयोजना, सञ्चार क्षेत्र दूर सञ्चारको मोवाइल सेवा, सि.डी.एम.ए., एस.टी.एम., टेलिफोन सुविधाहरू सञ्चालनमा रहेको छ भने १, २, ५, ७, ९, ८, ४, ६ विद्युत लाइन जडान भई सञ्चालन गर्न लगिएको छ ।

यस गा.वि.स. पर्यटकहरूको स्थलको रूपमा वागलडे ढुंगादेखि लिएर लहरे मानेसम्मका ठाउँहरू पर्यटकीय दृष्टिले महत्वपूर्ण छ । जसमा वेशीको न्यानो घामदेखि लेकको चिसो सिरेटोसम्म अनुभव गर्न पाइन्छ ।यस गा.वि.स. मा ६ वटा झोलुङ्गेपुल र दिक्तेल, भोजपुरसम्म जोड्ने बाटो निर्माण भएको छ भने दिक्तेलदेखि यस गा.वि.स. हुँदै चखेवासम्म गाडी पनि सञ्चालन गरिएको छ ।

### ४.२.१ भौगोलिक अवस्था र जलवायु :

दोर्पा चिउरी डाँडा गा.वि.स.२,८७२.७१ वर्ग मिटर छ भने समुन्द्र सतहबाट ६५० मि. देखि २७२० मिटरसम्मको उचाईमा रहेको छ यहाँको हावापानी समतिष्णदेखि ठण्डा शीतोष्णसम्म रहेको छ । यहाँको औसत तापक्रम २४०$^{0}$ देखि ६०$^{0}$ सिलसियससम्म रहेको पाइन्छ (गा.वि.स. पार्श्वचित्र, २०५८) ।

यस गा.वि.स. को भू-बनोट गह्रा-गह्रा हुँदै लेकतिर उँचो हुँदै गएको छ । यस गा.वि.स. लाई दुई नदी मेवा र साप्सुले घेरेको छ । पूर्वतर्फ साप्सु छ भने पश्चिमतर्फ मेवा छ । सेरा, मार्से, सोप्लु, रेवा यस गा.वि.स.को मुख्य खाद्यान्न उत्पादन गर्ने खेतको भण्डार हो ।

### ४.२.२ सामाजिक अवस्था (Social Condition)

प्राकृतिक सौन्दर्यले जति धनी छ हाम्रो देश नेपाल त्यति नै रूपमा सामाजिक एवं सास्कृतिक रूपले पनि धनी छ । प्राकृतिक एवं सामाजिक सांस्कृतिक रूपले विविधता नेपाल गाउँ नै गाउँले भरिएको छ । यहाँको ८६.३० प्रतिशत जनता गाउँमा बसोवास गर्दछन् (के.त.वि,. २०५८) । यिनै गाउँहरू मध्येको एक गाउँ हो दोर्पा चिउरी डाँडा गा.वि.स. । नेपालको अन्य गा.वि.स. हरू झै यस गा.वि.स. पनि वहुल जाति, भाषा, संस्कृति र धर्मको संगम स्थल बनेको छ । यहाँ राई, व्राम्हण, क्षेत्री, गुरूङ्ग, नेवार, सार्की, दमाई, कामी, तामाङ्ग, शेर्पा बस्दछन् । यहाँ बसोवास गर्नेहरूमा जातिगत रूपमा क्षेत्रीहरूको बाुहल्यता छ भने क्रमशः राई, कामी, व्राम्हण, नेवार, दमाई, भुजेल, सार्की, गुरूङ्ग, तामाङ्ग, शेर्पा आदि पर्दछन् । यी जातिहरूले आफ्नो जातीय परम्परा अनुसार हिन्दू, वौद्ध, किराँत आदि जस्ता धर्महरू मान्दछन् । नेपाली, राई, गुरूङ्ग, तामाङ्ग, नेवार, शेर्पा आदि मुख्य रूपमा यहाँ बोलिने भाषा हुन् । यहाँ सबैभन्दा बढी हिन्दू धर्मावलम्वीहरू र नेपाली भाषा बोल्नेहरूको संख्या बढी छ । यहाँका प्रायः सबै जातिले नेपाली भाषा प्रष्टसँग बोल्न जानेका छन् । यहाँ अनेक भाषा धर्म, संस्कृति अंगाल्ने मानिसहरूको बसोवास भएतापनि धार्मिक सहिष्णुता, एकताको भावना रहेको पाइन्छ ।

यहाँ विविध प्रकारका जात जातिहरू भएकाले उनीहरूको संस्कार, रहन-सहन, परम्परा, मूल्य मान्यताहरू पनि फरक फरक प्रकारका छन् । यहाँका मानिसहरूले आ-आफ्नो जातीय परम्परा अनुसारको चाडपर्व सँगसँगै दशै, तिहार, फागु पूर्णिमा, तिज, माघे संक्रान्ति आदि पनि मनाउँदछन् ।

### ४.२.३ आर्थिक अवस्था (Economic Condition)

यस गा.वि.स. का करीव ९१.२६ प्रतिशत मानिसहरू कृषिमा नै संलग्न छन् । कृषिपछि यहाँका मानिसहरू पशुपालन तथा खुद्रा व्यापार, स्वदेर्शा तथा विदेशी नोकरी आदिमा लागेका छन् । यस्तै प्रकारले दैनिक ज्याला मजदूरी गरेर जीवन चलाउनेहरू पनि छन् । गा.वि.स. को श्रोत अनुसार २१ खुद्रा व्यापारी छन. । प्रायः सबै घरका जवान लोग्ने मानिसहरू वैदेशिक रोजगारीमा गएको पाइन्छ । धेरै कमले खाद्यान्न बेच्दछन् भने बढीलाई वर्षभरी खान नै पुग्दैन ।

यस गा.वि.स. मा बस्ने चाम्लिङ्ग राईहरूको मुख्य पेशा कृषि हो । आजकल यी रार्यहरू बढी मात्रामा विदेशी नोकरी (विट्रीस/भारतीय सैनिक सेवा) हङ्गकङ्ग, खाडी मुलुक साउदी, अरव, युनाइटेड अरव, इमिरेटस, ओमन, सिंगापुर, जापान, मलेसिया, कोरिया लगायतका मुलुकहरूमा जाने गरेको पाइन्छ । यसबाट उनीहरूको आर्थिक अवस्था केही मजवुद भएको पाइन्छ । स्वदेशी नोकरीमा भने कमै मात्रामा लागेको पाइन्छ ।

### ४.२.४ शिक्षा (Education)

शिक्षा क्षेत्रमा यस दोर्पा चिउरी डाँडा गा.वि.स. केही मात्रामा अगाडी नै रहेको पाइन्छ । यस गा.वि.स. मा १ वटा उच्च मा.वि. सञ्चालन गरिरहेको छ भने २ वटा मा.वि., ३ वटा नि.मा.वि. र ८ वटा प्रा.वि. रहेको छ । हालसम्म यस गा.वि.स. बाट ३०० भन्दा बढीले एस.एल.सी. १०० भन्दा बढीले प्रमाणपत्र तह, ४० भन्दा बढीले स्नातक तह र ६ भन्दा बढी स्नातकोत्तर तहले पास गरेको पाइन्छ । यसको एकिन डाटा भने अझसम्म नभएको पाइन्छ ।

## तालिका -१

### दोर्पा चिउरी डाँडा गा.वि.स. को शिक्षण संस्था र विद्याथीहरू

| शिक्षण संस्था | संख्या | विद्यार्थी संख्या |
|---|---|---|
| प्राथमिक | ८ | १२१५ |
| नि.मा.वि. | १ | ३१३ |
| मा.वि. | २ | ६२६ |
| उच्च मा.वि. | १ | १५ |
| जम्मा :- | १२ | २१६९ |

गा.वि.स. पार्श्वचित्र, २०५८

यस गा.वि.स. मा एक उच्च मा.वि.स. सञ्चालनमा रहेको छ भने २ वटा मा.वि., ३ वटा नि.मा.वि. र ८ वटा प्रा.वि. सञ्चालनमा छन् । उच्च मा.वि. मा १५ जना, मा.वि. तहमा ६२६ जना, नि.मा.वि. मा ३१३ जना र प्रा.वि. तहमा १२१५ जना गरी जम्मा विद्यार्थी २१६९ अध्ययनरत छन् (गा.वि.स. पार्श्वचित्र,२०५८) ।

## तालिका नं. २

### वडा नं. १का चामलिङ्ग राईहरुको लिङ्गको आधारमा शैक्षिक स्थिति

| शिक्षा तह | पुरुष | | महिला | | कुल संख्या | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | ९ | १३.६३ | २३ | ३२.८६ | ३६ | २६.४७ |
| साक्षर /साधारण लेख पढ् गर्न सक्ने संख्या | १३ | १९.७ | १० | १४.२९ | १९ | १३.९७ |
| प्रा.वि.(१-५) | १२ | १८.१८ | ९ | १२.८६ | २९ | १५.४४ |
| नि.मा.वि. (६-८) | ८ | १२.१२ | १० | १४.२९ | १८ | १३.२३ |
| मा.वि. (९-१०) | ६ | ९.०९ | ११ | १५.७१ | १७ | १२.५० |
| एस.एल.सी | ८ | १२.१२ | ५ | ७.१४ | १३ | ९.५६ |
| आइ.ए वा सो सरह | ८ | १२.१२ | १ | १.४२ | ९ | ६.६२ |
| बि.ए वा सो सरह | २ | ३.०३ | १ | १.४२ | ३ | २.२१ |
| जम्मा | ६६ | १०० | ७० | १०० | १३६ | १०० |

स्रोत :- स्थलगत अध्ययन

**तालिका नं. २**

**वडा नं. १का चामलिङ्ग राईहरुको साक्षारताको आधारमा जनसंख्या**

| शिक्षा तह | पुरुष | | महिला | | कुल संख्या | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | ९ | ६.६२ | २३ | १६.९१ | ३२ | २३.५३ |
| साक्षारता | ५७ | ४१.९१ | ४७ | ३४.५६ | १०४ | ७६.४७ |
| जम्मा | ६६ | ४८.५३ | ७० | ५१.४८ | १३६ | १०० |

स्रोत :- स्थलगत अध्ययन

## ४.२.५ जनसंख्या (Population)

जनसंख्याको स्वरूपले गर्दा नै कुनै ठाउँको समाजको सामाजिक र आर्थिक जीवन पद्धतिमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव परिरहेको हुन्छ । समाजको सामाजिक क्रियाकलाप त्यहाँको मूल्य मान्यताहरू हेर्न र बुझ्न त्यस क्षेत्रको जनसंख्याको अवस्थाको वारेमा सही जानकारी हुन आवश्यक पर्दछ । यसै परिप्रेक्ष्यमा यस दोर्पा डाँडा गा.वि.स. को जनसंख्यालाई जातीय रूपमा तहको तालिकामा देखाइएको छ ।

**तालिका -३**

**दोर्पा चिउरी डाँडा गा.वि.स.को जनसंख्या विवरण**

| जात /जाति | संख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | २९७६ | ३९.१४ |
| राई | २५३२ | ३३.३ |
| कामी | ४५१ | ५.८ |
| ब्राम्हण | ३६८ | ४.८४ |
| नेवार | ३४३ | ४.५१ |
| दमाई | २४८ | ३.३६ |
| भुजेल | २१० | २.७७ |
| सार्की | १८८ | २.४८ |
| गुरूङ्ग | १५१ | १.९९ |
| तामाङ्ग | १०५ | १.०५ |
| शेर्पा | ४१ | ०.५३ |
| जम्मा :- | ७६०३ | १०० ५ |

श्रोत : गा.वि.स. पार्श्वचित्र, २०५८

माथिका तालिका हेर्दा यस गा.वि.स. मा विविध जनजातिहरू बसोवास गरेको पाइन्छ । सबैभन्दा बढी क्षेत्रीहरूको संख्या ३९.१४ ५ जनसंख्या रहेको छ । त्यस्तै प्रकारले राई, कामी, व्राम्हण, नेवार, दमाई, भुजेल, सार्की, गुरूङ्ग, तामाङ्ग र शेर्पाको रहेको छ । यीनै जातजातिको संरचनाबाट यस गा.वि.स. बनेको छ ।

**तालिका नं. ४**

**वडा नं. १ का चामलिङ्ग राईहरुको बैवाहिक स्थिति र लिङ्गको आधारमा जनसंख्या विवरण**

| | पुरुष | | महिला | | कुल संख्या | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अविवाहित | २७ | १९.८५ | ४१ | ३०.१५ | ६८ | ५०.०० |
| विवाहित | ३६ | २६.४७ | २७ | १९.८५ | ६३ | ४६.३२ |
| विधुवा/विधुर | ३ | २.२१ | २ | १.४७ | ५ | ३.६८ |
| जम्मा | ६६ | ४८.५३ | ७० | ५१.४७ | १३६ | १०० |

स्रोत :- स्थलगत अध्ययन

**तालिका नं. ५**

**वडा नं. १ का चामलिङ्ग राईहरुको उमेर र लिङ्गका आधारमा सकृय तथा निस्कृय जनसंख्या**

| उमेर समुह | पुरुष | | महिला | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| ०-१४ | १७ | १२.५० | २३ | १६.९१ | ४० | २९.४२ |
| १५-५९ | ४० | २९.४१ | ४१ | ३०.१५ | ८१ | ५४.५६ |
| ६० देखि माथि | ९ | ६.६२ | ६ | ४.४१ | १५ | ११.०२ |
| जम्मा | ६६ | ४८.५३ | ७० | ५१.४७ | १३६ | १०० |

स्रोत :- स्थलगत अध्ययन

## तालिका नं. ६
## वडा नं. १ का चामलिङ्ग राईहरुको परिवारको आधारमा घर संख्या

| परिवारको किसिम | परिवारको घर संख्या | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| सानो परिवार | १-४ | ३ | १५ |
| मध्यम परिवार | ५-८ | १४ | ७० |
| ठुलो परिवार | ९ भन्दा माथि | ३ | १५ |
| जम्मा | | २० | १०० |

स्रोत :- स्थलगत अध्ययन

## तालिका नं. ७
## वडा नं. १ का चामलिङ्ग राईहरुको परिवारको प्रकार तथा घर संख्या

| परिवारको प्रकार | घर संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त परिवार | ७ | ३५ |
| एकात्मक परिवार | १३ | ६५ |
| जम्मा | २० | १०० |

स्रोत :- स्थलगत अध्ययन

# पाँचौ अध्याय

## ५.१ चामलिङ्ग राईको उत्पति र आगमन

नेपालमा वसोवास गर्ने प्राचिन आदिवासी जनजातिहरु मध्येको किरात राईहरु पनि प्राचिन आदिवासी जनजातिहरु मध्येका एक जात हो । किनकि यी जातिहरु पररापूर्वकालदेखि नेपाली भुमिमा वसोवस गर्दै आईरहेको छ र यिनिहरुको आफ्नै मौलिक परम्परा र संस्कृति, भेष भुषा, भाषा र रहनसहन छन् । यहि किरात जातिहरुको एक सम्प्रादाय चामलिङ्ग राईहरु हुन । यी राई जातिहरु परापुर्वकालदेखि नै खोटाङ्ग जिल्लामा वसोवस गदै आएको हुनाले यस जिल्लालाई माझ किरात नाम चिनिने गरिएको पाइन्छ । खोटाङ्ग जिल्लाको केहि गा.वि.स. हरुमा यी चामलिङ्ग राईहरुको वसोवास गर्दै आएको पाईन्छ । यस अध्ययनमा यिनै चामलिङ्ग राई जातिहरुको जातीय पहिचान, जातिय उत्पति र नामकरण र यिनिहरुले अंगीकार गर्दै ल्याएका पेशा, रितिरीवाज, संस्कृति, संस्कारहरुका वारेमा अध्ययन गरी भावि सन्ततीहरुको लागी यसले पार्ने प्रभाव आदिका वारेमा अध्ययन गर्न प्रयास गरिएको छ ।

कुनै पनि जातिहरुको जातिय पहिचान गर्नको लागि ती जातिहरुको जातिय उत्पति, परंपरा, वंशावली, संस्कृति, रहनसहन, भेषभुषा, रितिरीवाजहरुको महत्वपूर्ण भुमिका हुन्छ । यी कुराहरुले नै कुनै पनि जातिको जातीय पहिचान गराउदछ । कुनै पनि जातिको अध्ययन अनुसन्धान गर्दा ती जातिकाे ऐतिहासिक क्रमबद्वता आवश्यक पर्दछ । यसका लागी ती जातीहरुको वंशावली, अभिलेख, ऐतिहासिक विवरण जस्ता प्रमाणिक लिखदहरुको आवश्यक हुन्छन् । यही अभिलेख ऐतिहासिक विवरण तथा वंशावली, किरात कालीन इतिहास तथा चामलिङ्ग राई जातिको उत्पतिका वारेमा लेखिएका, सुनिएका र सुनाइएका कथा, किम्वन्दन्तीहरुका आधारमा किरातहरुको उत्पति तथा चामलिङ्ग राई जातिको उत्पतिलाई संक्षेपमा यहाँ अध्ययन गर्ने कोशिस गरिएको छ ।

## ५.२ चामलिङ्ग राईहरुको उत्पति

किरात राई चामलिङ्ग जातिहरुको उत्पति सम्बन्धी अनुसन्धान गर्दा, किरातहरुको उत्पति सम्बन्धी उल्लेख गर्नु पर्ने हुन्छ । किरातहरुको उत्पति सम्बन्धी लिखित भनाई, किम्बदन्ती, कथाहरुको बारेमा उल्लेख गर्नु पर्ने हुन्छ । किनकी किरातहरुको एक हागा किरात राई चामलीङ्गहरु हुन । किरातहरुकै साखासन्तानहरुमध्येको एक साखा सन्तान किरात राई चामलिङ्गहरु हुन । त्यसैले किरातहरुको उत्पतिको बारेमा लेखिएको, छापिएका लिखित भनाई, किम्बन्द्धन्ती, कथाहरु नै किरात राई चामलिङ्गहरुको उत्पति सम्बन्धी लिखत भनाई, किवन्दन्ती, कथाहरु हुन् । केवल किरात राई चामलिङ्ग कसरी रहन गयो भन्ने कुरा मात्र फरका हुन आउदछ । त्यसैले यस अध्यायमा किरातहरुको उत्पति सम्बन्धी लिखत, इतिहास, किम्बदन्ती, कथाहरुको बारेमा चर्चा परिचर्चा गरिन्छ भने चामलिङ्ग नामाकाण कसरी भयो रु वा चामलिङ्ग राई कसरी रहन वा हुन गयो भन्ने वारेमा पाए सम्मको जानकारीहरुको वारेमा चर्चा गर्ने जमर्को गरिएको छ ।

## ५.३ किरात मुधुम अनुसार चामलिङ्ग राईहरुको उत्पति

चामलिङ्ग मुख्य सूचक (key Informations) को आधारमा चामलिङ्गहरुको उत्पतिको बारेमा यस्तो कथन छ । पृथ्वीको उत्पति हुनुभन्दा अगाडी ईश्वर ( पारुहाङ्ग र नायमा) थिया । यिनिहरुले सूर्यको उत्पति गरायो । सूर्यको तापक्रमले गर्दा वाफको उत्पति भयो र पृथ्वीको गति बाट हावाको उत्पति भयो । यसरी सुर्यको तापबाट निसकिएको वाफलाई पृथ्वीको गतिबाट निस्केको हावाको गतिले गर्दा त्यो वाफवाट पसिना र पसिनाबाट पानीको उत्पति भयो । यसरी हावा र पानी उत्पति भए पछि विस्तारै पृथ्वी सैलाउदै जादा बाफ पनि सैलाउदै गयो । बाफ सैलाउदै जादा पानी पनि सुक्दै गयो हावाको गति पनि कम हुदै गयो । यसरी हावाको गति कम हुदै जादा र पानीको सतह पनि कम हुदै जादा पानी माथी माटोको ढिकुरो देखा पऱ्यो । त्यसमाटोको ढिकुरोलाई किरात मुधुममा “वोखाफपी”

भनि वोलाउने चलन छ । यसबाट के स्पष्ट हुन्छ भने किरात राई चामलिङ्गहरु त्यही माटोको ढिकुरो “वोखाफपी” वाट उत्पति भएको हुनुपर्दछ । यिनिहरु यसलाई आफ्नो कुल पित्र पुजने बेलामा पुकारछन् र हामीहरु भुमि पुत्र हौ भन्दछन् । त्यसकारण पनि किरातहरु भुमिपुत्रको नामले चिनिन मनपराउदछन् । त्यहि किरातहरुमध्येका एक किरातका सन्तानहरु हामी चामलिङ्ग राईहरु हौ भनी चामलिङ्ग राईहरु भन्दै आएका छन् र किरातहरु भनेका भुमिपुत्र हौ र त्यही भुमि पुत्रमध्येका एक किरात पुत्र हामी चामलिङ्ग हौ भनी चामलिङ्ग राईहरुले भन्ने गर्दछन । यसबाट के भन्न सकिन्छ भने यस दोर्पा चिउरी डाडा गा.वि.स. का चामलिङ्ग राईहरुको पुर्खाको उत्पति पनि त्यही “वोखाफपी” बाटै भएको हो ।

## ५.४ किवन्दन्ती अनुसार चामलिङ्ग राईहरुको उत्पति

किरात समाजको किवन्दन्ती अनुसार किरातहरुको उत्पति पारुहाङ्ग र नाममा वाट भएको भन्ने भनाई छ । जस अनुसार आजभन्दा घेरै वर्ष अगाडी पारुहाङ्ग जवानी अवस्थामा पुग्यो त्यसवेला नायमाको पनि विवाह गर्ने वेला भएको रहेछ । कुरुमा (हावा) ले नायमालाई देखेछ र पारुहाङ्गलाई भनेछ हेर तिम्रो विवाह गर्ने वेला भयो मैले एउटा सुकुमारी कन्या देखेको छु उसगँ विवाह गर्छौ भनी भन्दा म यस्तो कुरुप नराम्रो छु म सगँ विवाह गर्दैन होला भनी पारुहाङ्गले कुरुमा (हावा) लाई भनेछ । यसो भन्दा कुरुमा (हावा) ले यसो भन्दैन हाला म कुरा गर्छु भनी कुरुमा( हावा) नाममा भएको ठाउमा गईव विवाहको प्रस्ताव राखेछ । विवाह प्रस्ताव राखेपछि  नादीमाले हुन्छ  जन्ती लिएर आउनु भनी नाचमाले कुरुमा(हावा) भनी पठाएछ । त्यसपछि पारुहाङ्ग जन्तीलिएर नायमालाई लिन गएछ । यसरी जन्ती लिएर पारुहाङ्ग नायमा कहाँ जाँदा त पारुहाङ्गलाई कुरुप नराम्रो देखेपछि नायम अलप भएछ । यसरी नायमा अलप भएपछि पारुहाङ्गलाई रिस उठेपछि कुरुमाको पखेटा भाचि दिएछ र पानी सवै सुकाइए दिएछ । पारुहाङ्गले पानी सवैतिर सुकाई दिएपछि नायमालाई ज्यादै तिर्खा लागेछ । तिर्खाले व्याकुल भएको नायमालाई लाहाचे चराले कर्कलोको पानी खाइरहेको छ भने धोवीचराले भनेछ, नायमालाई त्यसपछि रिस

उठेछ रिसले लाहाचे चराको मुख च्यातिदिएछ, (आजभोली लाहाचे चराको मुख ठूलो र जिब्रो निस्किएको छ भनी भनिन्छ) त्यसपछि लाहाचे चराले खाँदै गरेको कर्कलोको पानी धोबी चरालाई ल्याउन लगाई नायमाले खाएछ, त्यो पानी खाएपछि त नायमालाई पेट बसेछ । अनि नायमाले सोचेछ त्यो कर्कलोको पानी त पारहाङको वीर्य पो रहेछ, मलाई खेल गरी पारुहाङले विर्य खुलाएछ, त्यसैले मेरो गर्भ रहन गयो, गर्भ रहेपछि धोबी चरालाई नायमाले पारुहाङकहाँ कलियाको रुपमा पठाएछ, धोबी चरालाई पारुहाङ कहाँ पठाउँदा पारुहाङ निदाएको रहेछ, उठाउँदा पनि उठेनछ, त्यसपछि फेरि धोबी चरा र पित्रुङ्क्रवा (गंगटो) लाई पारुहाङको मा पठाएछ, यी २ त्यहाँ पुगेपछि गंगटाले पारुहाङलाई कोट्याउँदै उठाएछ । पारुहाङ उठ्दा त धोबी चरा बास्दै नाच्दै गरिरहेको थियो । धोबी चरा र गंगटालाई किन आएको भनी पारुहाङले सोधेछ, यसरी पारुहाङले सोधनी गरेपछि धोबी चराले नायमा सुत्केरी हुने वाला छ त्यसैले नायमाले पठाएर पो हामी तपाईकहाँ आएका हौं, तपाई नायमा भएकोमा जानुहुन्छ भनी हामी तपाईलाई लिन आएका हौं भन्दा पारुहाङले जान मानेन तर धोबी चराले जानै पर्छ भनी अत्यन्तै ढिपी गर्न थाल्यो धोबी चराको ढिपीले गर्दा अन्तमा पारुहाङले म जान्न नायमाले ३ जना बच्चा जन्माउँछन, पहिलो बाघ(चाप्चा) हुन्छ जसलाई बुङछैंदा(झाडीमा) राखोस र चाप्चा( बाघ) नाम लगाइदिओस, दोस्रो भालु(बर्पा) हुन्छ, उसलाई तुपसुङमा(रुखमा) राखी बर्पा(भालु) नाम लगाइदिओस, तेस्रो हँछा(मान्छे) हुन्छ, उसलाई लाइतेइदा(थुम्से) मा राखी हछानाम लगाइदिओस (त्यसैले आजभोली पनि बच्चा जन्मेपछि नाम राख्ने बेलामा थुम्सेमा राखी चाम्लिङ राईहरुको बच्चाको नाम लगाउने चलन छ) र चौथो छकली/खिपा(कुकुर) जन्मन्छ, जसलाई खुट्टामा राखी कुकुर(छकली) नाम राखिदिओस भनी धोबी चरा र गंगटालाई फिर्ता पठाईदियो । त्यसैले होला आजभोली प्राय कुकुरहरु मानिसको खुट्टामा बस्ने गर्दछ यही बेलादेखि न्वारन गर्ने चलन चलेको भनाई यहाँका चामलिङ राईहरुको भनाई रहेको छ ।घ

यसरी भनेपछि सोही खबर लिएर ततिमीवासा(धोबीचरा) पित्रिङक्रवा(गगंटा) नायमाकहाँ आई पारुहाङले भने बमोजिमको कुरा नायमालाई बताएर सोही बमोजिम नायमाले आफ्नो बच्चाहरुको नामाकरण गऱ्यो यसरी आफ्नो बालबच्चाहरु पालनपोषण गरी हुर्काउन बढाउन थालीन । यसरी बस्दै जाँदा यिनीहरु बढेपछि आफै सिकार खेल्न थालेछ । सिकार खेल्न जाँदा आमाले खाजा लगाई दिन्थ्यो रहेछ, त्यो खाजा एक ठाउँमा राखी सिकार खोज्न  जाँदा त खाली बाघले त्यो खाजा खाईदिदो रहेछ यसरी खाजा बाघले खाईदिएकोले हाम्रो खाजा दाईले सधैं खाईदिन्छ यसलाई म  मारिदिन्छु भनी आमालाई मान्छेले(हँछाले) भनेछ, यस्तो हँछाको कुरा सुनेर तेरो दाजु पो हो त्यसो गर्न हुन्न भनी सम्झाएछ र म तेरो दाजुलाई त्यसो नगर्न भनी भन्छु भनी हँछालाई सम्झाईदिएछ, त्यसपछि बाघलाई आमाले हेर तिमीहरुको खाजा तैले मात्र खाइदिदो रहेछस, त्यसो गर्न हुन्न, तेरो भाई मानिसले तलाई मार्न पनि सक्छ, तँ भन्दा त्यो धेरै बुद्धिमानी छ , यसरी खाजा सबै खाइदिन हुँदैन है सबैले बराबरी बाँडी खानुपर्छ भनी बाघलाई पनि आमाले सम्झाई पठाएछ, फेरि प नि सदाझैं खाजा लिएर सिकार खेल्न दाजुभाई गएछन् । बाघले आमाले सम्झाएको कुरा नमानी अटेर गरेर खाजा खाई दिएछ बाघले यसरी खाजा खाईदिने क्रम जारी राखेपछि मानीसको पालो एकदिन उसले पनि खाजा सबै खाईदिई रुखको ठुटोलाई मानीसको रुप बनाई लुगा लगाईदिएर आफु भने आफ्नो धनुकाँड लिएर रुख माथि बसेछ । त्यसैबेला बाघ आएर खाजा खोज्दा त खाजा त सबै खाईसकेको देखेछ, यसरी सबै खाजा खाईसकेको देखेपछि बाघलाई रिस उठेछ । यसो यताउता हेरेको त मानिसजस्तो गरी बनाएर राखेको ठुटोलाई देखि एक्कासी झम्टी खान खोज्दा त ठूटो पो रहेछ, बाघले त्यो ठुटो र त्यसलाई लगाईदिइएको कपडा च्यातचुत बनाउन थालेछ,  त्यो देखेर रुखमा बसीरहेको उसको भाईलाई हाँस उठेछ, हाँस उठेको देखि बाघले उसलाई रुखमा बसेको देखि मार्नलाई रुखमा चढ्न खोज्दा मानीसले धनुकाँडले हानेर मारिदिएछ र धनु अदुवा, वाबु(चिण्डो) साथमा लिई बाघलाई ३ पल्ट नाघी अदुवा र वाबुमा राखेको पानीले छर्केर आजदेखि

मैले तिमिलाई बुद्धिमा जितेँ है भनी बाघलाई त्यही छोडी ऊ घरमा आएछ ( आजभोली पनि साकेला(चण्डी) नाचमा आम्लामीसिलीमा नाच्दा त्यसो गर्ने चलन छ यसै गरी चाम्लिङ राईहरु साकेला (चण्डी) नाच नाच्ने गर्दछन् । घरमा मानिस अथवा साहिला छोरा मात्र आएको देखेपछि खै दाजु भनी आमाले सोध्दा थाहा भएन भनी उसले भन्यो त्यसपछि अवश्य यसले दाजुलाई मारेको हुनुपर्छ भनी आमा र कुकुर बाघलाई खोजी गर्न जगंलतिर लागेछ, जंगलमा पुगेको त बाघलाई मारेको अवस्थामा भेटेछ, आमाले अदुवा, मर्चा र सोलीमा बोकेको थियो उसले मन्त्र(मुग्धुम) गाउँदै छर्कदै गर्दा बाघ बौरिएर भनेछ ए मत सुतिपो गएछु यसपछि आमाले भनेछ मैले भनेको थिए भाईलाई नजिस्का, तँलाई त भाईले पो मारेको रहेछ मैले तलाई मुधुंमले बचाएको हो अब घर जाउँ भन्दा बाघले मलाई भाइले मारेको रहेछ अब म घरमा जान्न भनेछ तर आमाले जानैपर्छ भनी जिद्दी गर्न थालेपछि आमा तिम्रो घाँटीमा त किर्ना पो रहेछ भनी घाँटीमाचिथोरी आमालाई मारिदिएछ , बाघले आमालाई मारिदिएपछि कुकुर घरमा गएछ । कुकुरमात्र घरमा आएको देखेपछि आमालाई के भएछ भनि फेरी कुकुर, भालु र मानिस आमालाई खोज्न जङ्गलतिर गएछ । जङ्गलमा खोज्न जादा त आमालाई मारिराखेको अवस्थामा पो भेटेछ । आमालाई बाघले मारेको थाहा पाएपछि अब आमालाई खान फेरि बाघ आउछ म बाघलाई पर्खेर बस्छु तिमीले आमाको दाह संस्कार गर्नु भनि भालुलाई आमाको दाह संस्कार गर्न मानिसले लगाएर आफु बाघलाई कुरेर बसेछ । मानिसले भालुलाई आमाको दाह संस्कार सकियो भन्दै पटक पटक सोध्दा तेस्रो पल्ट सोध्दा मात्र सकियो भनि भालुले भनेछ । तर यस अवस्थामा भालुले आमालाई खाईसकेको रहेछ । यसरी भालुले आमाको दाह संस्कार सिध्यासकेको जानकारी दिएपछि आमाको सोकमा ल अब हामी सबै एकपल्ट रौ है भनि मानिसले भने पछि रुएको त भालुको दातमा त केशपो अड्किएको मानिसले देखेछ । मानिसलाई संका लागि यसले त आमालाई पो खाएछ भनि हेर्दा त आमाको दाह संस्कार त होईन आफै पो आमालाई खाएको रहेछ । यो देखेर मानिसलाई रिस उठी भालुको गीदी उछीटिने गरी हीर्काएछ

।(त्यसैले आजभोली भालुको गीदी आधी मात्र हुन्छ भन्छन्। र त्यो गीदी पनि लेकको लुसा (पाहा) को लगाएको हुनाले लुसा (पाहा)को गीदी हुदैन भन्छन्) । यसरी भालुलाई पनि हिर्काई लखेटि पठाएछ । यसरी आमा पनि मारिएको, दाजु पनि लखेटिएको, मारेकोले विरक्त लागी ठुलो खोला, नदीको तिरै तिर  जाल हान्दै खेल्दै डुल्न घुम्न थालेछ । यसरी डुल्ने घुम्ने क्रममा एक दिन पानीको छालमाथि सुन्दरी कन्या केटी देखेछ र उसलाई पनि सुन्दरी कन्या केटीले देखेछ । त्यस पछि यी दुई बिच हातको इसाराले बोलचाल हुन थालछे । त्यो सुन्दरी कन्या केटी नागराजा ( नाकिहँ बासा) को छोरी नागकन्या (सीकीमा) रहेछ । यी दुई बिच कुराकानी भएपछि सीकीमाले हँछा(कन्या केटा) लाई आफु भएको ठाउमा बोलाएछ । तर हँछाले आफु आउन नसक्ने बताएपछि सीकीमाले धागोको उत्पति गरी पाखामा फाल्दै यो डोरीलाई समाएर आउनु भने छ । त्यस पछि सोही डोरीको साहाराबाट हँछा सीकीमा भएको ठाउँमा पुगेछ । सीकीमाले हँछालाई आफ्नो बाबु नागराजाको घरमा लगेछ । यसरी सीकीमाले हँछालाई आफ्नो बाबुको घरमा लादा बाबु नागरा।जा बाहिर गएको रहेछ घरमा नाकिहंमा (नागरानी) मात्र रहेछ । यसरी छारीले हँछालाई ल्याएर आएको देखेपछि आमाले हँछालाई लुकाएर राखेछ । रात पर्न लागे पछि नागराजा घरमा आईपुगेछ । घरमा आउदा खेरी नागराजाले मानिसको गन्ध पाएछन् । मानिसको गन्ध पाए पछि आज यहाँ मान्छेको गन्ध आउछ । कहाँ लुकाए्र राखेका छौ म त्यसलाई खान्छु भनि नागराजाले भन्न थालेछ । यसो भन्दा नागरानीले हैन कोही पनि आएको छैन छोरी बाहिर घुम्न गएको रहेछ त्यसै बेला मानिसहरु सित भेट भएको ले मानिसको लसपसले गर्दा मानिसको गन्ध आएको हो भनि नागरानीले भनेछ । यसो भन्दा पनि नागराजा मान्दैमानेन होइन मानिसनै छ म त्यसलाई नखाइ छाड्दिन भनि जिद्धी गर्न थाले पछि नागरानी डराउन थालेछ र नागराजालाई मिठो मिठो खाने कुरा दिदै फकाउदै छोरी ठुली भई अब छोरीको विवाह गरी दिनु पर्दछ तपाईको विचार के छ भनि भन्न थालेछ । यस अवस्थमा नागराजा निदाँउन-निदाँउन थालेछ । यतिकैमा निदाँउदा निदाँउदै मेरो छोरी जसले विवाह गरेर लान

चाहन्छ उसले छोरी लानु भन्दा अगाडी मेरो जस्तै वाच्छी  माला ल्याउनेलाई मात्र छोरी दिन्छु भनि भनेछ । यसो भन्दै नागराजा निदाएछ । नागराजा निदाएपछि उसको वाच्छी माला नागरानीले लुकाएर लगी हँछा (कन्या केटा) लाई दिएछ । त्यस पछि नागरानीले हँछालाई भनेछ छोरी माग्न नागराजा अगाडी जानु त्यस बेला नागराजाले मेरो जस्तै वाच्छी माला ल्याउनेलाई मात्र मेरो छोरी दिन्छु भनि सर्त राख्छ र वाच्छी माला माग्छ त्यस बेला यो वाच्छी उहाँलाई दिनु भनि भनेछ । त्यस पछि नागरानी नागराजा भएको ठाउमा गएर आज छोरी बाहीर घुम्न गएको थियो बाहिर घुम्दा कन्या केटा (हँछा) सगँ भेट भएछ हाम्रो छोरी र उस बिच बातचित भएछ । बातचित पछि हाम्रो छोरीले मनपराएछ र उसले पनि हाम्रो छोरीलाई मनपराएछ । यी दुई बिच मायाप्रिती बसेछ र हाम्रो छोरीले उसलाई लिएर हाम्रो घरमा ल्याएछ ।  मैले त ठिकै छ हाम्रो छोरी को पनि विवाह गर्ने बेला भएको थियो हामीले केटा खोज्नु पर्नेमा आफै खोजी, रोजी ल्याएछ । अब उसै हँछा सगँ विवाह गरिदिन पऱ्यो भने मैलेत उसलाई यतै राखेको छु तपाईको विचार के छ भन्दा ठिकै छ हाम्रो छोरी पनि रोजी खोजी  ल्याएछ तिमीले पनि ठीकै छ भनि राखेछौ तर त्यसले (हँछा) ले मेरो जस्तो वाच्छी माला ल्याउछत ल्याएमा मात्र म उसलाई छोरी दिन्छु नभए म दिन्न भनि नागराजाले नागरानीलाई भनेछ । नागराजाले नागरानीलाई यती भने पछि नागरानी हँछा भएको ठाउमा गई नागराजाले भनेको कुरा सबै हँछालाई बताइ बाबुको अगाडी छोरी माग्न आउन भनि बोलाएछ । त्यस पछि हँछा वाच्छी माला लिई छोरी माग्न बाबुको अगाडी आएछ । हँछा आफ्नो अगाडी आएको देखेर नागराजाले सोधेछ  तिमीलले मेरो छोरी मनपराएछौ मेरो छोरी त तिमीलाई दिउला तर मेरो एउटा सर्त छ जुन सर्त बमोजीमको काम जसले पुरा गर्छ उसलाई मात्र म छोरी दिन्छु सर्त पुरा नगर्ने लाई छोरी दिन्न त्यो सर्त भनेको जसले मेरो जस्तो वाच्छी माला मलाई ल्याएर दिन्छ म उसलाई मात्र छोरी दिन्छु । तिमीले यस्तो वाच्छी माला ल्याएर मलाई दिन सक्छौ भने मात्र म तिमीलाई छोरी दिन्छु भनि भने पछि हँछाले हुन्छ भनि मैले तपाईको जस्तै वाच्छी माला लिएर

आएको छु भन्दै अगाडी राखिदिएछ । नागराजाले उक्त वाच्छी मालालाई हेर्दा त साच्चैनै उसकै जस्तै वाच्छी देखेछ  र हँछालाई उसको छोरी दिएछ । (यसैको आधार मानि यहाका चामलिङ्ग राईहरुले वाच्छी मालाको सट्टा भनि एउटा काँचको डबका जसलाई उनिहरुको भाषामा वाहीदु बडुको भन्छन्. र पहिला रु २२ त्यस पछि घटाउदै क्रमश १८, १०,६,र आजभोली एक डबका र रु १ जन्ती जादा लिएर जाने चलन छ । जसलाई सुंतुम्मा यातुंमा( दयामाया) को लागी भनि राखिन्छ । जुन डबका र पैसालाई जन्ती जानु भन्दा अगाडी केटाको घरमा नछौं (धामी) द्धारा माङै् गरी लगीन्छ् र केटीको घरमा पनि नछौंद्धारा(धामी) माङै् गरी डबका केटीको घरमा राखिन्छ ।) यसरी छोरी दिएपछि छोरी ज्वाईलाई विदाई गर्ने बेला भएछ । विदाईको कार्यक्रम सुरु हुदा छोरीले आफ्नो बाबुको नागमणी मागेछ तर बाबुले दिन इन्कार गरेछ । तापनि छोरीले जवरजस्ती गरी यदि नागमणी नदिने हो भने म यहांवाट जान्न नागमणी  लिएर मात्र म जान्छु भनि ढीपी गर्न थालेछ । छोरीको बढी ढीपी देखेर नाकीहबासाले वा साह्रै ढोल, झयाम्टा बजाउदै मुधुम गाउदै विदाई कार्यक्रम सुरु गरि नागमणी दिन मन्जुर भएछ  र नकिहँमा  (नागरानी) लाई नाकीँहबासाले भनेछ छोरीले सारै जिद्धी गरी थुम्सेमा नागमणी लगाई दिन्छु । त्यो नागमणी छोरीको विदाईको अन्तमा तिमीले अन्नवालीको डुमो निकाल्ने भनी त्यो थुम्सेबाट  सिकीमाले थाहा नपाई नागमणी तिमीले झिक्नु भनेछ । त्यसपछि नाकीहवासाले छोरी लाई भनेछ हेर तिमी अव अर्काको घरमा गयौ  तिमीलाई खाने कुराहरु चाहिन्छ त्यसको विउहरु मैले थुम्सेमा राखिदिएको छ ु । तिमीले विउ राख्ने वेलामा र अन्नवाली भित्रयाउने वेला मुधुम गाउदै ढोल, झ्याम्टा बजाउदै मुधुम जाने मात्र नागमणी खुशी भई नागमणीले वास गर्दछ भनी भनि पठाई छोरीलाई विदाई गरेछ भने उत्ता नाकीहमा (नागरानी)ले थुम्सेबाट नागमणी झिकी लुकाई राखेछ ।

सिकीमा घरमा पुगेर हेर्दा त नागमणी छैन । बाबुले भने वमोजिमको मुधुम गाउदै ढोल झ्चाम्टा बजाउदै खानेकुराहरुको विउ छर्न र  राख्न  थालेछ ।  यस

अवस्थामा नागममणी जस्तो सेतो ढुंगो देखापरेछ । त्यसैलाई नागमणी भनि पुजा गर्न थाले । आजभोली त्यसैलाई साकेला निकाल्ने भनी चामलिङ्ग राईहरु फागु/चण्डी (साकेला) थान बनाई साकेला खनी सेतो ढुंगा निकाल्ने र त्यसलाई पुजने चलन यहाका चामलिङ्ग राईहरुको छ । त्यसैले र अन्नवालीको विउ राख्नु भन्दा अगाडी बैशाषे पूर्णीमामा ढोल, झ्याम्टा बजाई चण्डी नाचने साकेला पुजने चलन छ र अन्नवाली भित्रयाउनु भन्दा अगाडी पनि कुल पित्र गरी अन्नवाली भित्रयाउने चलन छ ।

यसरी घर गएपछि सिकिमा र हँछाको घर व्यवहार चल्न थाल्यो र यिनिहरुबाट एक छोरा सालपा र एक छोरी रिभीमाको जन्म भयो । सालपा र रिभीमा दुवै जवानी भएर आयो । जवानीले छोएपछि रिभीमाले सालपासँग शारिरीक सर्म्पक राख्ने प्रस्ताव राख्यो तर सालपाले इन्कार गऱ्यो । फेरी पनि रिमीमाले प्रस्ताव राखिन र तेस्रो पल्ट प्रस्ताव राखे पछि सालपा वाध्य भएर शारिरीक सर्म्पक राख्न हुन्छकी हुन्न, म बाबुलाई सोध्छु भनी रिभीमालाई भनी सालपा बाबुको खोजीमा जान्छ र बाबुलाई यो कुरा सोध्दा बाबुले जान्दिन मेरो बाबुलाई सोध्नुपर्दछ भन्यो बाबुको बाबु(बाजे) खोजी गर्दा सालपाले पाउदैन । नपाए पछि बाजे पाउनको लागी सालपा तपस्या गर्न थाल्छ घेरै पछिका तपस्यापछि सालपाको बाजे(पारुहाङ्क) ले सालपालाई दर्शन दिन्छ । दर्शन पाएपछि सालपाले आफ्नो सर्म्पुण कुरा बताउछ । सालपाको कुरा सुनेपछि पारुहङ्कले यस जन्ममा भने हुदैन अर्को जन्म लिएर मात्र हुन्छ भनी भनेछ । त्यसपछि सालपाले अर्को जन्म लिनको लागी के गर्ने त भनी सोधनी गरेछ । त्यसपछि पारुहङ्कले म तिमीलाई मन्त्र दिन्छु त्यही मन्त्र मार्फत अर्को रुप धारण गर्नु र त्यही मन्त्र वमोजिम रिभीमालाई गर्न लगाउनु भनेछ । पारुहाङ्कले यसो भने पछि सालपा रिभीमा भएको ठाउमा गएर भनेछ म मन्त्रद्धारा अर्को रुप धारण गरी बनेल बनेर बनावट तिम्रो अन्नवाली खान आउछु त्यस बेला मलाई मार्नु र तिमीलाई कस्तो मानिस मन पर्दछ त्यही सोच्नु म त्यस्तो मान्छे बनेर फेरी आउछु भनी सालपा बन पस्यो र अर्को रुप धारण (बनेल) बनी अन्नवाली

खान आयो त्यही वेला सालपाले भने वमोजिम रिमीमाले बनेललाई मार्‍यो । मारेपछि यसो आकाशतिर हेरेको त शुक्रतारा झल-झल बलेको देखेछ र उसले शुक्रतारा जस्तै झल-झल बल्ने मानिसको कल्पना गरेछ । यसरी कल्पना गरेपछि शुक्रतारा जस्तै झलल बल्ने मानिसको रुपमा सालपाको प्रकट भएछ । त्यसपछि सालपा र रिभीमाको विवाह भएछ । यहि सालपा र रिभीमाको सन्तानहरु किरातहरु भएर किरातहरु मध्यकै एक सन्तान चामलिङ्ग राईहरु हुन् भनी भन्ने भनाई रहेको छ । यसलाई यहाका चामलिङ्ग राईहरुले आफ्नो वंशावलीमा पनि यसरी उल्लेख गरेको पाइन्छ ।

१.पारुहाङ्ग + नायिमा = हँछा (मानिस)

२. हँछा (मानिस) +सिकिमा (नागको छोरी) =सालपा र रिमीमा

३. सालपा र रिमीमा =४ जना सन्तानहरु

१, रुप्लवुङ्ग :-उहाँका सन्तानहरु रसियन

२, चुप्लबुङ्ग :- उहाँका सन्तानहरु चाईनिज, जापानिज, कोरियन, थाईल्यानी, ताईवानी, र वमैलीहरु भए ।

३, हर्कबुङ्ग :- भारतका नागा, भिजु, मिश्री, र नेपालका, राई, लिम्बु, मगर, गुरुङ्ग, तामाङ्ग, शेर्पा, थारु, धिमाल, थकाली, मेचे, कोर्च आदी

४, मकवुङ्ग :- मुसलमानहरु

यी सालपा र रिभिमाका चार सन्तानहरु मध्येका तेस्रो भाई हर्कवुङ्गका सन्तानहरु मध्येको एक सन्तानका सन्तानहरु चामलिङ्ग राईहरु हुन ।

हर्कवुङ्ग
↓
पाछेसुङ्ग(वाच्छाप्प)
↓
खचिलिप्पा(रछकुले, रछकुप्पा)
↓
दोहोपा
↓
वडा

↓
दयादयोपा
↓
मोरोहाङ्ग
↓
योयोहाङ्ग
↓
खम्बुहाङ्ग
↓
थेक्वाहाङ्ग
↓

वारोहाङ्ग | नागाहाङ्ग

याक्नेहाङ्ग, यीनका ५ भाई छोराहरु

१, चाङ्गफेहङ्ग (किरात) यलुङ्गहरु (यलम्वर) यहीका सन्तानहरु किरातहरु हुन । त्येही किरात मध्येका एक सन्तान चामलिङ्ग राईहरु हुन ।

२, मग्पाहङ्ग - मगरहरु

३, स्याङ्गरुक्पाहङ्ग - गुरुङ्ग र थकाली

४, ताङ्बाहङ्ग - तामाङ्ग र शेर्पा

५, थाईदाहङ्ग -थारुहरु

यसरी आफ्नो वंशावालीमा यहाका चामलिङ्ग राईहरुले आफ्नो प्राचिन पुर्खाहरु देखि लिएर हाल सम्मका आफ्नो सन्तानहरुको वंशावली वारेमा उल्लेख गरेको पाईन्छ ।

## ५.५ "दश खम्बु एक भान्सा" वा दश किरात एक भान्सा" अनुसार चाम्लीङ्ग राईहरुको उत्पतिः

जव काठमाडौं उपत्यका बाट अन्तिम राजा गस्ती लिच्छवी वंशका राजा जयदेव प्रथमले युद्धबाट पाराय भए पछि उनका छोरा खिगुहङ्ग बनेपा सरी खिगुहङ्ग राजाका छोरा याक्नीहङ्ग दास्रा राजा भए र त्यही राज्य गर्न थाले त्यसपछि उनका दुई छोराहरु लेलिमहङ्ग र खम्स्योहङ्ग दुई भाई भए र लेलिमहङ्गका छोराहरु (सन्तानहरु)

अरुण नदी पूर्वको भूभाग लिम्वुवानका लिम्वुहरु, लेप्चाहरु र धिमालहरु भए र खम्स्योहङ्गका सन्तानहरु अरुण नदी पश्चीम भुभाग वसोवास गरी वस्ने खम्बुहरु खम्बुवान खडा गरी बसे । त्यही खम्स्योहाङ्गका सन्तानहरु नै खम्बु भनि चिनिएर र तीनैका सन्तानहरु मध्येका एक सन्तान चामलिङ्ग राईहरु हुन् । खम्स्योहङ्गका छोरा जुमुहङ्गले दालखाको वनेपामा शासन गरे पछि  यिनका छोरा खम्वुहङ्ग दोस्रोले दोलखावाट वलेखा(वेलकतारी) मा राज्य गरे (हाल यो उदयपुरको मैना मैनी गा.वि.स. मा पर्दछ । यी नै खम्वुहाङ्ग ले लुसहि नागका छोरी "लासखेउ" सगँ विवाह गरी १० (दश) छोरा र १ (एक) छोरी सन्तान जन्माए ती सन्तानहरु यसप्रकार थिए:

खम्बुहङ्ग सन्तानहरु

१. मापीहङ्ग - खालिङ्गहरु

२. सेकोहङ्ग -अपुताली

३ .खिचिहङ्ग - जिरेल, हायू, सुनुवार, थामीहरु

४. हिनाहङ्ग- वायुङ्ग(वाहिङ्ग), अम्बुले

५. वानाहाङ्ग- वान्तवा, कोयुहरु

६. खप्पाहङ- कुलुङ्गहरु

७. कुरसेहङ्ग- तिलुङ्गहरु

८. चालिमहङ्ग- चामलिङ्ग, साम्पाङ्ग र पुमाहरु

९. शंकुहङ्ग- दुमी, नाछिरिङ्ग, याक्खा, सोताङ्ग

१०. राम्लीहङ्ग- युलुङ्ग

अनि एक छोरी सायमाहङ्गका सन्तानहरु थाम्फु र नेवाहङ्ग भए छोरी साथमा हङ्गलाई युमाहङ्गसँग विवाह गराएर पठाए । यसरी विवाह गरेर पठाउदा उसको साथमा मन्त्री, आठपहरियाहरु पनि दिएर पठाए पछि रहदा बस्दा उनलाई पनि एकैठाउमा  राख्नुपर्दछ भनी खम्बुमै सामेल गराए जसलाई पछि नेवाहङ्ग नामले चिनिएर यी ९ छोराहरुका सन्तानहरु र १ छोरीको  सन्तानहरु गरी जम्मा दश(१०) सन्तानहरुबीच दश सन्तानहरुको थिति बाध्यो र यो करीब आठौ शताब्दीतिर भएको

अनुमान गरिएको छ । यहि दश भाईका खम्बुहाङ्गको छोराहरु मध्येका चालिमहङ्गका छोराहरुमध्येका सन्तानहरु वालेखा(वेलाकतारी) वाट घोडारेखा, भडारेखा हुदै दूधकोशी को किनार हुदै खोटाङ जिल्लाको हलेसी दिक्तेल हुदै दोर्पातिर आए भने कोही त्यहीबाट साप्सुखोला हुदै दोर्पा गयो । तिनै आजभोलीका चामलिङ्ग राईहरु हुन भन्ने चामलिङ्ग राईहरुको भनाई छ र त्यसलाई यिनीहरुले पनि मान्दै आइ हामीहरु “दश खम्बु एक भान्सा ” वा दश किरात एक भान्सा” को प्रचलन चलिआएको कुरामा विश्वास गरी यी “दश खम्बु” या “दश किरात” भित्र विश्वास गारी कुलकुटुम्भ सबै चलाउछन् । र यी दश खम्बु वा दब किरातभित्रबाट छोराले बुहारी ल्याएमा चुला वा कुलमा लगाउन मिल्छ भनी कुल या चुलामा चलाउने गर्दछन् ।

## ५.५ चामलिङ्ग नामाकरण सम्वन्धि भनाई

किरातहरुको नामाकरण किरात कसरी रहन गयो भन्ने विषमा विभिन्न विद्वानहरु विभिन्न किसिमका तर्कहरु पेश गरेजस्तै चामलिङ्ग राई किरातहरु कसरी चामलिङ्ग भए भन्ने विषय आजसम्म कसैले कुनै किसिमको लिखित भनाईहरु लेखिएको पाइदैन । आजसम्म कुनै पनि विद्वानहरुले चामलिङ्ग कसरी नामाकरण भयो भन्ने विषयमा उल्लेख गरेको पाइदैन । विदेशी तथा स्वदेशी विद्वान समाजशास्त्री तथा मानवशास्त्रीहरुले किरातहरुको बारेमा अध्ययन गरी लेखेको पुस्तक, सोधपत्रहरुमा रदुङ्ग भनी उल्लेख गरेको पाइन्छ । त्यही Radung रदुङ्गहरु नै आजका चामलिङ्ग राईहरु हुन भनी उल्लेख गरेको पाइन्छ ।

चामलिङ्ग कसरी भयो भन्ने बारेमा चामलिङ्ग बुढापाकाहरुले भने अनुसार धेरै वर्ष अगाडी मानिसहरु जंगली अवस्थामा रहदा जंगलमा खानेकुरा खोजिरहेको अवस्थामा आजका चामलिङ्ग राईहरुका पूर्खा र आजकै वान्तवा राईहरुका पूर्खा एक आपसमा जंगलमा भेट भएछ र भेट क्रममा वान्तवा राईको पूर्खाले के खोजिरहेको भनी सोध्दा चामलिङ्ग राईहरुका पूर्खाले आफ्नो भाषामा“चामालाम हैदैको” अर्थात

खानेकुरा खोजिरहेको भनी  भनेछ । त्यसो हो भने तिमी आजदेखि चामलिङ्ग भयौ भनी वान्तवाको पूर्खाले भनेछ  र चामलिङ्गको  पूर्खाले पनि तिमीलाई वनमा भेटे त्यसैले तिमी आजदेखि वान्तावा भयौ भनी एक अर्कामा आफ्नो थर नामाकरण गरेका हुनाले त्यहीबेलादेखि चामलिङ्ग  भयो भनी चामलिङ्ग राई बुढापाकाहरुले भन्दै आएको पाइन्छ ।

एक अर्को चामिलङ्ग राईहरुको भनाई अनुसार हामीहरु दशभाई खम्बुहाङ्गका छोराहरु मध्येका चालिमहङ्गको सन्तानहरु हौ । उही चालिमाहङ्गका सन्तानहरु हामी भएकोले आफ्नो पूर्खा चालिमहङ्ग भएकाले उही पूर्खाको नामबाट चामलिङ्ग भएको हौँ भन्ने भनाई रहेको पाइन्छ ।

# छैठौ अध्याय

# सामाजिक तथा सास्कृतिक पक्ष

नेपाल बहुल सामाजिक संरचना, बहुसंस्कृति, बहुजाति भएको राष्ट्र हो । यहाँ हरेक किसिमका सामाजिक संरचनाहरु छन् । त्यहि सामाजिक संरचना अनुरुपको बहु संस्कृतिहरु भएको पाइन्छ । त्यही सामाजिक संरचना भित्र हरेक किसिमका जात जातिहरुले बसोवास गरेको पाइन्छ । त्यही अनुरुप यस खोटाङ्ग जिल्ला दोर्पा चिउरी गा.वि.स. वडा नं. १ मा पनि बहु जातजातिहरु बसोबास गरेको पाइन्छ ती मध्ये चामलिङ्ग राईहरुको बाहुल्यता बसोवास यस वडा रहेको पाइन्छ । यस अध्यायमा यिनै चामलिङ्ग राईहरुको सामाजिक तथा सांस्कृतिक पक्षको बारेमा अध्ययन गरिएको छ ।

## ६.१ रहनसहन (Customs)

हरेक समाजका मानिस आ-आफ्नै किसिमको रहनसहनमा हुर्केका हुन्छन् । समाजलाई त्यस ठाउँको हावापानी,संस्कार, अर्थतन्त्र,सामाजिक संरचना, शैक्षिक अवस्था एवं सामाजिक अवस्था मूल्य मान्यताले प्रभाव पारेको हुन्छ । सोही अनुरुप कुनै पनि व्यक्ति एवं समाजको रहनसहन प्रभावित भईरहेको हुन्छ । जुन समाजको संस्कृति एवं परम्परा जस्तो छ सोही किसिमको व्यक्तिहरुको स्वभाव आदर्श एवं मूल्य मान्यता रहने हुँदा संस्कृतिले व्यक्तिको व्यक्तित्व निर्माणमा समेत प्रभाव पारिरहेको हुन्छ । अर्थात् मानव समाजलाई चिनाउने आधार नै उसले निर्माण गरेको संस्कृति हो । संस्कृतिको निर्माण, संरक्षण, सम्वर्द्धन र पालना जस्ता आदि कुराहरुबाटै सभ्याताको विकास दिन प्रतिदिन खारिदै जान्छ ।

संस्कृति वास्तवमा मानिसहरुको शारिरीक तथा सामाजिक आश्यकताहरुको उपज हो । जसालई प्राप्त गर्नका लागि वरिपरीको वातावरणसँग संघर्ष गर्दा सृजना हुन्छ । मानवशास्त्री एडवार्ड टेलर का अनुसार “संस्कृति त्यो पूर्ण समूह हो जसमा मानवले एउटा सदस्यको नाताले प्राप्त गरेका ज्ञान, विश्वास, कला, आचारण

नियम, चालचलन, र अन्य क्षमताहरु सम्मिलित हुन्छन् । संस्कृतिमा जीवन मरणका लागि तथा यिनैका लागि अमूर्त नमूनाहरु हुन्छन् । यस्ता अमूर्तहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सामाजिक प्रतिक्रियाबाट बुझ्न सकिन्छ र तिनीहरु नै मानिसहरुको साझा परिचय बन्न सक्छ । जुन सांस्कृतिक वस्तु, भाषा, सामाजिक, तथा भौतिक संसारको ज्ञान, विश्वास प्रणाली मूल्य र मान्यता स्नेह, संकेत आदिको रुपमा प्रकट हुन्छ । यसले गर्दा प्रत्येक जातिको संस्कृती जिवन्त हुन्छ ।

यही सन्दर्भमा यहाँ अध्ययन गरिएका चामलिङ्ग राई जातिहरुको पनि आफ्नै प्रकारको सांस्कृतिक रहेको छ । जसलाई उनीहरुले निर्माण सृजना, विकास गर्दै आईरहेको छन् । जसले चामलिङ्ग समूदायलाई स्वतन्त्र र अलग अस्तित्वको पहिचान निरन्तर रुपमा दिदै आइरहेको छ ।

प्रत्येक समूदायले आफ्नो भौगोलिक परिदेश अनुसार आफ्नो परम्परालाई विकसित गर्दै गलगेको हुन्छ । फलस्वरुप हरेक जातिको रहनसहनमा आफ्नो जातिय स्वभाविकताको प्रभाव पनि देखिन्छ । यसर्थ जात जातिहरुको रहनसहनको अध्ययनबाट तिनिहरुको विविध पक्षहरुलाई बुझ्न सजिलो हुन्छ । त्यसै गरी तिनिहरुको रहनसहन, भेषभुषा, गरगहना, खानपान, बसोबासको सथिति, घरको बनावट इत्यादीका बारेमा अध्ययन गर्न सजिलो हुन्छ । यस अध्ययनमा चामलिङ्ग राईहरुेका रहनसहन, खानपान, भेषभुषा, गरगहना, बसोबासको सथिति, घरको बनावट इत्यादीका बारे प्रकाश पारिएको छ ।

### ६.१.१ बसोवासको स्थिति र घरको बनावट (Locality and Houses)

यहाँका चामलिङ्ग राईहरुको बसोवास क्रमस तल देखि माथि वा माथि देखि तल तिर लहरै घर बनाई बसोवास गरेको पाइन्छ । यसरी यिनीहरुले घरको बसाईको स्थितिलाई हेरेर टोलहरु छुट्याई टोलहरुको नामकरण गरी विभाजन गरेको छ । यसरी यिनीहरु घर वस्दा एकै ठाउँमा सामुहिक रुपमा एउटै ठाउँमा घर नबनाई घरैपिच्छे फरक फरक ठाउँमा एक्ला एक्लै घर बनाई बसेको पाइन्छ ।

यिनीहरुले टोलको नामकरण गर्दा भौगोलिक अवस्था र स्थानिय स्तरमा रहेको प्रचलित घर तथा धाराको आधारमा नामकरण गरेको पाइन्छ । जस्तैः मुलडा, डाडाटोल, गैराघर, कर्कले, तलेघर, ढुंगे आदि यसरी नामकरण गरेको पाइन्छ ।

घरको बनावटलाई हेर्दा आजभोली नयाँ किसिमको भुँईतल्ला सहित तीन तला भएको ढुंगा र माटोले बनेको घर जसलाई जस्तापाता, टायल, खरहरले छाएको पाइन्छ भने यहाँका आर्थिक अवस्था कमजोर भएका चामलिङ्ग राईहरुले सालको रुखको खम्वाकाटी सोही खम्वाले मतान (जसलाई उनी नौखाबे, बाह्रखाबे भन्दछन् ।) बनाई वासको चोयाको चित्रा बनी सोही चित्राले छाई एकतला सम्म छापी बनाई बसेको पाईयो । यो भन्दा अगाडी घुमाउने घर रहेको थियो । जसलाई भत्काई आजभोलीको घर (जसालई धनकुट घरभनी उनीहरु भन्दछन् ।) यस्तो किसिमको घर आजभोली, बनाइएको पाईन्छ । घर बनाई घरमा उनीहरुको मुख्य देवालयको रुपमा मान्ने चुला गाडी घरपैचो गरी चुला पुजीमात्र घरभित्र पसी वस्ने चलन छ । यी आफू वस्ने घरका अलवा गाईवस्त, कुखुरा, सुंगुर, बाखाका लागि सानातिना गोठ तथा कटेरोहरु पनि आफ्नो घर छेउछाउबनाई ती वस्तुभाउहरु, पशु, पंक्षीहरु राखेका हुन्छन् ।

आफ्नो मुलघरमा यिनीहरुको तीनवटा ढंगाको चुला गाडिएको हुन्छ । जसलाई यिनीहरु दाया अगेना भन्दछन् । पश्चिमपट्टी अथवा घरको जसकेलो पट्टी जँकमा दिछुम राखेको हुन्छ । यिनीहरुको घरमा दुईवटा ढोका मुन्दैलो र राखेका हुन्छ । घरभित्र पस्नुभन्दा अगाडी सिकुवा राखेको हुन्छ । जसमा एउटा खटिया राखको हुन्छ । त्यसमा सवैभन्दा अगाडी अगान्तुकहरुलाई राखिन्छ र बातचीत गरिन्छ । माथिल्लो तलामा खाद्यसामाग्रीहरु र अन्य कुल देवताहरु एउटा कुनामा राखिएको हुन्छ ।

### ६.१.२. भेष भूषा तथा गरगहना (Dresses and Ornaments)

भौगोलिक अवस्था र हावापानीले कुनै पनि जातजातिको भेषभूषा लुगाफाटामा गहिरो प्रभाव पारेको हुन्छ । यसै अनुसार यस क्षेत्रका चामलिङ्ग राई जातिहरु पनि लगाउने गर्दछन । यस ठाउँमा वर्षको ३ महिना जाडोले वित्दछ भने अरु महिना सामान्य गर्मीले बित्दछ । यहाँका छोरीमान्छेहरु चौवन्दी चोलो, र फरिया लगाउने गर्दछन् । पहिला-पहिला कपासको धागो बनाई त्यसैको फरिया बनाई छिटको सारी (फरिया) लगाउने गर्दथे भने आजभोली यसको चल्न हराउँदै गएको पाइन्छ । टाउकोमा भने मजेत्रो -जसलाई चामलिङ्ग भाषामा बर्की भनिन्छ । ओड्ने चलन छ । त्यसैगरी नयाँ पिढीका छोरी मान्छेहरुले चौवन्दी चोलो, लुंगी, साडी समयानुसार परिवर्तित समयको प्रभावले यी कुराहरु लगाउन थालेका पाइयो । त्यसै गरी पुराना पिढीका लोग्ने मार्निसहरुले पहिला पहिला खाडी कपडाको (कपासको) धोती र भोटो लगाउदथे भने आजभोलीका लोग्ने मासिहरुले दौरासुरुवाल, जुवारीकोट र ढाका टोपी लगाउने चलन छ भने नयाँ पिढिका युवाहरुले सर्ट, पाइन्ट, कोट, ज्योकट, आदि लगाउने गर्दछन । समयअनुसारको परिवर्तनको प्रभावले छोरी मानिसहरुमा झै छोरा मान्छेमा पनि प्रभाव पारी पुराना आफ्ना पोषाक भेषभूषाहरु लगाउन छाड्दै गएको पाइन्छ ।

चामलिङ्ग राईहरुले आजभन्दा करिव १ पुस्ता अगाडी सम्म आफू तथा आफ्ना परिवारहरुका लागि कपासको धागो काटि कपडा बुन्ने चलन रहेको पाइन्छ । यही कपडाबाट छोरा मान्छेले धोती, भोटे सिलाउने र छोरी मान्छेले चौवन्दी, चोलो, फरिया, बर्की (मुजेत्रो) बनाई लगाउदथे । यसरी कपडा बुन्ने प्रबिधीलाई तान बुन्ने भनिन्थ्यो । यो प्रविधि आजभोली समयको परिवर्तन साथ साथै विश्व बजारमा आएको आधुनिकीकरणले गर्दा विस्थापित भई लोपोन्मुख अवस्थामा रहेको पाइन्छ । यदाकदा कसै कसैले रहरको रुपमा तान बुन्ने गरेको र छोरामान्छेले त्यस कपडाका दौरा सुरुवाल सिलाई लगाइएको पाइन्छ ।

चामलिङ्ग राईहरुका छोरा मानिसले गहनाको रुपमा कसै कसैले सुनको औठी र सिक्री लगाएको पाइन्छ भने यस जातिका महिलाहरुले भने विभिन्न प्रकारका गर गहनाहरु लगाउने गरेका पाइन्छ । यी गहनालाई लगाउने वा प्रयोग ल्याउने तरिकारको आधारमा ४ तहमा वर्गीकरण गर्न सकिन्छ ।

१. शीरमा लाउने गहनाहरु : गदवारी सुन (सुनको फुल) कानढुँग्री, कानमा लगाउने चेप्टे सुन, कानमा लगाउने फुली, कानमा लागउने लुर्के सुन , नाकमा लागउने झुम्के मुन्द्री, बुलाकी, टिका आदि पर्दछ ।

२. गलामा लगाउने गहना : कण्ठ, तिलहरी, कम्पनी हारी, जोबीटे हारी, आठआनी, चारआनी हारीहरु पुवालोको माला आदी पर्दछ ।

३. हातमा लागउने गहनाहरु : चुरा, काढे चाँदीको चुरा (पहिला-पहिला २८ तोला, १४/१४ तोलाको) चुरा बनाएर लगाउनथे भने आजभोली लोप भइसकेका अवस्थामा छ । वटारे चुरा औठी आदि ।

४. खुट्टामा लगाउने गहनाहरु : २८/२८ तोलाको चाँदीको कल्ली आदि पर्दछ ।

यी गहनाहरुको यस जातिमा आफ्नै महत्व रहेको छ । यस जातिको विवाह हुँदा बेहुलीलाई बेहुलाको तर्फबाट दिने चलन थियो र आजभोली भने माथि उल्लेखित गरगहनामध्ये सुनको सिक्री चुरा औठीमात्र बेहुलीलाई दिने गर्दछ । चाँदीको गरगहना भने लोप हुने अवस्थामा रही यिनीहरुलाई प्रयोगमा ल्याउने क्रम कमी हुँदै गएको पाइन्छ ।

माथि उल्लेखित यस जातिको संस्कृतिलाई झल्काउने परम्पागत गहना तथाआभूषणहरु अहिले एकदमै कम मात्रामा लगाइएको पाइयो । यी गरगहनालाई प्रयोगमा नल्याई लोप हुने अवस्थामा पुगको पाईयो । कसैले आर्थिक समस्याको समाधान गर्नको लागिआफ्नो पुरानो गरगहना बेची समस्या समाधान गरेको पाईयो । यी परम्परागत गरगहनाको ठाउँमा आजभोली साधारण गहनाहरु चुरा, पोते,

तिलहरी, सुनको सिक्री, औठी, टप, रिङ्ग इत्यादी लगाउने गरेको अध्ययनको सिलसिलामा पाइयो ।

### ६.१.३ परिवारमा व्यक्तिको स्थान र नातासम्वन्ध

मानिसहरुलाई समाजमा रहन र वस्नको लागि सामाजिक वन्धनले बाँधिएको हुन्छ । त्यस समाजलाई संचालन गर्न त्यहि समाजका मासिनहरुले सामाजिक नियमहरु बनाई यिनीहरुले त्यस नियमलाई पालना गरी समाजमा मासिनहरु बसिरहेको हुनछ । त्यसैगरी परिवारमा पनि परिवार संचालन गर्न पारिवारिक नियमहरु बनाई परिवार संचालन गरेको हुन्छ । यसरी परिवारमा परिवार संचालन गर्न परिवारका व्यक्तिहरुमध्ये वाबु तथा आमाको ठूलो भूमिका रहेको हुन्छ । यहाँका चामलिङ्ग राईहरुलाई पनि यस नियमले बाधिएको पाइन्छ । यहाँका  चामलिङ्ग राईहरुमा परिवारमा सवैभन्दा ठूलो स्थान बाबुको त्यपछि आमाको र क्रमश ठूलो छोराको रहेको पाइयो । नाता सम्वन्धमा भने तीन किसिमको नाता सम्वन्ध रहेको पाईयो । ती हुन् : १. रगतको नाता, २. वैवाहिक नाता, ३. मितेरी नाता

यी माथिको नातेदारी सम्वन्धलाई नातेदारी व्यवस्था (Kinship system) भनिन्छ । मानिस एक सामाजिक प्राणी हो । उसले समाजमा आफ्नो एक्लो अस्तित्व कायम गर्न सक्दैन त्यसैले समाजका अन्य मासिनहरुसँग उसको सम्पर्क र अन्तरक्रिया हुन आवश्यक हुन्छ । यस्तो सामाजिक अन्तरक्रियाबाट मानिस मानिस वीचमा उक विशिष्ट किसिमको सम्वन्ध स्थापित हुन्छ । त्यही सम्वन्धलाई नाता भन्न सकिन्छ । अर्थात नाता सामाजिक सम्वन्ध हो जो विवाह र जन्म पछि हुन्छ । मानवशास्त्रीय शव्दकोष अनुसार नातेदारी व्यवस्था समाजद्धारा मान्यता प्राप्त त्यो सम्वन्ध हो जो अनुमानित र रक्त सम्वन्धमा आधारित छ ।

**१. रगतको नाता :**

रगतको नाता जन्मबाट हुन्छ । यो सवैभन्दा नजिकको सम्वन्ध हो । यसभित्र एउटै साझा रगतबाट विभाजन भएका नातेदारहरुको समूह पर्दछ । यो

नाता कहिले नतोड्ने ज्यादै नजिकको र सुमधुर नाताको रुपमा लिएको पाइन्छ । चामलिङ्ग राईहरुमा यो नाता अनुसार चाहे जति पुस्ता भएपनि विवाह चल्दैन । यस किसिमको नाता अन्तर्गत बाबु, आमा, छोरा, छोरी, काका, काकी, भतिजी, भतिजीनी, नाती नातिनी जस्ता कुने अवस्थामा पनि सम्वन्ध विच्छेद हुन नसक्ने नाताहरु पर्दछन् ।

**२. वैवाहिक नाताः**

वैवाहिक सम्वन्ध पछि स्थापित हुने नाता नै वैवाहिक नाता हो । चामलिङ्ग राईहरुेका वैवाहिक नाता अन्तर्गत दुई किसिमको नाताहरु पर्दछन् । बाबुको विवाहबाट स्थापित मावली नाता र आफ्नो विवाहबाट स्थापित ससुराली नाता यस्ता नाता अन्तर्गत मामा, माइजु, ससुरा, सासु, साला, साली, नन्द, देवर, भाउजु, भिनाजु, सोल्टी, सोल्टनी आदि पर्दछन् । हाल आएर यी जातिहरुले अन्य समूह तथा जातिहरुसँग पनि वैवाहिक नाता स्थापित गरेको पाइन्छ ।

**३. मितेरी नाता :**

चामलिङ्ग राई जातिहरु यो नाता निकै मन पराइएको पाइन्छ । यो नातामा आफ्नो जाति भन्दा बाहिरीका जातसँग मित लगाएर मितेरी नाता कायम गरिन्छ । विशेष गरी केटाले केटासँग र केटीले केटीसँगै मित लगाउने चलन छ । मित लाई सकेपछि मितका आमा, बाबु, दाजु, भाई, दिदी, बहिनी सँग आफ्नै सदस्यझै व्यवहार गनुपर्दछ । मित मितको परिवार वीच विवाह चल्दैन । चामलिङ्ग राई जातिहरुमा रक्त सम्वन्ध र मितेरी नाता सम्वन्ध, वैवाहिक नाता सम्वन्ध एकै रुपमा लिएको पाइन्छ । यी जातिका वैवाहिक नाता सम्वन्ध रक्त सम्वन्ध र मितेरी नाता सम्वन्धमा प्रयोग हुने शव्दहरु निम्नअनुसार प्रयोग गरिन्छ ।

| चाम्लिङ्ग शब्द | अर्थ |
|---|---|
| छेपा | बराजे |
| कोपा | बाजे |
| कोकु | बजू |

| | |
|---|---|
| छदिपा | ससूरा |
| छादिमा | सासू |
| पापा | बुबा |
| मामा | आमा |
| तिप्पा | ठुलोबुबा |
| तिप्मा | ठुलो आमा |
| पापासिबे | काकी |
| मामसिम्मा | फुपु |
| छामै | सानीआमा |
| बाबै | सानी बुबा |
| आच्कौ | मामा |
| आचुम्मा | माईजु |
| बुबा | दाजु |
| निछो | भाई |
| टाल्मी | भिनाजु |
| नाना | दिदि |
| नामै | बुहारी |
| निछोम्बोमा | बहीनी |
| मोछा | जुवाई |
| याया | बच्चा |
| छुछा | छोरो |
| छाछामा | छोरी |
| छीछापा | भान्जा |
| छीछामा | भान्जी |
| कोरुपा | मावली |
| ओईनी | सोल्टीनी |
| ङापा | सम्धी |
| ङाम्मा | सम्धीनी |
| चोदीम | नाती |
| चादीमा | नातीनी |
| चादीबूङ | पनाती |

| | |
|---|---|
| छोछा | भदै |
| छछा | भतिजो |
| बोसिम्बोम्मा | भाउजु |

### ६.१.४ खानपान (Food)

यस क्षेत्रका चमलिङ्ग राईहरुको दैनिक खानपानमा मुख्य वस्तुहरुमा स्थानिय स्तरमा उत्पादित हुने धान, मकै, कोदो, आदिबाट बनाएका परिकारका साथै तरकारीमा मास, भटमास, दालबाट बनाएका परिकारहरु खान्छन् । दाल, भात, ढिडो, यिनिहरुको परम्परागत खाना हो । यसबाहेक यिनिहरुले तरकारी दैनिक रुपमा खाने गर्दछन् । चाडपर्वहरुमा, पाहुना पात आउँदा दालभात तरकारीका साथै माछा मासुको पनि प्रयोग गर्दछन् । यिनीहरु तरकारीको रुपमा गाउँमै तथा हाट बजारबाट किनेर ल्याएर महिना महिनामा मासुको तरकारी खाने पनि गरेको पाइयो । पेय पदार्थमा आफैले बनाएको कोदो तथा मकैको जाड रक्सी  दिएको पाईन्छ । ल्याएका मासुका अलवा आफैले पालेका कुखुरा, परेवा,  सुँगुर, बोका आदिको प्रयोग गर्दछ । यी जातिहरुमा चिया भने आजभोली मात्र कमैमात्रामा पिउने गर्दछन् भने बुढापाकाहरु सुर्ती चुरोट खाने गर्दछन् भने युवापुस्ताहरुमा खैनी सूर्ती खाएको पाइन्छ । यिनिहरुको परम्परागत खाना बाहेक आजभोलीका उत्पादित खानेकुराहरु ( चाउ चाउ, बिस्कुट आदी) खाने गर्दछन् । परम्परागत पेय पदार्थहरु मा यिनिहरुको जाड, रक्सी हो भने आजभोलीका उत्पादित रक्सीहरु पनि खाने गरेको पाईन्छ । परम्परागत पेय पदार्थहरु परम्परागत रुपमा नै माटाका भाडा तथा तामा, पितलका भाडाकुडाहरुमा पकाएर, बनाएर, खाने चलन रहेको छ । यिनिहरुको खानपान गर्ने भाडाकुडाहरुमा कासका थाल, डबका, माटाका भाडाकुडाहरु परम्परागतका रुपमा चलाउदै आएका थिए भने आजभोली यिनिहरुको सट्टा आजभोली उत्पादित स्टिल तथा प्लाष्टिकका भाडाकुडाहरु अधिक प्रयोग गरेको पाइयो ।

## ६.२ धार्मिक पक्ष

नेपाल बहुभाषी र बहु धार्मिक भएको देश हो भन्ने कुरामा निविवाद भएकै कुरा हो । त्यसैले नेपालको अरु क्षेत्रमा झै यस दोर्पा चिउरी डाडा गा.वि.स. को वडा नं. १ मा पनि विविध धर्म संस्कृति अनुसरण गर्दै आएका मानिसहरुको वसोवास रहेको पाइन्छ । यो वडामा किरात राईहरु मध्येका चामलिङ्ग राईहरुको बाहुल्यता बढी भएको वडा हो भन्ने कुरा अगाडी नै उल्लेख गरिसकिएको छ । त्यसैले यस अध्ययनमा यस वडामा वसोवास गर्ने चामलिङ्ग राइहरुको धार्मिक पक्ष वारेमा अध्ययन गर्ने जमर्को गरिएको छ । यसमा खासगरी यस वडामा बसोवास गर्ने चामलिङ्ग राईहरुले अंगालेका र मान्दै आएका धार्मिक पक्षहरुको वारेमा जानकारी गराउने कोशिस गरिएको छ । ती धार्मिक पक्षहरुलाई निम्न प्रकरणहरुमा उल्लेख गरिएको छ ।

### ६.२.१ चुला प्रथा :-

चामलिङ्ग राईहरुले आफ्नो मुख्य कुलदेवताको रुपमा आफ्नो चुलालाई मान्दछन् । यिनीहरुले चुलालाई दायालुङ्ग (देवालय) भनी पुज्दछन् । देवालयको रुपमा चुलालाई मानी यिनीहरुले मुख्य देवताको रुपमा आफ्नो चुलालाई मानी वर्षमा दुई पल्ट उभौली र उधौली अथवा वैशाखे पूर्णिमा पछिका दिनमा र सोह्र सराद पछिका दिनमा आफ्नो कुल देवताहरुको पुजा गर्दा आफ्नो मुख्य देवताको रुपमा चुलाको पुजा गर्दछन् । चुलालाई चामलिङ्ग राईहरुले तीन किसिमले विभाजन गरी तीन वटा चुलालाई छुट्टाछुट्टै नाम राखेको पाइन्छ । ती नामहरु क्रमशः १. सुप्तीलुङ्ग (मुख्य चुला) २. बाहिलुङ्ग (दाजुभाईको चुला) र ३. छैकुलुङ्ग (छोरी चेलीको चुला) भनी विभाजन गरिएका छन् । यी चुलाहरुलाई उभौली र उधौलीमा पुजने चलन छ । चामलिङ्गहरुले आफ्नो कुलपुजा गर्दा देखि लिएर विवाह, मृत्यु संस्कारहरुका स्वदेश तथा विदेशबाट रुपिया (पैसा) कमाई ल्याई घर भित्र्याउदा समेत चुलामा देखाउनु पर्ने हुन्छ । यस अवस्थामा चुलाको पुजा गर्ने चलन छ । चुलालाई दायालुङ्ग (

देवलाय) को रुपमा पुजा गर्ने गर्दछन् । घरको छोराहरु छुटिएर भिन्न वस्दा उसले चुला अनिवार्य गाड्नु पर्दछ । चुला गाड्दा धामी (नछौ) ले मचैनुङ्ग लगाउँदछ । मचैनुङ्ग लगाउनु भनेको आफूलाई चिनाउने अर्थमा यहाँका चामलिङ्ग राइहरुले लिने गर्दछन् । यसरी चुला गाड्दा देखि लिएर विवाह, मुत्यु संस्कारमा ठूलो चिन्ता वसाउदा देखि पैसा कमाई ल्याई चुलामा देखाउँदा समेत चुलामा माङै गर्ने चलन छ । यसलाई निम्न  प्रकरणमा चुला पुज्ने बारे उल्लेख गर्न सकिन्छ ।

**१. चुला गाड्दा :**

कुनै एक परिवारको छोरा छुटी भिन्न वस्दा आफूलाई चिनाउनको लागि मचैनुङ्ग लगाउनु पर्ने हुन्छ । यसरी मचैनुङ्ग लगाउँदा चल्ला काटी धामी (नछौं) ले माङै गरी चुला गाडी मचैनुङ्ग लगाउने चलन छ । मचैनुङ्ग लगाउँदा चुला गाडी धामी (नछौं) ले चुलालाई पुजी तीनै चुलालाई भोग दिने चलन रहेको पाइन्छ । यो चलन परापूर्वकालदेखि गर्दे आएको चलन हो भनि यहाँका चामलिङ्ग राईहरुले भन्ने गर्दछन । यो चलन बाजे पुर्खाहरुले गर्दै आएको हुनाले यसैलाई निरन्तरता दिएको पाइन्छ ।

**२. विवाह गर्दा :**

विवाहमा छोराको विवाह हो भने जन्ती जानुभन्दा अगाडी एउटा कासको डवका  (वाहीदु डवका) र एक रुपैँया पैसा जुन बेहुलीको घरमा जन्तीले छोडी जानुपर्ने हुन्छ । त्यसलाई माङ्गै गरी चल्लाको रगतले भोग दिई जन्ती जाँदा लगिन्छ भने छोरीको विवाहमा बेहुली पट्टीबाट ल्याईएको डवका र पैसालाई धामीले माङ्गैगरी चललाले भोग दिई सो डवका राखिन्छ भने डवडाको साथमा ल्याईएको पैसा भने फिर्ता दिईन्छ । यी अवस्थाहरुमा माङै गरी चुला पुजिन्छ । रकम भित्र्याउँदा स्वदेश विदेशबाट रकम कमाई घरमा ल्याउँदा पनि चुला पूजी पैसालाई मागै गर्ने चलन छ । यो चलन परापूर्वकालदेखि गर्दे आएको चलन हो भनि यहाँका चामलिङ्ग राईहरुले

भन्ने गर्दछन । यो चलन बाजे पुर्खाहरुले गर्दै आएको हुनाले यसैलाई निरन्तरता दिएको पाइन्छ ।

**३. मुत्यु संस्कारमा**

मानिस मरेपछि घर चुला चोख्याउनको लागि धामी बसाई चुला च्योख्याउने चलन छ भने मरेको मानिस इसाखाली भई ठूलो चिन्ता (विजुवा) बसाउनु पर्दा ठूलो चिन्ता (विजुवा) बसेकोमा चुला जुठो भयो भनी चल्लाले माडॆ गरी चुला च्योखाउने चलन छ । यो चलन परापूर्वकालदेखि गर्दे आएको चलन हो भनि यहाँका चामलिङ्ग राईहरुले भन्ने गर्दछन । यो चलन बाजे पुर्खाहरुले गर्दै आएको हुनाले यसैलाई निरन्तरता दिएको पाइन्छ ।

यी माथिको कार्यहरु गर्दा पर्दा चुला चोख्याउनु, पुजनु पर्ने अनिवार्य छ । यसरी चुला पुजदा मपा (धामी) ले वासेप्ला (प्रकृति) साकेला, सोपीया, सालातम्बु, वासेप्ला, लाचिखँ भिंक, फलाग्दै पुकार्दै चुला (दयालुङ्गः बाहिलुङ्ग, सुप्तीलुङ्ग र छैकुलुङ्ग) मा आई पुजा गरी ङेसरी, छिदु स्वाली (भऱ्याङ्ग), मखँ (जसकेलो), हुँदै उसको कार्य समाप्त गर्दछ ।

**६.२.२. कुल देवता तथा पुजा प्रथा :** चामलिङ्ग राईहरु आफ्नो सवैभन्दा ठूलो देवता चुलालाई मान्दछन् र चुलालाई देवालय (दायालुङ्ग) को रुपमा मानि देवालय ( दायालुङ्ग) भनी चुलाको पुजा हरेक कार्यहरुमा गर्दछन् भन्ने कुरा माथि नै उल्लेखित भईसकेको छ । यस खण्डमा उनीहरुले मान्ने देवताहरु र उनीहरुले गर्ने पुजा आजहरुको बारेमा उल्लेख गरिएको छ ।

**६.२.२.१ माछाकमा (दिछुम)**

चामलिङ राईहरु माछाकमा (दिछुम) लाई आफ्नो कुलदेवताको रुपमा पुज्ने गर्दछ । यसलाई उधौली र उभौली उनीहरुको भाषामा छिरिनम र भिरिनममा पुज्ने चलन छ । उभौलीमा भाले र उधौलीमा पोथीले पुज्ने चलन छ । उभौली भन्नाले

वैशाखे पूर्णिमा पछि जसलाई हुईलुङ्ग पनि भनिन्छ । यसबेला पुजिन्छ र उधौली भन्नाले सोह्र सराद पछिको कुल पुजा जसलाई छवा भनिन्छ । यस बेला पनि चुला पुजिन्छ । छौवाको बेलामा नयाँ धान, अदुवा र कोदो पनि चलाउने बेलाको रुपमा यस वेलालाई चामलिङ्ग राईहरुले लिएको पाइन्छ । यो माछाकमा (दिछुम) पुजनु पर्ने कारण भने चामलिङ्ग राईहरुका अनुसार धेरै वर्ष अगाडी उनीहरुको जुजु बजु भडार (ज्वयमा तुप्खुमा) मा मरेको हुनाले उनी मरेपछि सारा चामलिङ्गहरु विरामी भएपछि जान्ने बुझ्नेहरुलाई देखाउँदा तिमीहरुको जुजुवजुले गर्दा तिमीहरु विरामी पर्‍यौ उनलाई उनि मरेकै  ठाउँमा पुजा गर  भनी भन्दा पुजन शुरु गरेको भन्ने भनाई अनुसार आज सम्म पनि पुज्दै आएको चल छ । यसरी पुजन थाले पछि सन्चो सुबिस्ता भएको भनाई रहेको छ ।

### ६.२.२.२. तरेपा (मान्टेके)

(तरेपा (मान्टेके) लाई पनि चामलिङ्ग राईहरुले आफ्नो कुल देवताको रुपमा माछाकमा दिछुमा लाई झै उधौली (छिरिनम) र उभौली (झिरिनम) वा छउवा र हुईलुङ्ग गर्दा पोथीले पुजने चलन छ । चामलिङ्ग राईहरुका अनुसा खोटाङ्ग जिल्लाको चुईचुम्मा चार किल्लाको खोलापाछा बुढा मान्छेलाई उसको बुहारीले जाड्खान नदिदा बुढा मान्छेलाई जाड खान मन लागेको वखत बुहारी पानी भर्न पधेरोतिर जाँदा बुढा मान्छे जाड खानको लागि लम्बु (ध्याम्पा) भित्र मुन्टो हुली जाड खान खोज्दा कुप्ध्यास्या (घोप्टी मरेको) हुनाले त्यही वेलादेखि चामलिङ्ग राईहरुलाई विरामी पर्ने थालेछ । पछि उसलाई पुजनु पर्ने भएछ । आज पनि साप्सु पारीबाट बुहारी ल्याउनेहरुले बुहारीका साथ साथ दाइजोको रुपमा देवता भनी तरेपा ल्यायो पुजनु पर्छ भनी साप्सु पारीको बुहारी ल्याउनेहरुले सवैले तरेपा (मान्टेके) पुज्ने चलन रहेको छ ।

### ६.४.२.३. हुर्छुम (बपामी)

माथि उल्लेखित माछकमा, दिछु तरेपा (मान्टेके) झै चामलिङ्ग राईहरुको कुल देवताको रुपमा हुर्छम (बपामी) लाई पनि उधौली र उभौली वा छेउवा र हुईलुङ्ग गर्दा पुजने चलन छ । यो देवतालई यहाँका चामलिङ्ग राईहरुले सवैले पुजने चलन छ । यो देवतालई कसैले दाइजोको रुपमा पाएको भनी पुजने गर्दछन् भने कसैले आफ्नै पुर्खा सिकारी थियो र उसलाई पुजेको भन्ने भनाई रहेको पाइन्छ । उनीहरुका अनुसार भान्जा चेलालाई पछ्याएर आएको मावली पट्टीको सिकारी भनी दवालीछाले, माथा हाँगा, वाडाछाहरुले पुजने गर्दछन् भने जेठाबुढा खालले आफ्नै पूर्खा हो भनी पुजने गर्दछन् । यो पुज्दा चुला पुज्दा साथ साथै पुजिन्छ ।

### ६.२.३. देवदेवता पुजा प्रथा :

यहाँका चामलिङ्ग राईहरु आफ्नो कुल देवताहरुका अलवा अन्य देवीदेवताका पुजा आजाहरु पनि गर्ने गरेका पाइन्छ । यी देवदेवताहरुलाई पनि यिनीहरुले उनीहरुको कुल देवताहरुलाई झै वर्षमा दुईपल्ट उधौली र उभौलीमा पुज्ने गर्दछन् ।

### ६.२.३.१ पूर्वे पश्चिमे :

पूर्वे देवता यसलाई वालाकु हमा र नुककाछहमा भनि भनिन्छ । पूर्वो देवता पुजदा कुखुराको भाले पोथी दूई वटाले पुजने चलन छ । यदि घरमा माउ सुंगुर छ भने माउ सुंगुर भएको घरमा पुर्वे गर्दा सुगुरको पाठाले अनिवार्यरुपमा गर्नुपर्ने चलन छ । यो पूर्वे देवता कसरी रहन गयो र किन पुजिन्छ भन्ने विषयमा यहाँका चामलिङ्ग राईहरुका अनुसार धेरै वर्ष अगाडी गाउँबाट चेली माईती विग्रीएर धनकुटाको मार्का पोखरीमा बसेछ र त्यही मरेपछि गाउँमा मानिसहरु विरामी पर्न थाले पछि उनीहरुलाई देवताको रुपमा मानी पुजा गर्नाले सञ्चो सुविस्ता भएको हुनाले आजसम्म पनि पूर्वे पुजा गर्ने चलन छ । यो खातवा धामीले पुजा गर्ने चलन रहेका छ ।

**पश्चिमे :**

पूर्व र पश्चमे पुजा प्राय संगै गरिन्छ । पूर्वे गर्नुभन्दा अगाडी पश्मिेको पुजा गरिन्छ । यो पुजा गर्नेलाई एक जोर परेवाको बच्चा, भाले र पोथी चाहिन्छ । पश्चिमेमा जम्मा चारवटा देवता रहेको छ भन्ने भनाई छ र पश्चिमे पुजा गर्दा पनि चार वटै देवताको नाम लिइने गरिन्छ । ती देवताहरु यस प्रकार छन् । १. खोटाङ्ग जिल्लाको उर्खोले भन्ने ठाउँमा पंयुको रुखमुनी पंयुकै लाठीले मधेसबाट आएको मधेसे जसलाई ठाकुर राजा भनी सम्वोधन गरेको पाइन्छ । यसलाई त्यस ठाउँमा मरेकोले पछि उसैलाई ठाकुरराजा भनी खुकुराको पोथीले पुजने चलन भएको भनाई चामिलङ्ग राईहरुको छ । त्यसैगरी फोरसीं विजुवा मरेकोले उसलाई भालेले पुजने चलन छ । यसरी नै इछममालाई पोथीले पुजने चलन छ । यो पुजन चलन पनि अरु देवताहरु झै वंयुमाछ्रा गरेको यंयुछ्रा इंसरवुंग सरयुंगमा नाम गरेको मानिस खोटाङ्गकै अर्खौलामा मरेकोले ऊ मरेपछि मानिसहरु विरामी परेछ । विरामी परेपछि उसलाई पुजदा मानिसहरु सन्चो भएकाले आज पनि पुजने चलन छ । यो पुजा पनि खातावा धामीले गर्ने गर्दछन् । यसै गरी पशिचमका चारवटा देवता मध्ये एक वटा देवताको रुपमा काली कमीलाई नौसिगे भालेले पुजनु पर्दछ भनी आजभोली पुजने गर्दछन् । चामलिङ्ग राईहरुका अनुसार वावियोको डोरीले सुर्काउने गालो पासो बनाई काली कमीनी झुन्डिएर मरेको हुनाले पछि उसैलाई देवता भनी पुजन थालेका भन्ने भनाई छ । आजभोली पनि पश्चिमे पुजा गर्दा बावियोको सुर्काउने बनाई नौसिँगे कुखुराको भालेले पुजने चलन छ भने यसलाई पनि अरु देवता झै खातवा नछौ ( धामी) ले पुजा गर्दछ ।

यी माथि उल्लेखित पश्चिमे चार वटा देवताहरु : ठाकुर राजा (मधेसे), फोरसिंह, विजुवा, इछममा, कालीकमीनी एकै पल्ट गर्ने गरिन्छ । पश्चिमे गरी सकेपछि मात्र त्यही बेला पूर्वे गरिन्छ । यी सवै खातवा धामीबाट गरिन्छ ।

### ६.२.३.२. सन्सारी

अन्य देवदेवता झैं यो देवतालाई पनि चामलिङ्ग राईहरुले वर्षमा दुईपल्ट वैशाख पूर्णिमा पछिको शनिवारका दिन र मंसीरे पूर्णिमा पछिको शनिवारका दिन खातवाधामी वा जान्ने बुझ्ने (रिसीमी) मान्छेले गर्ने गर्दछ । यो पुजा गर्दा रागो, कुखुरा, परेवा, हाँस र सात किसिमको ध्वजाले गर्ने गर्दछन् । चामिलङ्ग राईहरुका अनुसार सातजना कन्या केटी एकै चोटी मरेका हुनाले यिनीहरुलाई अब देखि यसरी नमरौं भनी पुजा गर्ने चलन चलि आएको भन्ने भनाई छ ।

### ६.२.३.३. विजुवा

चामलिङ्ग राईहरुलाई बाघले सारै दुःख दिई गाईवस्तु भेडाबाख्रा, सुगुरहरु खाने मार्ने विगार गर्ने भएकालेले अब हामीहरु तिमीलाई एउटा थान बनाई पुजा गर्दछौं हाम्रो खती नगर भनी विजुवा थान वनाई उभौली उधौलीमा कुखुराको भालेले सवै त्यहाका चामलिङ्गहरु भेला भई पुजा गर्न थालेकोले बाघले दिगार गर्ने छाडेको हुनाले विजुवा पुजा गर्ने चलन भएको भन्ने भनाई र त्यही थानको नामबाट त्यहाँ रहेको खेतको नाम पनि विजुवा थान खेत रहेको पाइन्छ । नोट (यसै विषयलाई लिएर एउटा घटना भएको पनि नछौ (धामी) सर्वधन राईको अनुसारः विजुवा सिजुवा गर्दिन त्यहाँ गएर हगीपो दिन्छु भनी गर्जेम्माले भन्दा त्यसै दिन राती बाघ आएर उसको सुगुर लगिदिएछ र फेरी त्यसपछि उसले विजुवाको पुजा गर्न थाल्यो ।)

### ६२.३.४. वोइरंगे

अन्य देवताहरुलाई झै यसलाई पनि चामलिङ्ग राईहरुले देवताको रुपमा मानि उभौली र उधौलीमा वर्षमा दुईपल्ट वैशाखे पूर्णिमा र मंसिरे पूर्णिमा पछि गर्ने चलन छ । यो पुजा गर्दा कुखुराको भाले पोथी दुईवटा तुंम्वा, हुक्का र चिलिम बासको बनाई थानमा राखि पुजा गरिन्छ । यो पुजा भएसम्म धामीले र नभएपछि

छोरा मान्छेले गर्दछ । खोटाङ्गको वोइ राङ्ग भन्ने ठाउको दुई बुढा बुढी खोकी मरेपछि वस्तुहरु भाउहरु विरामी परि मर्न थाल्यो, खोक्न थाल्यो त्यसपछि ती दुई बुढाबुढीको नाममा पुजा गर्न थालेपछि राम्रो हुँदै गएकोले आजभोली पनि यी दुई बुढाबुढीलाई ओइरागेको नाम गरी पुजा गर्ने चलन रहेको भन्ने भनाईलाई मान्दै पुजा गर्ने चलन रहेको चामलिङ्ग राईहरु भन्छन् ।

### ६.२.३.५. थानी र सिकारीः

थानी सिकारी पनि चामलिङ्ग राईहरुले देवताको रुपमा अन्य देवताहरु झै वैशाखे पूर्णिपछि र मंसिरे पूर्णिमा पछि या उभौली उधौली वर्षमा दुई पल्ट गर्ने चलन छ । यो पुज्दा कुखुराको भाले पुजने गर्दछ । थानी र सिकारी यी दुवैलाई एउटै थानमा एकैपल्ट पुजने चलन छ । थानीलाई भालेले भोग दिने चलन छ भने सिकारीलाई रगत नपारी धुपमात्र दिने गर्दछ । चामलिङ्ग राईहरुका भनाई अनुसार खोटाङ्ग जिल्लाका खेरेसुङ्गछा चामलिङ्ग राईहरुका पूर्खा सिकार खेल्न जादा खोटाङ्गकै निर्मलीडाडाको बुधवारे भन्ने ठाउँमा मरेको हुनाले उसैवेला देखि मानिसहरु र वस्तभाउहरु विरामी परेकाले उसलाई देवता मानि पुजा गर्न थालेपछि सञ्चो सुविस्ता हुँदा आज पनि पुजा गर्ने चलन रहेको भन्ने भनाई चामलिङ्ग राईहरुको पाइन्छ । आज पनि त्यस गा.वि.स.बाट राईहरु बाहेक अन्यले जातले गाई वस्तु ल्याउदा गाई वस्तुको पुच्छर डढाई उतैतिर बस हामीसँग नआइज भन्दै गाईवस्तुहरु ल्याउने गर्दछन् र वुधबारे भन्ने ठाउँमा पैसा चढाउने चलन अध्यपी छदैछ ।

### ६.२.३.६. साप्सु

चामलिङ्ग राईहरु अन्य राईहरु झै प्राकृतिक पुजारी हुन् । यिनीहरु पनि खोला नालका पुजा गर्दछन् । यिनीहरु पनि आफ्नो गाउ नजिक वग्ने साप्सु खोलाको पुजा गर्दा हे साप्सुबाचै भनी पुजा गर्दछन् । तर एउटा उनिहरुकै भनाई तथा यस गाउँका सवैजातको भनाई अनुसार खोटाङ्गको मातिम गा.वि.स. का जैपति ब्राहमण खोटाङ्गकै खामतेल गा.वि.स. मा जजमान गर्न जादा तावा दोभानबाट खोलाले बगाई मरेको हुनाले पछि जागित्र भएछ । जागित्र भएपछि उसको जेठा छोराले पानी लगाउँदा

उसको दुई छोरा मध्ये कान्छो छोरो प्यारो भएकाले जहिले पनि पानी जेठा छोराको खेतमा हैन  कान्छोछाराको खेतमा पानी विहान पसी खेत भरिएको हुन्थ्यो । कसले यस्ता गर्दोरहेछ भनी खल्दुली हुँद्दा सोही गाउँको घर्तीले चियो गर्ने भएछ । राती चियो गर्दा त त्यो जैपती वाहुन पो पानी फर्काएर कान्छोकोमा लगाउँदो रहेछ । त्यस पछि त्यो घर्तीले ऐ बाजे पो बाजे त मरेको पो भनेको त जिउँदै पो रहेछौ भन्दाखेरी हेर तिमीले यो कुरा कसैलाई नभन भन्यौ भने नराम्रो हुन्छ भनी त्यो बाहुन अलप भएछ । घर्ती वाहुनको घरमा गएर यो कुरा भन्दा भन्दै त्यही छादेर मरेछ । यसपछि त्यस गाउँमा मानिसहरु विरामी पर्न थालेछ । यसरी विरामी परेपछि त्यो बाहुनले गर्दा नै घर्ती पनि मर्‍यो । अब यिनीहरुलाई एकै ठाउँमा थान बनाई पुजा गर्नु पर्दछ भनी पुजा गर्ने चलन भयो । पुजा गर्दा धर्तीलाई कुखुराको भालेले भोग दिने चलन छ भने जैपति बाहुनलाई धुप मात्र दिने चलन छ । आजभोली पनि यहाँका चामिलिङ्ग राई लगायत अन्यले पुजा गर्दा यसरी नै गर्ने चलन छ र जैपती बाहुन अड्करे रहेको  ठाउँलाई जैपती ओडारको नाममा आज भोली चिनिन्छ ।

### ६.२.३.७. पचौली

साप्सुलाई पाँच किसिमको पशुपंक्षीले पुजा गर्ने चलन छ । यसमा रागा, बोका, कुखुरा, हाँस परेवाले पुजा गरिन्छ । यो पुजा गर्दा खोला नै गई पुजा गरिन्छ । यो पुजा भने अन्य पुजा जस्तो वर्षमा दुई पल्ट गरिन्न । मानिसहरुको कबुल ( भाकल) अनुसार जसले भाकल (कबुल) गरेको छ । उसैले मात्र यो पुजा गर्ने चलन छ ।

### ६.२.३.८. घाईपुजा

यो पुजा भने परदेश लाग्ने परदेशीहरुले आफ्नो यात्रा सफल रहोस बाधा अड्चन नपरोस् भनी यात्रा गर्दा गर्दैको अवस्थामा साप्सु खोलाकै पुजा गर्ने गर्दछन् ।

### ६.२.३.९. मंसीरे पुजा

मंसीरे पुजा वर्षमा एक पल्ट गर्ने चलन छ । यो देवतालाई दाईजोस्वरुप आएको हुनाले प्रत्येक चामलिङ्गहरुको नभई भोजपुर जिल्लाको दिल्पा पट्टिबाट नाता पर्ने र त्यहाबाट ल्याइएका बुहारीहरु भएको ठाउँमा मात्र रहेको पाइन्छ । दिल्पाका कन्या केटी र कन्या केटा विग्रीएर मरेको हुनाले यी दुईलाई नै देवता मानी पुजा गर्ने चलन रहेको हो भन्ने भनाई चामलिङ्ग राईहरुको रहेको पाईन्छ ।

### ६.२.३.१० वाली दम (वाईको) पुजा

चामलिङ्ग राईहरुको पुजा पुज्ने पुजाहरुमध्ये को एक पुजा हो वाली दम पुजा । यो पुजा छोरा छोरीहरु जन्मीएकाहरु लुला लगडा नहोस,कुनै पनि कुलको रोगहरुले नभेटोस् भनि सुगुरको पाथो र कुखुराको भालेले पुज्ने गरीन्छ यो पुजा उभौली र उधौलीमा पुज्ने चलन छ । यो पुजा खातवा धामी (नछौ) ले सोह्र थरीको फुल सोह्र वटा चिन्डो थानमा राखी पुजीन्छ । यसरी पुज्दा पहिला छोरी अथवा बुहारीलाई पुजीन्छ ।

### ६.२.४ धामी(नछौ) प्रथा

यहाँका चामलिङ्ग राईहरु सामान्य दुःख बिरामी हुदाँ धामीलाई हेराई फुकाउने चलन छ । साथै यिनिहरुको कुल पित्र पुज्दा तथा पुजाआजा गर्दा खातवा धामी बाट गरीन्छ । त्यसै गरी विवाह संस्कारमा बुहारी भित्रयाउदाँ तथा छोरी चेलीलाई विवाह गरी पठाउदा माङै गर्नु पर्ने हुन्छ । यी कार्य पनि खातवा धामीबाटै गराउछन् । मानिसको मृत्यु भएमा चुलामा आउनेलाई चुलामा लाउने र चुलामा नआउनेहरुलाई बिजुवा धामीबाट ठुलो चिन्ता बसाएको मा चुला चोख्याउन भनि खातवा नछौ बसाउदछ भने चुलामा नआउने मृतकको लागी सीहा झार्न भनी बुजुवा धामी बसाउदछन् । यिनीहरुले धामीहरुको काम अनुसार उनीहरुको नामाकरण तथा किसीम निम्न अनुसार छुत्याएको पाईन्छ ।

१) छिरीमपा २) उँधिमपा ३) धिरिमपा ४) उँछिमपा ५) तुप्सुङ्गमपा ६) राहँमपा ७) छैलुमपा ८) सिलीमपा ९) वालीमपा १०) रिसिमपा ११) सुर्लुमीपा १२) दर्लुपा गरी बाह्रमपा हुन्छ भनि भन्दछन् ।

## ६.३. भाषा (Language)

चामलिङ्ग राईहरुको भाषा भोट बर्मेली परिवार भित्र पर्दछ । यिनीहरुको आफ्नै प्रकारको भाषा छ । जसलाई रदुङ्ग दुम भन्ने गरिन्छ । यिनीहरु आफ्नो घर परिवार तथा समुदायमा वोल्दाखेरी आफ्नो भाषाबाट नै वोल्ने गदर्थे तर आजभोली यहाँका चामलिङ्ग राईहरुका बुढापाकाहरु बाहेक केटा-केटीहरुले यो भाष वोल्न छाडेको पाइन्छ । यिनीहरुको आफ्नो मातृभाषालई लोप हुन नदिन मातृभाषा वोल्न वाल बच्चाहरुलाई उत्प्रेरित गर्नु पर्ने यिनीहरुको भनाई छ । बुढापाकाहरु एक आपसमा कुरा गर्दा मात्र यिनीहरु आफ्नो मातृभषाको प्रयोग गर्ने गर्दछन् । विवाह, र मृत्यु संस्कार हरुमा यिनीहरुको आफ्नो मुधुमहरु भन्दा मात्र आफ्नो मातृभाषामा भन्दछ । यस बाहेक अन्य जातसँग कुरा गर्दा नेपाली भाषमा कुरा गर्दछन् ।

चामलिङ्ग राईहरुको भाषा लिपीवद्ध गरेको पाइदैन । आजभोली भने विभिन्न चामलिङ्ग राईभाषाको सरोकार राख्ने व्यक्तिहरु, संघ संस्थाहरुले चामलिङ्ग राई भषाको शव्दकोषहरु निर्माण गरी प्रकाशन गर्ने गरेको पाइन्छ र प्राथमिक कक्षासम्म चामलिङ्ग राई भाषाको कक्षा संचालन गर्ने भनी पाठ्यक्रम निर्माण गरी कक्षा संचालन गर्न सरकारसलाई पाठ्यक्रम दिई कक्षा संचालनको क्रममा रहेको छ । वि.सं. २०५८ को जनगणना अनुसार चामलिङ्ग भाषा वोलनेको स.ख्या ३०,०००।- रहेको देखाइएको छ । यी जातिहरुको जनसम्पर्कको भाषा भने नेपालीलाई मानेका छन् ।

## ६.४. गोत्र, थर (पाछा) र उपथर

यस अध्ययनको सिलसिलामा चामलिङ्ग राईहरुले आफूहरु काश्य गोत्र अन्तर्गत पर्ने बताए भने हामीहरुका पूर्खाहरुले अगाडी अगाडी किरात तथा जिमी नामका पिछाडी लेख्दथे र हामीहरुको पूर्खाहरुले हाम्रो खेतवारीको कुत (रकम) बुझाउँदा कुत (रकम) बुझाएको रसिदमा जिमी लेख्ने गर्दथे । पछि जिमीको सट्टा राई लेख्न थालिएको भनी चामलिङ्ग राईहरु भन्दछन् । जिमी भन्नाले जमिनदार भनी यिनीहरु भन्दछन् । यिनीहरु राईकरण हुन भन्दा अगाडी आफ्नो नामको पछाडी जिमी लेख्दथे । पृथ्वीनारायण शाहको नेपाल एकिकरण पस्चात जग्गा जमिनको रकम उठाउनका लागि गाउँका टाठा बाठा मानिसलाई जिम्मा दिई जिम्मावालाई एक पगरी मानी जसलाई राई भनी भनियो उसैलाई राई मान्न थालियो र पछि सवैलाई जिमीको सट्टा राई लेख्न छुट दिएपछि सवै जिमीदारहरुले आफ्नो नामको पछाडी ठूलो मान्छे बन्नको लागि राई लेख्न थालिएको भन्ने भनाई यहँका चामलिङ्ग राईहरुको पाईयो । यी चामलिङ्ग राईहरुको विभिन्न थर (पाछा) र उपथर पनि रहेको पाइन्छ जुन थर पाछाहरु यस प्रकार रहेको पाइन्छ ।

डा. स्वा. प्रपन्नाचार्यका अनुसार चामलिङ्ग राईका पाछाहरु

दवालीछा, खोलापाछा, राप्तछा, वाडाछा,. नामथिबुछा, योङोछा, दिबुछा,. मालेबुङछ, लबोमाखाछा, लाफिहोंछा, दामलिहोछा, रोंदोहोछ, रोदोंलेछा, पोकेप्सुङछा, शिवहाङछा, खरेपाछा, नियुङछा बाडाछा, योनछेनछा, रानोछा, खिर्सङछा, दिखुलीपाछा, यालुङछा, पोतोछा, यम्वनिछा, वामोछा, याहुछा, पचाबुङगछा, छिलेबुङगछा, सालेब्रिछा, त्योलापाछा, मारेमलुङछा निनाबुङछा, देवसाछा, वीरछा, नामाछा, महाराजाछा, मानसुनछा, हार्सुङछा, हामेलिङछा, साप्रुंगिछा, झुलुंकिछा, ल्फोमोछा, मौलौछा, बोयङछा, होमैछा, युन्छरछा, सिलसङछा, पातेखुङछा, मानसुङछा, मुखराछा, दिप्रुङगछा, राखुमिछा, मुन्धुमछा, तिमलिमीछा, मेलेहोछा, दुभोछा, बाम्रङछा, डोङछोछा, होलुङछा, राप्तेछा, मलेहाछा, मैसुङछा, सेरालुङछा, स्योनामछा, त्रिपुङछा,

वालेमरुङछा, बाबोङछा, पोतोखाछा, छिनाखुङछा, बुइपाछा, दिबुछा, साप्सानाम्छा, सिप्तुवांछा, योन्तिमछा, वावुङछा वाभुछा),होमदिहोछा, फुलोहोछा, लोृकेचीछा, दामदिङहोछा, कोसुङछा, दिप्सालिछा, छिमिक्माछा, राप्तुङछा, थिलुङ्गेछा, भुसनामछा,सातेरुङछा,नाम्पिबोछा,दिपुचिप्छा,खणैछा,पदेराछा,लिपुँहोछा,पूर्वाछा,मेरोतिवाछा,रानाहोछा, याहोछा, वालीवांछा, मैचुङछा, डालोछा, होपाछा, रिङलुङछा, रोसिङाछा, मेलिहोछा, पोरोप्सोंछा, नाकछोरपाछा, सिप्तिहोंछा, हुइलाछा, वाभुछा, कुवासाङछा, उन्प्रावधुछा, उन्प्रवलछा, वराथारेछा, व्हिमयलीछा, विजाहीछा, विकुलपाछा, विराजाछा, बोयेङछा, बोयोन्छा, बुचिनामछा, बुसेरिछा, चालीपाछा, चामदाछा, चामलिङछा, चारिपाछा, विवरिनजीछा,ि चपिनछा, चुपाछा, डालिङछा, दमधिङछा, दैवालीछा, दिवुङछा, दिवुङलेछा ,दिकुछा, दिकुलिकपा, दिकुलीपाछा, दिलपाछा, दिनालिछा, दिपुछा, दोवालिछा, दोङदेवाछा, दोर्कलिछा, दरवालीछा, दुङबुनछा, दुङवाछा, इलुङछा, ग्वापाछा, हैदुङछा, हलिपाछा, होमयैछा, हरसुङछा, होमदिमछा, हामेवाछा, होङडारछा, होपुङछा, हवरपाछा, होवाबुङछा, इचाराा, कलेनछा, केराराङछा, कववाचाछा, करेपुङछ, कोसाङछा, कोलपछा, कोतवाछा, कोरैछा, कशानछा, लापिनोन्छा, लिकुवाछा, लेदोछा, लुङबुछा, लुङवानाछा, मैदुङछा, मैरानछा, माखाछा, मालछा, मेहराछा, मालेकुङछा, मालेबुङछा, मेनुन्छा, मालुछा, मोमपोलान्छा, मोङछा मोसिङछा, मुकमलछा, नाबुङचाछा, नामोङछा, नामरङछा, नापिदुइपाछा, नामचाछा, नेनुचाछा, निनामछा, निरपालिछा, नोमा्छा, पाचिसाङछा, पालङमोछा, पालियोछा, परापाछा, पोयनछा, पतिसाङछा, पित्राङछा, पित्रुङछा पोगुमसोछा, पोकेमसाङछा, पोरुङछा, पुलोमछा, पुमवोछा, पुङग्वेछा, पन्तेपाछा, रदुलीछा, रकमीछा, रकुछा,रनुकाछा, रसुङनाछा,रतहिछा, रतुन्छा, रयामछेङछा, रिमडोङछा, रिङालुङला, रुलेछा,रहुपाछा, समोयङछा,सलिविरछा, सकुरामछा, सप्सनामछा, शवरखालीछा, सतयरोङछा, सेनमाछा, सेनमाछा, सेरालुङछा, शिविदिछा, सिलुङछा, सिङदुछा, सोङदोलछा, सोङयाङछा, समैछा, तपरेछा, तपरेहोङछा,तमोहाछा,

थुङहिङ्गीछा,तिङ्गवाछा,तिलुङछा,तिलुयाछा,त्रिङखाछा,बाबुछेछा,वालेगदाछा,वालीङगीछा,वातानछा,योङयारछा,योङगाछा,एलङछा, साह्रेहोंछा ।

यसरी नेपालका जिल्लाहरुमा र भारतको दार्जिलिङ्गगरी दुईसय उनासाठी चामलिङ्गे राईहरुको पाछा कसरी हु गयो? भन्ने खोजको विषय छ भने स्वामी प्रपन्न आचार्यले उल्लेख गर्नुभएको छ । यसैगरी ह्यान्सन (१९९१) का अनुसार चामलिङ्ग राईहरुको पाछाहरु बारा, दिबु, बुमखामा, दिखुली,दोबाली, हैडबुन, लाफ्युन, होमोहम्छा, नहर, निनुङ्ग, उङसुङहङछा गरी दश थरी । इडन वानसिस्टार्डका अनुसार अग्बु, अवल्छा,बोयङछा,बुम्काम्छा, विजली, बछिरामछा, बुसरी, बाह्रथारे,बुटपाछा, भीमसेली, वोइङ्गे, बुदे, छरीपाछा,चालीपाछा, बादाछा, विक्लुक्पा, विराजाछा, बुमाछा,चाम्दाछा, चिविङ्गे, चामलिङ्ग, चिपिङ्गछा, दार्मदिङछा, दंदिवछा, दुङवोछा, देखुलीछा, बाबंछा, हलेसेछा, हरसुन्छा, होपेङछा, कैसेरुङछा, कोटावाछा, कोसाङछा, लाफिवछा, लिपोछा, मेनुङछा, मोरछा, मालेकुङछा, नाबुङछा, नाप्छा, निनामुछा, पाचिसाङ्छा, पारापछा, चुपाछा, दिपुङले, दिपुङछा, दुङगेछा, दिल्पाछा, दोर्दवालिछा, दोवालिछा, गापाछा, हुमेछा, हुमैछा, हुबबुङछा, खोलापाछा, केरुपुङ्छा, क्वासुङछा, लुङगुमा, मोसिमछा, मैदाङछा, मैराजाछा, मम्पोलछा, नाम्नुङछा, नापिदिर्पा, नेर्पाली, पालङमोचा, पासाङगा, कृपा, दिनाली, दिकुलछा, दोर्खालिचा, दर्बालिछा, दिबुङछा, हैदुङछा, हङदार, रोहपाछा, इचारा, केरेश्छा, कैछा, कंलेन्छा, लिकुवाछा, माल्छा, मेहराछा, मोङ्ग, मरवाछा, मेलेपुङछा, नम्राङछा, निनुङछा, नोमानाछा, पालियन्छा, पाटेसिङसुवा, पित्रुङछा, पोकेङकेम्छा, राकानिछा, रासुङगाछा, रेम्चेङ्ग, रिगालुङछा, साहामैङछा, सङदोल्छा, सातेरुङ्छा, ताब्रे, तमुङहाछा, तिलुपाछा, वालेमुङ्दा, योङ्गचार्छा, पोगुङसङछा, पारुङ्छा, पुन्टेपाछा, राकोछा, रतलिछा, रिमदुङ्ग, रोहपाछा, साकोरङछा, सेनेमाछा, सिलोङछा, सङपङ, ताब्रेहङछा, तिलुङ्ग, तिंख, वालिङग्राछा, योङ्गगेछेर, पुङवे, पम्वोछा, रोदोलिछा, रानोछा, रालेछा, रातोछा, सालेविर्छा, ससरकाली, सिब्दीछा, सिङ्दछा, सुमेछा, तिगुङ, थुनलिङ्गे, वाटङ्गछा, योङछेन गरी १३६ पाछा उल्लेख गरेका छन् ।

माथिको पाछाअलवा, खगेन्द्रसिंह आङवोहाङ थप गर्दै लेख्छन् ।

दुङहोछा, दाम्रिरिङवा, हरसुङ, खादैछा, नाम्तिबु, पुरवा, रोदल, रोकचो, लिपुहाङ, खलपा, मिरीतोता, रानाचो, सिलिभु, सप्सनम, मुखानाम्छा, निनायु, नाप्चोर्पा, न्यूलपा, वालेब्रुम्गा, याहु, येलुङ्छा, त्यसैगरी टंकबहादुर राई थप्छन्

विखुलिछा, हुर्पाछा, मुखाछा, विजयीछा, दुङवोछा, मेलीहोङछा, नम्रछा ।

यसरी यी माथि उल्लेखित चामलिङ्ग राईका पाछाहरु उल्लेख गरिएका छन् । यी अलवा अन्य पाछाहरु पनि हुन सक्छन् ।

यी माथि उल्लेखित पाछाहरुका उपथरहरु पनि रहेको पाइयो । जस्तो :

१. दवालीछाको उपथर

क) हुदिङ्ग दवालीछा

ख) पृत्रिङ्ग दवालीछा

ग) तिप्सुङ्ग दवालीछा

२. वाडाछाको उपथर

क) माथा हाँगा वाडाछा ।

ख) राई हाँगा वाडाछा

ग) जेठा बुँदा वाडाछा ।

यी माथि उल्लेखित थर र उपथरलाई चामलिङ्ग राईहरु एक थिति दश भाईको भनाई अनुसार एउटै थिति अनुसार आफ्नो संस्काहरु, धर्म, संस्कृति, रहनसहन, भेषभुषा, खापिनहरुलाई अगाल्दै गर्दौ आएको पाइन्छ । माथि उल्लेखित थर तथा उपथर चामलिङ्ग राईहरुको नामाकरण उनीहरुको बसाई कामबाट

नामकरण भएको पाइन्छ । जस्तो : दवालीछाको नाम दँबुन्नेकाम (तान बुन्ने) अथवा कपासको कपडा बनाउने भएकोले त्यहिबाट दवालीछा भयो (छाको अर्थ छोरा) भाडाकुडाको काम गर्नाले वाडाछा भयो । खोलैखोला हिडी बसेकोले खोलापाछा भएको भन्ने भनाई यहँका चामलिङ्ग राईहरुको रहेका छन् । यी त उदाहरण मात्र हुन् यसरी अन्य पाछाको पनि नामकरण भएको पाइन्छ ।

## ६.५. सांस्कृतिक पक्ष

अन्य किरात राईहरुका झैं यहाँका चामलिङ्ग राईहरुका पनि आफ्नै मौलिक सांस्कृतिक पक्षहरु छन् । आफ्नै संस्कार एवं चलन हुन्छन् । ती संस्कार एवं सस्कृतिहरुलाई प्रस्तुत गरिएको छ ।

### ६.५.१ संस्कार चलन

यहाँका चामलिङ्ग राईहरुका आफ्नै मैलिक सस्कारहरु छन् । ती संस्कारहरुलाई तल प्रस्तुत गरिएको छ ।

#### ६.५.१.१ रजस्वाला भएको बेला वार्चे चलन

चामलिङ्ग राईहरुमा रजश्वाला भएको बेला वार्ने चलन विगतमा थियो । रजश्वला भएका छोरी मान्छेहरुले विरुवा, फलफूलहरु छुन नहुनेछुएमा मर्ने, झर्ने हुन्थ्यो भन्ने भनाई रहेको थियो भने यस अवस्थामा भएका छोरी मान्छेले छोएको वस्तुहरु धामी नछौं र रिसिमीहरुले खाएमा विरामी पर्ने हुन्थ्यो र आज पनि त्यस्तो भएमा विरामी पर्ने हुन्छ भन्ने भनाई छ । धामी र रिसीमीहरुले आज पनि जोगिने चलन छ । तर आजभोली यसलाई त्यति मान्यता नदिर्य वोट विरुवा फलफूलहरलाई नछुने नटिप्ने चलनलाई भने छाडी रजश्वला भएको अवस्स्थानमा वार्ने चलनलाई घोड्दै भएको पाइन्छ ।

#### ६.५.१.२. गर्भधारण भएको अवस्थामा वार्ने चलन

यस ठाउँका चामलिङ्ग राईहरुले गर्भधारण भएको बेला वार्ने चलन पाइयो । गर्भधारण अवस्थामा गर्भवती आमा र बावुले कुने पनि किसिमको काटमार गर्न

नुहने, मृत्युलासलाई छुन नहुने, वोटविरुवा भाँच्न काट्न नहुने यी कार्यहरु गरेमा गर्भमा रहेको शिशुलाई नराम्रो हुन्छ भनी बार्ने चलन रहेको पाइन्छ । आजभोली पनि गर्भअवस्थामा रहेको आमा र उसको श्रीमानले वार्ने चलन रहेको छ ।

## ६.६ जन्म संस्कार (Birth Ceremony)

चामलिङ्ग राईहरुले परम्परागत रुपमा गर्दै आएको संस्कारहरु मध्येको जन्म संस्कार पनि एक हो । जुन उनीहरुले सयौं सयौं वर्ष अगाडीदेखि चलि आएको परम्परागत संस्कृति अन्तरर्गत गदै आएका छन् । यो संस्कार यस जातिको बुढी मान्छे (मासौंमा) ले गर्ने चलन रहेको छ । जति पनि जन्मसंस्कारहरु छन् । ती सवै संस्कारहरु यी जातिको भएसम्म नजिकको दाजुभाई भित्रको (मासौमा) बुढी मान्छे लाई गर्न लगाउँदछन् ।

### ६.६.१ हयाफमा

चामलिङ्ग राईहरुको जन्म संस्कार मध्येको सवैभन्दा पहिलो संस्कार ह्याकमा हो । जब बच्चा जन्मन्छ । बच्चा जन्मेपछि चिल्लो काठ मा नाल बेरी खिरीलो धागोले नाल काटिन्छ र बच्चालाई नुहाई धुवाई गरी सकेपछि सुत्केरी अवस्थामा रगतले लटपट भएवकोले यस अवस्थामा भरेका सिंह वायु भूत प्रेतले रगत देखि आएर सुत्केरी आमा र बच्चालई दुःख दिने, लाग्ने, विरामी पार्ने हुन्छ भनेर कुखुरोका भाले या पोथीको मुण्टो बटारी ढिदो बाटने डाविलोले हिर्काउँदै मार्न खोज्दै पोथीको पखेटा पुरै खुल्ला छोडी भट भट भ्याट भ्याट बनाउदै आमा र बच्चलाई सो कुखुराको भाले/पोथीले उनीहरुको जिउ माथि घुमाउदै सिंह, वायु, भूत प्रेत नलागोस, नछुवोस भन्दै हिर्काई मारिन्छ । यसो गर्दा गऱ्यो छोरा भए भालेले र छोरी भए पोथीले यो कार्य गरिन्छ । यो कार्य यस जातिको बुढीमान्छे (मासौमा) बाट गराईन्छ ।

### ६.६.२. न्यावारन

चामलिङ्ग राईहरुको साधारण तया बच्चा जन्मेको छोरा भएमा बढीमा छ दिन र छोरी भए ५ दिनमा न्वारान गर्ने गर्दछन् । न्वारान गर्दा यिनिहरुकै बुढी मान्छे (मासौमा) ले गर्दछन् । छोरा मान्छे भए चोखो कपासको धागोको कन्धनी, चुरा, कली, पुरानो लुगाको भोटो लगाई दिई हल्लो, जुवा, लेख्नेपाटी, कलम कुखुराको भाले काटेको सिगैं , ढिडो बाट्ने दाबिलो, अगुल्ठोमा बाधेर बुढी मान्छे ( मासौमा) ले नाक खुला होस्, दिशा, पिसाव होस्, आँखा खुला होस् भन्दै फलाग्दै घुमाउँदै गर्दछ र छोरी मान्छे भएमा यी धागोको कन्धनी, चुरा, कल्ली तानबन्ने रासी, थुरी, जुवा दावीलो, अगुल्ठोमा बाधी छोराकोमा जस्तै फलाग्दछ । यसवेला बच्चालाई थुम्सेमा राखी आमा बाबु छेउमा वस्दछन् ।

आज देखि तिमी मानव भयौ तिम्रो नाम आजदेखि फलाना हो भन्दै नाम लगाउँछन् । न्वारान गरी सकेपछि सुत्केरी चोखियो भनी हरो, तितेपाती कमेरो र चोखो पानीले घरमा छर्कन्छ । चोखो गर्ने गर्दछ । न्वारन गरी सकेपछी सुतक वार्ने चलन छैन र न्वारान गरी सकेपछि दाजुभाईहरुमा जुनसुकै कार्यहरु गर्नुहुन्छ । सुतकेरी भएको वेलामा भने कुनै पनि शुभ कार्यहरु गर्न नहुने भनाई रहेकोले यस अवस्थामा दाजु भाईहरु त्यस्तो कार्यहरु गर्दैनन् ।

### ६.६.३. पास्नी

चामलिङ्ग राईहरुको जन्म संस्कार मध्येको तेस्रो संस्कार हो यो पास्नी ( ज्वोल्पमा) भात खुलाई यसलाई उनीहरु मुख जुठ्याउनु पनि भन्दछन् । छोरी भए ५ महिनामा र छोरा भए ६ महिनामा बच्चाको मुख जुठ्याउन पर्दछ भन्ने मान्यताको आधारमा यो संस्कार गर्न थालिएको पाइन्छ । यो कार्य वा संस्कार गर्दा नयाँ चुरा चाँदी वा सुनको, नयाँ कपडा लगाई दिइन्छ । यो नयाँ कुराहरु बच्चाको लागि खुला हुने अवसरको रुपमा पति यो संस्कारलाई लिएको पाइन्छ । नयाँ चुरा, नयाँ लुगा लगाई दिएपछि थालमा चामल दियो र कलस र दही राखिएको हुन्छ र खानेकुराहरु

दाल, भात, तरकारी राखिएको हुन्छ । यसबेला बच्चालाई कन्या केटीले समातेको हुन्छ । सवैभन्दा अगाडी वच्चाको बाबु आमाले दहि चामलको टिका लगाई मोहोर पैसाले ती तीन पल्ट भात खुलाई दिन्छ । यस पछि घरका बाजे बज्यै तथा आगन्तुकहरुले क्रमशः भात खुलाई आशिवार्द दिने गर्दछन् । यसरी घरका मानिसहरुले र आगन्तुकहरुले क्रमस भात खुवाई आशिर्वाद दिइ सकेपछि आफ्नो जेथा अनुसारको आगन्तुकहरुलाई भोज भतेर खुवाउँदछन् ।

### ३.६.४. छेवर (ताखमा)/ताकी वेइमा

चामलिङ्ग राईहरुको बच्चा जन्मेको ३ देखि ५ वर्षमा छोराको छेवर गर्ने चलन छ । छेवर गर्दा दियो कलस वाली सेलरोटी टपरीमा राखी गाईको गोठमा लगी गाईको दाम्लाले वाढी केश काट्ने गर्दछन् । यसरी काटिएको केश बच्चाले नदेखोस् भनी कन्या चेलीले टपरामा राखी टपराले नै छोप्दछ । केश काटी सकेपछि सेल रोटी दिई टोपी लगाई दिन्छन् र घरमा ल्याई टिका लगाई आशिर्वाद दिन्छन् । आगन्तुकहरुले क्रमस टिका लगाई आशिर्वाद दिइ सकेपछि आफ्नो जेथा अनुसारको आगन्तुकहरुलाई भोज भतेर खुवाउँदछन् ।

### ६.६.५. गुन्यु चोली

चामलिङ्ग राईहरुको बच्चा जन्मेको २ देखि ५ वर्षभित्र छोरीलाई गुन्यु चोली दिने गर्दछन् । गुन्यु चोली दिएपछि कर्म चलेको भन्ने भनाई छ । गुन्यु चोली लगाई दिई दही चामलको टिका लगाई आजदेखि तिम्रो कर्म चल्यो भन्दै आशिर्वाद दिन्छन् र आफ्नो जेथा अनुसारको आगन्तुकहरुलाई भोज भतेर खुवाउँदछन् ।

## ६.७ विवाह संस्कार (Marriage Ceremony)

मानव समाजमा विवाह जीवनको महत्वपूर्ण संस्कार हो । यो संस्कारले गर्दा नै सृष्टिको सञ्चालन भएको हुन्छ भन्ने मान्यता सबै समाजहरुले राखेको पाइन्छ । त्यसैले यस संस्कारलाई सबै समाजले सार्वभौमसंस्कारको रुपमा मानेका छन् ।

सबै समाज तथा समुदायमा यस संस्कारको सम्पन्न गर्ने विधिहरु मात्र फरक-फरक रहेको हुन्छ । यो संस्कारलाई मान्ने आ-आफ्नो परम्परागत रुपमा चलिआएको चलनअनुसार फरक-फरक हुने गर्दछ ।

सामान्यतयाः कुनै पनि समाजमा महिला र पुरुषलाई सामाजिक मर्यादाअनुसार पति पत्निको रुपमा उक्त समाजले मान्यता दिनु नै विवाह भनिन्छ । विवाह अगाडि कुनै पनि महिला र पुरुषबीचको यौन सम्बन्धलाई प्रत्येक नेपाली समाजले मान्यता दिएको पाइदैन । त्यसैले मर्यादित यौन सम्बन्धको साथसाथै स्त्रिले पुरुषमाथि र पुरुषले स्त्रि माथि वैधानिक रुपमा अधिाकार पाउनलाई गर्ने संस्कारको नाम नै विवाह हो । प्रत्येक समाजमा विवाहलाई सामाजिक बन्धनका रुपमा लिइन्छ किनभने विवाहले भिन्दा भिन्दै दुई परिवारका सदस्यलाई एक सुत्रमा बाध्ने काम गर्दछ । भने यसैबाट नयाँ जीनको सुरुवात र सहयोगको नयाँ क्षेत्रको थालनी पनि हुन्छ । पहिलादेखि यस संस्कारले व्यक्तिको पारिवारिक जीवनमा नयाँ घर परिवारको निर्माण तथा परिवारहरुको बीचमा एक्यवद्धताको सिर्जना तथा अनुमोदनको प्रतिनिधित्व गर्दै आएको छ । पारिवारीक सम्बन्ध र विवाहिता जोडिले आपसमा खेल्ने भूमिकाले नै वास्तवमा त्यो समाजको सामाजिक पद्धतिलाई स्थिर राख्ने गर्दछ ।

यो संस्कारको प्रादुर्भाव यो भन्दा अगाडि एक समूहको स्त्रि माथि अर्को समूहको पुरुषले यौन सम्बन्ध राख्दथे । जसले गर्दा स्त्रिद्वारा नै बढि मात्रामा विवाहको विकास भयो भन्ने धेरै समाजशास्त्रीहरुको भनाई रहेको पाइन्छ । पछि आएर मात्र विवाहले विभिन्न रुप लियो । विभिन्न समूह र जातिहरुमा विवाह सम्बन्धि आ-आफ्नै किसिमको परम्पराको विकास हुदै गयो । त्यसैको परिणामस्वरुप आज पनि विभिन्न जातिहरुको वैवाहिक रिती रिवाज आ-आफ्नै किसिमको रहेको पाइन्छ । यिनीहरुको समाजमा प्रचलित विवाह प्रथालाई विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ जस्तैः मागी विवाह, चोरी विवाह, प्रेम विवाह, जारी विवाह, जर्बजस्ती (तान्ने) विवाह, विधुवा (भाउजु बेहोर्ने) विवाह आदि । यि विवाह प्रथाहरुमध्ये यस

जातिहरुमा  प्रचलित रुपमा रहेको विवाह प्रथाहरुमा मागि विवाह, चोरी विवाह, प्रेम विवाह प्रथा नै रहेको छ भने  सामाजिक परिवर्तन, शिक्षाको विकास, सामाजिक चेतनको परिणामस्वरुप जर्बजस्ती विवाह, विधुवा विवाह र जारी विवाह  प्रथा भने आज भो्ली लोप भइसकेको र यस्ता विवाह प्रथाहरु समाजबाटै हराइसकेको पाइन्छ ।

यि जातिहरुमा आफ्नै हाडनाताभित्र विवाह गर्ने चलन छैन । यिनीहरु विवाह गर्दा नाताभन्दा बाहिरको नाता पर्ने सँग विवाह गर्ने गर्दछन् । त्यसकारण विवाहको बेलामा  केटी माग्न जादा दुवै पक्षबाट हाड(माइती) पट्टी सात पुस्ता र पात (चेली) पट्टी पाँच पुस्तासम्म  पूस्ता केलाउने चलन आज पनि विद्यमान रहेको पाइन्छ । यदि यति पुस्ताभित्र विवाह भएको विवाहलाई यस जातिहरुले मान्यता दिदैनन् । यि सात पुस्ता र पाच पुस्ता भित्र कसैले विवाह गरेमा विवाह गर्नेहरुलाई त्यस ठाउबाट ठाउ निकाला गरी डाडा कटाउने वा  छुटाउने चलन रहेको पाइन्छ ।

### ६.७.१ मागी विवाह(Arrange marriage)

यहाँका चाम्लिङ राईहरु मागि विवाहलाई सबैभन्दा बढी खर्चालु विवाहको रुपमा लिएको पाइन्छ । यस विवाहमा  विवाह गर्न भन्दा अगाडि केटा पक्षका मानिसहरु केटी हेर्न केटीकहाँ केटासहित जान्छन् । यसरी जादा केटा र केटाका बाबु आमा बाहेक नजिकका आफन्तहरु गएर केटीका आफन्तहरुलाई जानकारी दिइ केटी हेरी केटी मन परेको खण्डमा केटी माग्न आएको  भनि कुरा चलाउदछन् ।यसरी केटी माग्न जादा केटा पक्षका केटी पक्षबीच कुराकानी चलेपछि केटीलाई माग्न आएको कुरा  जानकारी दिइ केटीलाई सोधानी गरिन्छ र केटीले मञ्जुरी दिएपछि केटापक्षलाई रक्सी राख्न केटीपक्षले अनुमति दिन्छन् । यसरी  रक्सी राखेपछि केटीपक्षबाट आफ्नो भाषामा तपाईहरु कताबाट किन आउनुभएको भनि सोधानी हुन्छ । यसरी केटीपक्षबाट  सोधनी भएपछि केटापक्षबाट आफ्नै  भाषामा तपाईहरुको घर आगनी बगैचामा फुल फुलेछ ।  त्यो फुलको बासना हाम्रो केटाले

चाल पाएछ । त्यो फुल मागेर ल्याउनको लागि  भनि पठाएकोले पो हामी त आएका हौँ भन्छन् । यसपछि केटीपक्षले यो कुरा सबैलाई सुनाउदछ ।  त्यसपछि केटीपक्षबाट केटापक्षलाई सोधनी गर्दछ, कसरी लाने ? उधुङदाका वा रीयेदातेल( झ्याई झ्याई डोली बाजा)सँग एकै चोटी लाने हो की ? उकुङलाका(सुटुक्क) लाने भनि सोधनी हुन्छ । ( यही बाट नै चाम्लिङ राईहरुको मागी विवाह होकी  चोरी विवाह हो भन्ने छुटिन्छ । उधुङदाका रियेदातेल (  झ्याई झ्याई हो भने यसलाई उनीहरु  मागी विवाह भन्दछन र उकुङलाका(सुटुक्क) हो भने  यसलाई चोरी विवाह भनि भन्दछन् ।) यही अवस्थाबाट मागी विवाह र चोरी विवाहबीच कुन विवाह गर्ने हो, छुटिन्छ ।

माागी विवाहमा केटी मगनी गर्दा   एकै पल्टमा ६ वटा कठुवा राखी केटी मगनी गरिन्छ र  यसरी मगनी गरिसकेपछि  केटापक्षबाट एकैचोटी बाजागाजा सहित (झ्याई झ्याई) जन्ति  लिएर बेहुली लिन जान्छन् । त्यो भन्दा अगाडि केटीलाई केही  पनि  बेहुला पक्षबाट  दिएको हुदैन । एकै  पल्टमात्र विवाहको बेलामा लुगाफाटा, गरगहना केटीको बाबु आमाको गच्छेअनुसार  केटीपक्षबाट बेहुलीलाई दिन्छन् र केटापक्षबाट पनि  सोही बेला उनीहरुको गच्छे अनुसार गरगहना लुगाफाटा  दिने गर्दछन् । यस्तो विवाह ज्यादै खर्चिलो विवाहको रुपमा यहाँका चाम्लिङ राइहरुले लिएका हुनाले जो कोहीले  यस्तो विवाह गर्न नसक्ने यहाको चाम्लिङ राईहरु बताउँछन् ।

### ६.७.२ प्रेम विवाहः (Love Marriage)

चामलिङ्ग राई जातिहरुमा सामाजिक परिवर्तन र समयको परिवर्तनको परिणामस्वरुप सामाजिक परिवर्तन र समयको परिवर्तनको परिणामस्वरुप अलिहे आएर मागी विवाह र प्रेम विवाह बढी चलन, चल्तीमा रहेको पाइन्छ । यस जातिहरुमा पुराना पिढीका मानिसहरुले बढी मात्रामा मागी विावह गनृे गरेको र नयाँ पिढीका मानिसहरुले समयानुसार प्रेम विवाह गर्ने गरेको पाइन्छ । यो विवाह

प्रथम केटा र केटीले तेश्रो व्यक्तिको सहभागिता विना नै आफ्नै इच्छा अनुसार २.४ दिन कतै गएर वस्ने गर्दछ । हुन त यस जातिमा प्रेम विवाह भएतापनि केटाका आमा, बाबु र केटीका आमाबाबुको ढ्दिपछिए सल्लाह र सहमति अनुसार केटी मागेर पनि विावह नर्गे चलन रहेको पाइन्छ भने यस्ता किसिमको प्रेम, विवाहमा केटा केटीका आमाबाबुको उक्त विवाहको लागि स्वीकृति अस्वीकृतिको कुनै औचित्य रहदैन । यसमा केटा र केटीको अपसी सल्लाह, सहमती र इच्छा नै सर्वोपरी हुने गर्दछ ।

यसरी प्रेम विवाहमा केटा र केटीको इच्छाअनुसार २-४ दिन कतै वसेर केटाका घरमा आएपछि बुढापाकाहरु बोलाएर माङै गरी केटी भित्र्याउने गर्दछ । माङै गर्दा केटा र केटी लाई टिका टालो गर्न तयारी बनाई खात वा धामी (नछौं) चल्ला काटी चुला पुजी आफ्नो मुधुम अनुसार केटीलाई मुधुम (रिसिया) भन्दै चलामा लगाउदछन् । यसरी चुलामा लगाइसकेपछि उपस्थिति मानिसहरुले उक्त केटा र केटीलाई वैधानिक रुपमा पति पत्नीको मान्यता दिइन्छ र घरको बाबु आमाले दही र चामलको टिका लाई दिन्छ क्रमश आगन्तुकहरुमा केटाका काका-काकी वडा, बढी जो उसले मान्नुपर्ने हुन्छ । उनीहरले टिका लगाई श्रीमान श्रीमती भएकोमा आशिर्वाद दिदै श्रीमान श्रमिती लाई सफल दाम्पत्य जीवनको कामना गर्दछ ।

तर केटी भित्र्याउन १/२ दिन अगाडी वा पछाडी समयको परिस्थिति हेरेर तपाईहरुको छोरी चेली हाम्रो आसपासमा छ भनी चोरको सोर जाने गर्दछ । यसरी जाँदा केटा पक्षबाट केटी पट्टीका नाता पर्ने मानिसि सहित २/३ जना जाने गर्दछ । यसरी जादा पहिला पहिला दुई वटा वाबु वा चिन्डो, त्यसपछि कठुवा र आज भोली दुई वोतल रक्सी लिएर जाने गर्दछन् । यसरी केटापक्षको मानिसहरु केटीको पुगेपछि केटी पक्षका गाउँका बुढापाकाहरु भेला हुन्छन् र भेला भएपछि रक्सी राखी कुराकानी अगाडी बढाउँछन् । यसरी कुरा अगाडी बढाउने क्रममा दुई पक्ष वीच भनाभन हुन्छ । यस अवस्थामा केटा पक्षबाट भएको गल्तीले गर्दा केटा पक्षले सहेर

वस्नु पर्ने हुन्छ । उक्त कुराकानीको क्रममा केटा पक्ष आफूद्धारा भएको गल्तीको लागिमाफी माग्दै तपाईहरुको छोरी चेली हाम्रो आछापिछामा छिन् भनेर आफूसँगभएको जानकारी दिने गर्दछन्  र त्यहाँ भेला भएका बुढापाका, भद्र भलाद्मीहरुले पनि केटीका आमा बाबुलाई सम्भ्काउने क्रममा अब हाम्रो धार्नीको चेली विसौली भई सम्यो अब हामीले भ्कगडागरेर केही फाईदा छैन भनी समभ्काए पश्चात  केटीका आमाबाबुले पनि सवैको भनाई मान्नै पर्ने हुन्छ । यसरी दुवै पक्षकको वार्तालापबाट मुख्य विषयवस्तुको टुङ्गो लागिसकेपछि दुवै पक्षमा साईनो अनुसार ढोकभेट हुने गर्दछ र त्यसपछि सवैजनाले उक्त केटापक्षले ल्याएको रक्सी आफ्नो चेलीको पहलिो कोशेलीको रुपमा खाने गर्दछन् । त्यसपछि दुवै पक्षेका सल्लाह बमोजिम केटा र केटीको परम्परागत, रितीरिवाज बमोजिम विवाह गरिदिन त्यसै समयमा दिन, मिति निर्धारण पनि गर्दछन् । त्यही निर्धारित मितिमा उक्त केटी र केटाको आफ्नो परम्परागत रितीरिवाज अनुसार विाह सम्पन्न हुने गर्दछ । यसरी विवाह हुनु भन्दा अगाडी केटीलाई राजीविराजी छकि छैन भनी केटा कहाँ केटीलाई सोधनी गर्न केटी पक्षका आमा, बाबुहरु पनि जाने चलन छ ।

## ६.७.३ चोरी विवाह

चोरी विवाहलाई यहाँका चाम्लिङ राईहरुले साधारण एवं कम खर्चिलो विवाहको रुपमा  लिएको पाइन्छ । मागी विवाहमा भ्कै केटा पक्षका मानिसहरु केटीपक्षको घरमा गई कुराकानी राखी कुन किसिमको विवाह गर्ने हो भनी मागी विवाहमा भ्कै सोध्दा केटा पक्षकाले लगन ढाक्न मात्र देउ भनि भन्दछन् ।  त्यसपछि केटी पक्षकाले केटीलाई लगन ढाक्नको लागि मात्र केटाको घरमा पठाउदछन् । यस्तो विवाहलाई उनीहरु उकुङलाक(सुटुक्क) या चोरी विवाह भन्दछन् । यस्तो विवाहमा केटीलाई फकाउनी  राख्नु पर्ने हुन्छ ।  फकाउने राख्दा थैलीमा पैसा राखी केटीलाई फकाएर  लाने चलन छ ।  यस्तो विवाह गर्दा केटी माग्न जादा  केटी मगनी गर्दा दुई वटा कठुवा राख्ने चलन छ ।  यसरी केटीलाई केटाको घरमा लगेर खातवा धामी(नछुङ)द्वारा माङै गरी केटी भित्राउदछन् । तर विवाह कार्य भने

सिद्धिएको हुदैन केटी भित्राउने काम मात्र भएको हुन्छ । यो विवाहमा केटा र केटी दुवै पक्षको कलिया(ततिमी) तोकिएको हुन्छ । केटापक्षको बाट केटी पक्षकोमा गई केटालाई कहिले झिकाउने वा छिनोफानो/चिनारी दिने हो भनी सोधनी गर्न कलिया(ततिमी) पठाइन्छ । यसरी कलिया धेरै पल्ट केटापक्षबाट केटी पक्षकोमा गएपछि मात्र अन्तिम पटक वा केटी पक्षको अनुकुल अनुसार केटापक्षलाई यति मिती, यो दिन जन्ति लिएर आउनु भनि भनेपछि मात्र केटापक्षले जन्ति लिएर केटीपक्षकोमा बेहुली लिन वा छिनोफानो गरी बेहुली लिएर आउछन् ।यसरी चिनारी दिदाँ केटी पक्षको क्षमता अनुसार जन्ति झिकाउछन् । तर त्यसविवाहमा बाजागाजा सहित जन्ति जादैनन् थोरै मात्रामा मात्र सुटुक्क जाने गर्दछन् । यस विवाहमा छोरी ज्वाईलाई आउजाउ गर्न छिनोफानो वा चिनारी नदिएकोले अप्ठ्यारो पर्छ भनी बाटो फुकुवा होस भनी ज्वाईलाई पिढीबास दिने चलन छ । पिढी बास पछि ज्वाईलाई केटीको घरमा आउन जान खुल्ला हुन्छ । पिढी बास नदिएसम्म भने ज्वाईलाई केटीको घर ससुराली जान हुदैन । केटीलाई लिन जान परेमा केटाका अन्य आफन्त हरु लिनु जान पर्ने र पुऱ्याउनु जानु पर्ने हुन्छ । यिनीहरुको भनाई अनुसार त कतिलाई चिनारी/छिनोफानो (बागदता) नदिई केटी (छोरी,चेली) मरेमा मरेपछि मरेको छोरी चेलीलाई चिनारी अथवा बागदता दिई केटापक्षलाई छोरी चेलीको काज किया गर्न दिने चलन छ । यस अवस्थामा मरेको चेलीलाई आफुहरुले ( माइतीपट्टी) बाट काजकिया नगरी मरेपछि भएपनि छोरी चेलीको नाउमा बागदता अथवा चिनारी दिई केटापक्षलाई नै आफना् छोरी चेलीको काजकिया गर्न लगाउने चलन छ । र केटापक्षबाट पनि आफ्नो बुहारीलाई केटीपक्षबाट बागदता तथा चिनारी अथवा छिनोफानो नदिएको अवस्थामा बुहारीको मृत्यु भएमा बागदता अथवा चिनारी/छिनोफानो मागी आफै काज किया गर्ने चलन छ ।

### ६.७.४ जबरजस्ती तान्ने विवाह

चामलिङ्ग राई जातिहरुमा यो विवाह संस्कार अहिले आएर नहुने गरेको पाइएता पनि पहिला पहिला भने यस जातिहरुमा यस्ता खालका विवाहरु गर्ने गरेको

थियो भन्ने कुराको उदाहरण दिदै ६०-७० वर्ष नाघिसकेका बुढापाकाहरुले उक्त संस्कारमा घटेका प्रिय, अप्रिय घटनाहरुको वर्णन गर्ने गर्दछन् । उक्त कुराबाट आजभन्दा ६०, ७० वर्षअघिसम्म चामलिङ्ग राई समाजमा यो विवाह संस्कार विद्यमान थियो भन्ने कुरा स्पष्ट हुन आउछ । उक्त संस्कारको स्मरण गर्दै आजभोली बुढापाकाहरु भन्ने गर्दछन् । आफुलाई मन परेको केटीलाई उसको माइतीको अनुमति लिएर मेलापात हाट बजारको मौका पारी ६,७ जना जति भएर जर्बजस्ती तान्ने गर्दथे । यसरी तान्दा माईतीहरुले थाहा पाए पनि थाहा नपाए जस्तो गर्ने गर्दथे यदि केटीको आमा, दिदि, बहिनी नजिकै भएमा तानेको समयमा उक्त केटीको बचाउको लागि आउने गर्दथे । यसरी दुवै पक्षमा तानातान कुटा कुट हुन पनि सक्दथ्यो । केटा पक्षले जितेमा केटी तानेरै लिएर जाने गर्दथे । भने केटी पक्षले जितेको खण्डमा केटी लान सक्दैनथे । यसरी केटीलाई जर्बजस्ती तानेर लाने क्रममा प्रायः कसैले थाहा नपाउने गरी अर्थात उसको बचाउमा कोही पनि नआइपुग्ने गरी एकान्तको फाइदा उठाएर नै लाने गर्दथे । यसरी कुनै अर्को गाउका व्यक्तिहरुले आफनो चेली तानेर जबरजस्ती लादा पनि माइतीहरुको मौनतालाई स्पष्ट पार्दै भन्ने गर्दछन्, "उनीहरुले त्यस गाउँमा आफुले मन पराएको केटी यसरी नै तानेर ल्याउदा त्यसरी नै उनीहरु पनि मौन नै बस्ने गर्दछन् । कारण यो पालोको पैचो हो भन्ने गर्दछन् । यसरी केटीलाई जबरजस्ती केटाको घरमा तानेर ल्याइसकेपछि त्यसैका दिन दाजुभाईहरु भेला गरी आफ्नो छोराले केटी ल्याएको जानकारी दिई नछौ(धामी) बोलाई माङ्गे गरी केटी भित्र्याउद्थे । र टिका टालो गरी केटा केटीलाई श्रीमान श्रीमतीको रुपमा मान्यता दिदथे । यसरी माङ्गे गरी केटी भित्र्याइ सकेपछि केटीले पनि आफ्नो कर्म सम्झेर त्यही बस्न कर लाग्दथ्यो । तापनी केटी भागी हाल्छ की भनेर १०/१२ दिनसम्म केटीको रेखदेख गर्न गोठालो जस्तै भएर बस्ने गर्दथ्यो । फलस्वरुप केटीलाई त्यहाँ बाट भागेर जाने मौका कमै हुन्थ्यो र केटीलाई त्यही घरमा बस्न बाध्यता एवं विवश हुने गर्दथिन । तर पछि जब केटा र केटीको रित छिनाउन विवाहमा भने यसको बदलाको भावनाले केटा

पक्षलाई केटी पक्षबाट विभिन्न दुःख दिने गर्दथे । यसरी केटा पक्षलाई विभिन्न किसिमका दुःख र हैरानी दिएपछि मात्र दुवै पक्षको सहमती अनुसार विवाह सम्पन्न हुने गर्दथ्यो ।

समयको परिवर्तन साथ साथ मानिसहरुमा विभिन्न किसिमले जनचेतना भयो । त्यसले गर्दा यस चामलिङ्ग राई जातिहरुमा पनि सामाजिक चेतना भयो । फलस्वरुप यस किसिमका विवाहहरुलाई इन्कार गरी समयानुसार असभ्य विवाह भनी छाड्दै गई आजभोली लोप भइसकेको पाइन्छ ।

## ६.७.५ जारी विवाह

चामलिङ्ग राई जातिहरुमा जारी विवाह प्रथा आजभोली प्रायः लोप भइसकेको पाइन्छ । कहिले काही यदाकदा कसै-कसैले अपवादको रुपमा यो विवाह गरेको पाइन्छ । त्यो पनि कुनै बाध्यता वा केटा केटीबीचको प्रेम सम्बन्ध भएमा मात्र हुने गरेको पाइन्छ। त्यसकारण आज भोली यस समुदायका कुनै पनि व्यक्तिलाई जारी विवाह गर्न मन लागेको पाइदैन । बुढापाकाहरुको भनाई अनुसार आजभन्दा ४०/५० वर्ष अगाडिसम्म भने यस समुदायमा यस किसिमको विवाह प्रथा रहेको स्पष्ट हुन आउदछ । उनीहरुकै भनाई अनुसार कसैको स्वास्नी कसैले लगेको अवस्थामा जारीकल बापत निश्चित रकम र विवाहमा दिइएको गरगहना उक्त पैला जाने आइमाईको पहिलो लोग्नेलाई तिरी बुझाई गरिएको विवाहलाई जारी विवाह भन्ने गरिन्थ्यो । यदि कसैले श्रीमती जारी गरेर ल्याइसकेपछि जारीकल अथवा जारी छिन्ने काम नसकेसम्म उक्त आईमाइको पहिलो लोग्नेले दोस्रो लोग्ने (जसलाई जार भनिन्छ ) लाई काट्छ भनेर उक्त समयसम्म विशेष किसिमको आफ्नो सुरक्षा गर्दथे । यदि यस अवस्थामा जारलाई भेटी काटि हालेमा पनि त्यस समुदायमा काटेको खतमा पहिलो लोग्नेलाई कुनै किसिमको उजुर, बाजुर, दण्ड सजाय आदी नलाग्ने, नहुने चलन थियो । त्यसकारण कुनै व्यक्तिले जारी गरेर अर्काकी स्वास्नी ल्याएको खण्डमा पहिलो लोग्ने जारी उठाउन आउने वित्तिकै

गाउँका सबै बुढापाका, भद्र, भलादमी भेला भएर जारीकल सहित विवाहमा लगेका सम्पूर्ण खर्च, केटीलाई लगाउन दिएको सम्पूर्ण गर-गहना उक्त दोस्रो लोग्नेलाई तिराउन लगाई पठाइदिने गर्दथे । यसरी  जारी विवाह गरी ल्याएका केटा केटीको माङ्गै मात्र गरी दिने चलन छ भने अन्य विवाह संस्कारहरु भने गर्न आवश्यक छैन ।

### ६.७.६ विधवा विवाह

बर्षौ पहिलेदेखि यस चामलिङ्ग राई जातिहरुमा चलिआएको कहावत “आफ्नो घरको अगुल्टो आफ्नो घरमा नै राख्नु पर्दछ” भने अनुसार यस जातिमा पनि विधवा अर्थात एउटै घरमा भएका दाजु भाईमा यदि भाईको विवाह भएको थिएन रहेछ भने माथिको उखान वा कहावतको शाब्दिक अर्थ अनुसार दाजुको मृत्युपछि भाइले विधुवा भाउजुलाई आफ्नै घरमा आफैसँग राख्ने भन्ने अर्थ  लाग्न आउदछ । त्यसकारण आज भन्दा लगभग ५०/६० वर्ष अगाडिसम्म यो समुदायमा आफ्नै परिवारमा विधवा विवाह गर्ने चलन थियो भन्ने कुरा स्पष्ट हुन आउदछ । तर उक्त भनाई यस जातिका बुढापाकाहरुको उखानमै मात्र रहेको छ । पहिला पहिला उनीहरुमा शिक्षा र सामाजिक चेतनाको अभावले गर्दा विधवा विवाह गर्ने चलन भएता पनि सामाजिकरणको परिणामस्वरुप विधवा विवाह गर्नेलाई विस्तारै समाजले घृणा गर्न थालेपछि यो विवाह क्रमशः लोप गराउदै हराउदै लगी आजभोली पूर्णरुपमा यो विवाह लोप भईसकेको छ ।

## ६..८ विवाह संस्कारमा गरिने रितिथितिहरु

चामलिङ्ग राईहरु विवाह गर्दा विभिन्न रितिथितिहरु गरी विवाह सम्पन्न गर्ने गर्दछन् । विवाह सम्पन्न गर्न  ति रितिथितिहरु यी  समाजमा अनिवार्य हुन्छ । ती रितिथितिहरु विभिन्न  चरणहरु यिनिहरुले गर्दछन् । र ति रितिथितिहरु सबै पुरा गरिसकेपछिमात्र विवाह सम्पन्न भएको यी चामलिङ्ग राईहरु मान्दछन । ती रितिथितिहरुमा  विवाहको  लागि केटी मागी विवाह गर्नको  लागि तिथि तोकिएपछि देखि विवाह सम्पन्न भएको समयसम्म केटापक्षपट्टी पर्दछ भने केटीपक्ष पट्टी जन्ती

वा बेहुली आउने दिनको टुङ्गो लगाउने भई सल्लादेखि बेहुली अन्वाइ भान्सेहरुलाई विदाईसम्मको अवधीमा गर्ने रितिथितीहरु पर्दछ । ती रितिथितिहरु तल प्रकरण-प्रकरणमा उल्लेख गरिएको छ ।

### ६.८.१ भाई सल्लाह (यायोकखा)

चामलिङ्ग राईहरुको छोराछोरीको विवाह हुनुभन्दा अगाडि केटापक्षको हो भने जन्ति जाने दिनभन्दा अगाडि दाजुभाईहरु भेला भई केटीपक्षबाट बोलाएको जन्तिको संख्या अनुसार जन्ती कति जाने, जन्तिको निम्तो कस कसलाई भन्ने, विवाहमा कति छरछिमेक नरनाताहरुलाई बोलाउने, मुल भान्से कसलाई राख्ने, तरकारीको भान्से कसलाई राख्ने भनी नजिकका दाजुभाईहरु बसी सरसल्लाह गर्दछन् । जसलाई यिनीहरु भाईसल्लाह भन्दछन् । यो सल्लाह विवाहको कार्य गर्ने सबैभन्दा अगाडिको कार्य हो त्यसैगरी छोरीको विवाहमा जन्ती वा बेहुलालाई छोरी चेली लिन बोलाउदा कति कसरी बोलाउने कहिले, छोरामा झै छरछिमेकलाई कति निम्तो भन्ने नाता गोता कस कसलाई बोलाउने निम्ताहारलाई जन्ती पर्छने मात्र निम्तो होकी चुला निम्तो गर्ने भन्ने विषयमा छलफल हुन्छ । छोराको विवाहमा झै भान्सेहरु तोक्ने हुन्छ । यसरी यिनीहरुको भाई सल्लाह गरी कार्य विभाजन गरी विवाहको दिनमा गर्नु पर्ने कामको बाडफाड गरिन्छ र सोही बमोजिम आ-आफ्नो जिम्मेवारी निर्वाह गर्ने गर्दछन् ।

यसरी विवाह गर्ने घरलाई गाजी घर भनिन्छ । गाजीघरले अन्य दुई घरलाई ध्योतुङ्ग र छयोतुङ्ग तोकेका हुन्छ । जसले आउने आगन्तुकहरुलाई जाडको निगार ध्याम्पाबाट प्वाल बनाई झारिएको हुन्छ । त्यो र रगतसँग भुटिएको भुटुवा मासु सबैभन्दा पहिला स्वागतको रुपमा दिनु पर्ने हुन्छ । जुन दिने व्यक्तिहरुलाई साईनीसुईनी भन्दछन् । यसलाई पनि को को हो यही भाई सल्लाहको दिनै पत्ता लगाई तोकिन्छ । यो घर तोक्दा सबैभन्दा पहिला गाजीघरको नजिकको घरलाई

ध्योतुङ्ग र त्यसपछिको घरलाई छयोतुङ्ग गरी दुई घरलाई अनिवार्य तोक्नु पर्ने हुन्छ । त्यस घरका मानिसहरुले साईनी सुईनीको काम गर्नुपर्ने हुन्छ ।

### ६.८.२ कलिया (ततिमी) प्रथा

यस चामलिङ्ग राईहरुले विवाह गर्नुभन्दा अगाडि जब केटाले केटी मागी ल्याएपछि वा केटी मगनी गरी सकेपछि केटा पक्षबाट एक जना र केटी पक्षबाट एकजना व्यक्ति सहजकर्ताको रुपमा तोकिएको हुन्छ । जसलाई कलिया(ततिमी) भनिन्छ । यसको सुरुवात सुम्निमा(नाईयमा) गर्भवती भई धोवीचरा(तातिमी बास) लाई नायमाले पारुहाङ्गकहा पठाउदादेखि सुरु भएको भन्ने भनाई यहाँका चामलिङ्ग राईहरुको रहेको छ । त्यही ततिमी बासा (धोवीचरा) को नामबाटै नै उनीहरु कलियालाई ततिमी भन्दछ । कलियाले दुई पक्षको कुरा एक आपसमा आदान प्रदान गरी विवाहको तिथि, मिति तोक्ने समयको बारेमा दुवै पक्षलाई जानकारी गराउदछ । केटापक्षबाट कहिले जन्ती लिएर कति जन्ती लिएर आउने भन्ने कुराको जानकारी केटीपक्षबाट लिएर आउने अथवा केटीपक्षबाट यति मितिमा यति जन्ती लिएर आउनु भनी केटापक्षकहा गएर एक आपसमा जानकारी दिलाउने काम कलियाहरुले गर्दछन् । यसरी विवाहको सम्पूर्ण कार्यहरुमा कलियाहरुले सहजकर्ताको रुपमा भूमिका निर्वाह गरिरहेको पाइन्छ । यसरी विवाहमा जन्ती लिएर जादा कलियालाई एउटा सेतो कपडाको फेटा बाधिदिने गर्दछ भने केटीपक्षबाट पनि कलियालाई सेतो फेटा बाधिदिएको हुन्छ । विवाह सम्पन्न गरिसकेपछि कलियाहरुलाई केटापक्षबाट केटीपक्षकोलाई र केटीपक्षबाट केटीपक्षलाई सिर उभ्याउनी गरीन्छ । सिर उभ्याउदा हाम्रो काममा हिड्दा कति झरीले रुझ्यो होला, घामले पोल्यो होला, धेरै दुःख कष्ट भोग्नु पर्‍यो होला भनी आफ्नो भाषामा भन्दै रागा वा सुगुरको टाउको एक कठुवा रक्सी र एक मठिया जाडले सिर भ्याउने है भनी नाङ्लोमा राखीदिने चलन छ । (आजभोली एक ग्लेन जाड राखिदिने चलन छ ।) यसरी राख्दा तिम्रो खुट्टा खियाउन तिम्रो सिर उभ्याउन है भनी

नाङ्लोमा  राखि कलियालाई दिइन्छ र उसलाई काम सम्पन्न गरिदिएकोमा शुभकामनासहित विदाई गर्ने गर्दछन् ।

### ६.८.३ कुटुनी प्रथा

यहाका चामलिङ्ग राईहरुको विवाहको रितिथितिहरु मध्ये कुटुनी प्रथा पनि एक हो । बेहुली पट्टीबाट केटीको फुपु तथा क्षमा पर्ने छोरीमान्छे जन्ती लिएर केटा( बेहुला)को आई केटी (बेहुली) लाई लगेर केटाको घरमा लादा तथा केटीलाई मागी केटाको घरमा लादा केटीको साथीको रुपमा  जाने केटीको आफन्तलाई कुटुनी भनिन्छ । यसरी कुटुनी केटाको घरमा  केटी पुऱ्याएपछि फर्कन्छ र यसरी फर्कदा केटापक्षबाट कुटीनीखुर भनी सेलरोटी रागा तथा सुगुरको फिला रक्सी भाति जाड लगाइ पठाइन्छ । जुन खुर ल्याएर बेहुलीको घरमा खाने चलन छ ।

### ६.८.४. बागदता (ज्योखाम)

यहाका चामलिङ्ग राईहरुले बागदता (ज्योखाम) लाई संकल्प प्रस्तावका रुपमा लिन्छन् । यो वागदता समयको अवस्था हेरी कहिले सुखीम (जन्तिबस्ने घर) त कहिले जन्ति पर्छनासाथ बाटैमा बोल्ने चलन छ । बागदता बोल्दा जन्तीले माडै गरी ल्याएको एक वटा डवका, रु १ रुपैया र दुईवटा कठुवा राखिन्छ । पैसा भने डवकामा राखिन्छ । (नाकीहले सिकीमालाई हँछाले विहे गरी लादा यस्तो गरेकाले त्यसैलाई आधार मानी यो चलन चल्दै आएकोले नाकिहको चलनलाई निरन्तरता दिएको भनी भन्दछन्) यस अवस्थामा बेहुलीपट्टीबाट पनि एक वटा डवका र जाड राखिन्छ । यसरी दुवैपक्षले सामग्रीहरु राखिसकेपछि केटीपक्षबाट हाम्रो छोरी एक दियौँ दुई दियौँ तीन दियौँ दियौँ दियौँ, हाम्रो छोरी बाटोमुनी बाटोमाथि  लागेर अन्त कतै गयो भने हाम्रो ज्वाईको दश धार्नीको खुडा, खुकुरी एक जाग्यो दुई जाग्यो, जाग्यो, जाग्यो । अव हाम्रो ज्वाई पनि बाटो बिराएर बाटो माथि बाटो मुनि गऱ्यो भने हाम्रो छोरीको के बल्छ भनी भन्दा केटापक्षबाट खुरुम्वी जाग्दछ भन्दछन् । यसरी आफ्नो भाषामा  यी कुराहरु बोल्दै बुढापाकाहरु दुवैपक्षबाट डबका यता

उता गरी साटासाट गरी यो कार्य सम्पन्न गरी सक्दछन र त्यसपछि बेहुला बेहुलीलाई टिका टालो गर्ने काम सुरु हुन्छ ।

### ६.८.५ जन्ती पर्छने प्रथा

चामलिङ्ग राईहरुको जन्ती पर्छने काम जन्तीहरुलाई स्वागत गर्ने दोस्रो चरणको रुपमा लिइन्छ । यो छोरीको विवाहमा हुनेगर्दछ भने छोरीको विवाहमा जन्ती पर्छनुभन्दा अगाडि कलिया कलिया बीच भेट हुनेर बेहुलापट्टीको कलियालाई बेहुली पट्टीबाट पगरी (सेतो कपडा) बाधिदिने चलन छ । जसलाई यिनीहरु ततिमी तुप्सीमा (कलियाभेट) भन्दछन् । यही अवस्थामा एक चरणमा जन्तीहरुलाई यिनिहरु स्वागत गरिसकिएको हुन्छ । केटीपक्षमा जन्ती पर्छद केटीका दाजुभाई बाबु माईतीहरुले सालको पातको मन्दीर जस्तो टपरा जसलाई बरण्डा टपरी भन्दछन् । सो टपरी बोकी जन्तीहरुलाई सातपल्ट परीक्रमा गरीसकेपछि मात्र जन्ती पर्छने गर्दछ । यसरी जन्ती पर्छदा बेहुलालाई जन्तीको बीचमा राखिएको हुन्छ र जन्ती पर्छिएपछि बेहुलाको हातगोडा बेहुलीका आमाबाबुले धोई टिका लगाईदिई बेहुलालाई सुमखिम तिर लगी राखिन्छ । केटापक्षपट्टी भने बेहुली लगी बेहुलाको घरमा पुगेपछि केटाको छोरी चेलीहरुले दियो कलसले छर्कदै सात चोटी घुमी सकेपछि जन्ती पर्छन्छ र जन्ती पर्छीसकेपछि बुहारी भित्र हुलिन्छ । यसरी बुहारी भित्र्याउदा सासुले भित्रबाट तान्दछ । यस अवस्थामा धामीले माङ्गै गरी सकेको हुन्छ भने मुलढोकामा दियो कलस जोर गाग्री राखिएको, हसिया सासु बुहारी दुवैले भिरेको हुन्छ । बुहारीले सासुलाई दाहिने हात दिन्छ र दाहिने खुट्टा पहिला भित्र हुली पस्दछ । पसिसकेपछि ३ पल्ट उठबस गराई राखि टिका टालो लगाउने काम सुरु हुन्छ । यसरी बुहारी तान्दा सासु ससुरा दुवै भएकोले मात्र बुहारी तान्नु पर्ने चलन छ । एक पाखेले तान्नु हुन्न भन्ने भनाई छ । त्यसैले बुहारी तान्नु पर्दा ससुरा खसेको अवस्थामा सासुले नतानी दाजु भाई मध्येका अर्को घरको सासुले नभए जेठानी देउरानीले बुहारी तान्ने चलन छ ।

### ६.८.६ ढोग भेट प्रथा

यहाँका चामलिङ्ग राईहरु विवाहको दिन वेहुलीको घरमा बेहुलीपट्टीकाहरुलाई साइनो अनुसारको वेहुलालाई चिनाउनु यो प्रथाको मुख्य काम हो भने बेहुलापट्टीका वा बेहुलाको घरमा बुहारीलाई आफ्नो पट्टीकाहरुलाई साइनो अनुसारको  बेहुली वा बुहारीलाई चिनजान गराउने कार्य  ढोग भेट हो । बेहुलीपट्टी ढोग भेट गराउँदा बेहुलीकहाँ जन्ती गएको बेला बेहुला र बेहुलीलाई  टिका टालो गरिसकेपछि बाहिर आगनमा निकाली बेहुला र बेहुलीलाई सँगै उभ्याइ छेउमा २ वटा कठुवा र त्यस माथि २ रुपैया पैसा राखि सबैलाई पैसा लिन आउ है भनी बोलाउदछन् ।त्यसपछि दर दाजुभाई, छरछिमेक नातागोता, आगन्तुकहरु, सबै आई साइनो अनुसारको ढोग भेट गरी राखिएको कठुवाको रक्सी र पैसा छुदै  जान्छन र यसरी क्रमशः पालैपालो गरी यो कार्य गर्दछन् ।

केटा पक्षकहा भने आगन्तुक तथा दर दाजुभाई सबै उपस्थितिहरुलाई भान्सा उठिसकेपछि बुहारीको तुल्सा भनी सबैलाई रक्सी बटुकोमा दिदै  साइनो अनुसारको ढोग भेट गर्दछन् । यसरी ढोगभेट गर्दा साइनो जान्ने बुझ्ने एक जना बुढा पाका श्रीमान र सासु पनि साथमा हुन्छ । श्रीमान सासु र सहयोगीको साथ साइनो गरी ढोग भेट गर्दै यो कार्य सम्पन्न हुन्छ ।

### ६.८.७ सम्धी ढोग

यहाँका चामलिङ्ग राईहरुको चलन अनुसार वेहुली वेहुलाको घरमा वागदता वोली सकेपछि वेहुला पट्टीबाट गएका वेहुलाका बाबु र बाबु खालहरु सित वेहुलाको आमा-बाबु र आमा बाबु खाल बीच ढोग भेट हुनु नै सम्धी ढोग हो । यस अवस्था मा सम्धी बीच जडौ डाप्पा जडौ डाम्मा भन्दै खुट्टा उचाल्दै सात-सात पल्ट ढोग गर्दै ठठ्यौली गर्दै उफ्रदै ढोग गर्नै चलन छ ।

### ६.८.८ धरान वोल्ने प्रथा र (दुम खार्मा)

यहाँका चामलिङ्ग राईहरुका विवाह संस्कारका रितिथितिहरुमध्ये एउटा रितिथिति धरानका वोल्ने प्रथा (दुमुखर्मा) हो । यसमा दुवै पक्षका वुढापाकाहरु वसेर विवाहमा चाहिने रकमहरुको वारेमा छलफल हुन्छ । यस अवस्थामा वेहुला पट्टीबाट वेहुली पट्टीका लाई वैतुङ्ग दस्तुर (दाजुभाई) का लागी कति भनी सोधनी हुन्छ । कसले कहिले देखि राखेको भनी साधनी हुन्छ । आज कसले किन राखिएको हुन्छ भनि दुवैपक्ष सोधा साध हुन्छ । यसमा केटापक्षबाट रु ५ राखेको थियो । यो चलन पारुहाङ्ग, नायमाबाट नै सुरु भएको भनी भन्दछन । यो वेला हामीले खादा ऋण त लाग्दैन भनी केटी पक्षबाट सोधनी हुन्छ । केटा पक्षबाट हुदैन यो आज देखि चालिआएको होइन उहिले पहिले पहिला देखि चलिआएको हुनाले ऋण लाग्दैन भन्दछन। यी सवै वार्तालापहरु चामलिङ्ग भाषा मै गर्दछन यदी चामलिङ्ग राईजातिहरु भएमा यी वाहेक अन्य जात भएका नेपाली कुराबाटै गर्ने गदैछन ।

### ६.८.९ सचेप प्रैथा

चामलिङ्ग राईजातिहरुमा छोराको विवाहमा मात्र यस प्रथाको चलन रहेको पाइन्छ । छोराको विवाहमा आगन्तुकहरुले आफ्नो गक्ष अनुसार सघाउनीको रुपमा नाम लेखी नगद दिने चलनलाई सचेप प्रथा भनिन्छ । सचेप उठाउनलाई एक जना लेखन्दास (नाम लेख्ने) व्यक्ती र उसलाई सहयोग गर्ने एक अर्को व्यक्ती तोकिएको हन्छ । उनीहरुको सामु एक कठुवा रक्सी र टमरीमा मासु राखिएको हुन्छ । उनीहरुले लहै मासु रक्सी खान आउनुहोस है भनी बसेपछि सवै आगन्तुकहरु आई आफुले सकेसम्मको रकमा वहीमा चढाई दिन्छ । यसरी चढाउदा आफ्नो घरको छोराको कार्यमा त्यो विवाह गर्ने घरका कति सहयोग अगाडी राखेको वा लेखाएको थियो त्यति नै वा त्यो भन्दा अलिक बढी पनि राख्ने चलन रहेका पाइन्छ र यो प्रथा भने छोरीको विवाहमा रहेको पाइन्दैन । केवल छोराको विवाहमा मात्र रहेको पाइन्छ ।

### ६.८.१० माईत प्रथा

यहाँका चामलिङ्ग राई जातिहरुको छोराको विवाहमा मात्र यो माईत प्रथा रहेको पाइन्छ । यसमा केटाका छोरी चेलीहरुले आफ्नो गच्छे अनुसारको खाने कुराहरु जाड, रक्सी, सेलरोटी, कोही कोहीले त  रागा खसी पनि आफ्नो माइतीको सीर उभ्याउनी भनी विवाहको बेलामा केटाको घरमा भनेर सिध्याएपछि राखिने चलन छ भने कहिले बेहुली लिन जादा छोरीको घर बाटोमा पर्दछ भने बाटोमा घर पर्ने छोरी चेलीले जन्ती गएको बखत बाटैमा राखिदिने चलन छ । यसरी  माईतीको सीर उभ्याउनी स्वरुप राखिदिएको सामानहरुका सट्टामा माईतीले वा बेहुलापट्टीबाट आफ्नो गच्छे अनुसार छोरी चेलीको सामान हेरी सोही बमोजिम रकम दिने चलन छ । यो प्रथा पनि माईती वा केटाको विवाहमा मात्र हुने चलन छ ।  छोरी चेलीको विवाहमा भने यस्तो चलन रहेको पाइदैन । यो प्रथा उहिले यिनीहरुका पूर्खाका रुपमा लिएका खचिलिप्पाको विवाहमा उसका  चेलीहरु तयमा र खियामाले खचिलियालाई सानैमा मऱ्यो भनी छोडेर गएकोमा विवाहको निम्तो पाएपछि माईतीको सिर ढल्यो होला तिमी त मऱ्यौ भनी छाडेर गएको त जिउदै रहेछौं तिम्रो् सीर नढलोस है भनी यो माईतीलाई सीर उभ्याउनी राख्ने चलत यहाँबाट सुरु भएको भन्ने भनाई रही माईत प्रथा यसैको निरन्तरताको रुपमा लिएको पाइन्छ ।

### ६.८.११ मेघियार

चामलिङ्ग राई जातिहरुको प्रत्येक घरको  एक सिलाउने दर्जी समातिएको हुन्छ । जसलाई यिनिहरुले विवाहको बेलमा आवश्यक पर्ने पञ्चैबाजा लिएर अन्य दमाईहरु पनि लिएर  आउनको लागी जिम्मेवारी दिएको पाईन्छ । यसरी जिम्मेवारी लिने मुख्य व्यत्तिलाइ मेघियार भनिन्छ । उसलाई विवाहमा तिमी हाम्रो मुख्य मेघियार हौ  भनि सेतो कपडाको  फेटा बाधिदिएको हुन्छ । त्यसपछि उसले विवाहको लागि आवश्यक पर्ने बाजा गाजाहरु र त्यसलाई बजाउने व्यत्तिहरु पनि उसले उपलब्ध गराउदछ । यसको सम्पूर्ण जिम्मेवारी उसले लिएको पाइन्छ । यसरी उसले  जिम्मेवारी लिएर विवाहको सम्पूर्ण काम सम्पन्न गरी सकेपछि बेहुला

बेहुलीलाई केटीपट्टीकाले हो भने जन्ती हिडेपछि बाटोमा बाटो छेकी एउटा तकियाको खोल वा टोपी राखि बेहुला बेहुलीलाई आर्शिवाद दिदै चाच्दै गदैछ । बेहुला बेहुलीले पनि सोको सट्टामा केही रकम दिई उनीहरुबाट विदा हुन्छन् । बेहुला पट्टीको विवाहको सम्पूर्ण कायै सम्पन्न गरी सकेपछि बेहुला बेहुलीलाई आर्शिवाद दिन बेहुलीलाई पछयौरी थाप्न लगाई विभिन्न आर्शिवादहरु दिदै सनै बजाउदै गर्दै गर्दछन् र यस अवस्थामा पनि केही मात्रामा रकम दिई विदाई गरि पठाउदछ । आर्शिवाद दिदा दिएका फूलहरु बेहुलीले पछयौरीमा पोको पारी भित्र हुली भकारीमा राख्नुपर्ने हुन्छ । जसले गर्दा लक्ष्मी भन्ने भित्रिन्छ  भन्ने कहावत तथा भनाई रहेको पाइन्छ । यसरी यसको कार्य सम्पन्न गरिन्छ ।

### ६.८.१२ बातामा नाच्ने चलन र डोली थाप्ने प्रथा

यहाँका चामलिङ्ग राई जातिहरुको विवाहमा बातामा नाच्ने चलन छ । यो चलन छोरीको विवाहमा जन्ती अन्ब्याउने बेलमा माथीबाट पातले कै घोचाको बेलो बनाई त्यो बलोमा एक चौटा काचो मासु झुन्ड्याएको हुन्छ । तल एक बढा माटोको भाडा (बुछालुं), टपरामा चामल, चिण्डो राखिएको  हुन्छ । जुन ठाउँलाई बाता भनिन्छ । यस ठाउँमा जन्ती अन्माउने बेला बेहुली पट्टीका मानिसहरु चन्डी( साकेलां नाच्छन् भने बेहुला वा जन्तीपट्टीकाहरु पनि नाच्ने गर्दछ । यसरी नाची रहेको बेला बेहुली र बेहुला बोकी  ल्याउदँछ  र त्यही बेला बेहुलीपट्टीकाहरुले डोली थाप भनि भन्दछन यसो भन्दा बेहुलीपट्टीकाले पनि भएसम्म मावलीहरु पट्टीकाले बेहुली- बेहुलीलाई पिठ्यु थापी बोक्दछन् । जसलाई यहाका चामलिङ्ग राईहरु डोली थापने प्रथाको रुपमा लिई यसलाई डोली थाप्ने चलन पनि भन्दछन । यसरी बेहुला बेहुली बोकी कोही अगाडी बढ्छन भने कोही बाता बनाएको पातलेको घोचा उखेली सो घोचाहरुमा एउटा घोचा र बलो लिएर जन्तीहरु नाच्दै अगाडी बढ्दछन । तल राखिएको टपरीको चामल, मासु जन्तिले लिएर जान्छन् । बेहुली पट्टी भने एकवटा घोचा र बुछालु लिएर नाच्दै बुहुलीको घरको चुलामा गई चुलालाई तीनपल्ट नाच्दै सिलि गर्दै जंबकँमा (भाडा र कुना)  सम्म पुगी दुगिन्छ ।

### ६.८.१३ मावलीलाइ सिर उभ्याउनी

यहाँका चामलिङ्ग राईहरु मावलीहरुलाई आदरसत्कार गरी मावलीको सिर नढलोस सधै भनि हामीहरुले मावलीहरुबाट शुभ आर्शिवाद पाउदै जाउ भनी मावलीलाई सीर उभ्याउनी भनेर रागो तथा सुगुरको टाउको, रक्सी, जाड, नाङ्लोमा राखिदिने गर्दछ । यो छोरा छोरी दुवैको विवाहको भत्तेर(खानपान) सिद्धिएपछि गर्ने चलन रहेको पाइन्छ । यसरी सीर उभ्याउनी राख्दा विवाह पक्षका बुढापाकाहरुले तपाईहरुको भान्जाले बुहारी देखेछ , ल्याएछ, तपाईरु भएकोले हामी भयौँ । तपाईहरु सीम भएका हुनाले हामी नदी भएर बहन पाएका छौं । तपाईहरु सीम सुक्नु भयो भने हामी नदी कसरी हुन्छौं सीम बिनाको नदी हुन सक्दैन । त्यसैले तपाईहरुको सीर कहिल्यै नढालोस भनी आशिर्वाद माग्दै यि माथि उल्लेखित वस्तुहरु राख्दछन् भने छोरीको विहेमा पनि तपाईहरुका भान्जिलाई कुल कुटुम्बले देखेछ त्यसैले हामीकहा माग्न आएकोले हामीहरुले तपाईहरुको भान्जि, हाम्रो छोरी चेली बढेकाले उनीहरुलाई दिउ भनी केटाको व छोराको विहेमा जस्तै सीम र नदीका कुरा गर्दै आशिर्वाद माग्दै सोही वस्तुहरु राख्दछन् । यसरी राखेपछि मावलीहरुबाट छुम्मादम्मा तथा सुतुम्मा यातुम्मा (तिरो भरो) छ की छैन भनी सोध्दा बेहुला बेहुली पट्टीबाट छैन भनी भन्दछन् तर पनि पहिले देखि यो चलन थियो रहेको भएको हुनाले रु २ रुपैया भने राख्ने चलन छ भने आफ्ना छोरी चेलीलाई आफ्नो गच्छे अनुसार केही रकम दिने चलन रहेको पाइन्छ ।

### ६.८.१४ छोरी चेलीलाई शिर उभ्याउनी (छैकुखुर, छेकुफिला)

यहाँका चामलिङ्ग राईजातिहरुको छोरा छोरीको विवाहहरुमा छोरी चेलीलाई सिर उभ्याउनीको रुपमा भनी प्रत्येक छोरी चेलीलाई १-१ माना चामल पुग्ने गरी थुम्सेमा चामल र रागो अथवा सुगुरको फिला निकाली त्यो फिलालाई काट कुट गरी प्रत्येकलाई चामलसँग टपरामा भाग लगाइन्छ । यसरी भाग लगाउदा कति जना छोरी चेली छन सबैलाई बराबरी हुने गरी भाग लगाइन्छ । त्यो चामल र फिलालाई छैकु खुर भनी उनीहरु भन्दछन् । जुन खुरलाई विवाह घरबाट

निकालिएपछि फेरी त्यसलाई सोही घरभित्र हुल्न हुदैन बाहिर बाहिर बाटै त्यसलाई छोरी चेलीहरुले लगेर जानु पर्दछ ।

### ६.८.१५ गाजीघर, वतुङ्ग, मावली , डामैचिमै देखिने प्रथा

यहाँका चामलिङ्ग राईजातिहरुका छोरीको विवाहमा सुम्खीममा (जन्तीहरु बस्नेठाउ)मा गई जन्तीहरुको सामु रक्सी तथा जाड लिएर पालै पालो गरी गाजीघर, बतुङ्ग, (दरदाजुभाई) , मावली, डामैचिमै(छोरी चेली) देखा पर्नु पर्ने हुन्छ ।ि यो देखा पर्दा राती पालैपालोसँग जन्तीहरुलाई बोलाउदा, बेहुलालाई टिकाटालो गर्न बोलाउदा, सम्धीलाई सम्धी ढोगमा बोलाउदा, भान्सा उठ्यो है भनी जानकारी गराउदा, सुतु है, उठु है भन्न जादा देखा पर्दछन् ।

### ६.८.१६ रमाइलो गर्ने

यहाँका चामलिङ्ग राईजातिहरुको छोरीको विवाहमा जन्तीहरु र केटीपट्टीका घर गाउलेहरुबीच पहिलापहिला बुढापाकाहरु सीलोक (श्लोक) गाएर रमाइलो गर्दथे भने आजभोली सीलोक गाउने चलन लोप भई सीलकको सट्टामा गीत गाउने नाच्ने चलन चलेको पाइन्छ । यसरी पहिला पहिला सीलक गाउदा जसले गल्ती गर्दछ वा सिलकमा हार्ने गर्दछ उसले दण्ड जरिवानास्वरुप रक्सी राखी माफ माग्न पर्ने हुन्थ्यो । यसरी बुढापाकाहरु बेलुकादेखि रातभर सीलक गाएर उज्यालो पारी जन्ती अन्माउने बेलासम्म गाएर छुट्टिने गर्दा पनि सीलककै माध्यमबाट विदावारी माग्दथे र विदावारी दिनेले पनि सीलकबाटै विदावारी दिदथे तर आजभोली भने सीलकको सट्टा नाचगान गरी रात कटाउने गर्दछन् । छोराको विवाह हो भने जन्ती आएर केटाको घरमा भतेर सकी सामान्य नाचगान गर्ने गरेको पाइन्छ । किनकी रमाइलो गर्ने जन्ती गएर जन्तमै रमाइलो गरी थकित भएको हुन्छ । त्यसअवस्थामा त्यति धेरै रमाइलो गर्न नसक्ने अवस्था हुन्छ ।

### ६.८.१७ भान्से अन्म्याउने चलन

यहाँका चामलिङ्ग राईजातिहरुमा विवाहको सम्पुर्ण कार्य सम्पन्न गरीसकेपछि अन्तिम चरणमा भान्सेहरुलाई विदाई गर्ने चलन छ । यसरी विदा गर्दा

भान्सेहरुलाई विवाहको कार्यक्रम राम्ररी सम्पन्न गरिदिनुभएकोमा धन्यवाद दिदै उनीहरुलाई जाड, रक्सी, खाना खान दिई विदाई गरिन्छ । विदाइमा भान्सेहरुलाई कति दुःख कष्ट भयो होला त्यो दुःख कष्टलाई पनि सामान्य मानि काम गरिदिनु भयो यसमा हामी धेरै आभारी छौ तपाईहरुको घरमा पनि यस्तो कार्य परेमा हामी पनि तपाईहरुलाई सहयोग गदछौं भन्दै एक आपसमा सरसहयोगको भावनाका साथ यस कार्यलाई समाप्त गरिन्छ । यो कार्यमा बुढापाकाहरुको पनि उपस्थिती हुन्छ  र भान्सेहरुलाई यिनै बुढापाकाहरुबाट विदाई गरिन्छ ।

### ६.८.१८ डोलन फर्काउने

यहाँका चामलिङ्ग राईजातिहरु विवाहको अन्तिम संस्कारको रुपमा यस डोलन फर्काउने चलनलाई लिएको पाइन्छ । यसमा बेहुलीलाई जन्तीले लिएर गएपछि बेहुलाको घरम विवाह सम्पन्न गरीसकेपछि त्यसको २-३ दिनभित्रमा बेहुलीको घरमा बेहुलीलाई बेहुलीको साथी र बेहुला सहित फर्किआउनु पर्ने हुन्छ । यसलाई यिनीहरु डोलन फर्काउनु भन्दछन् । यसरी डोलन फर्काउदा बेहुलाको घरबाट बेहुली खुर ( कोसेली) , डाम्मा खर(सम्धिनी कोशेली) भनी रक्सी, सेलरोटी लिएर बेहुलाको घरमा जानु पर्ने हुन्छ । साथै यि अलावा झ्योतुङ्ग, छ्योतुङ्ग र कलियालाई पनि कोशेली लगेर जानु पर्ने हुन्छ । झ्योतुङ्ग, छ्योतुङ्ग र कलियाले पनि बेहुला बेहुलीलाई बोलाई खाना खान दिनु पर्ने हुन्छ ।

## ६.९ मृत्यु संस्कार

चामलिङ्ग राईजातिहरुको  जीवनको अन्तिम संस्कार हो मृत्यु संस्कार । मृत्यु संस्कारलाई यिनीहरुको  जीवनको महत्वपूर्ण संस्कार मानि यिनिहरुले मृत शरिरलाई धेरै नै दयाँ मायाका साथ हेरी सबैजनाले लासलाई हेर्ने गर्दछन् ।  आजदेखि तिमीले सुखको बाटो लियौ  राम्रो सँग तिम्रो आत्माले शान्ति पाओस भनी मृत शरीर आत्माको चिर शान्तिको कामना गर्दछन् । यिनीहरुको लासलाई दाहसंस्कार  गर्न लानु भन्दा पहिला नयाँ लुगाहरु लगाइदिने गर्दछन् । यिनीहरुको मृत्यु हुदाँ कसैको घर बाहिर र कसैको घर भित्र भएमा  दाहसंस्कार गर्न  लानु भन्दाअगाडि घरको मूल ढोकामा शीर घरभित्र पारी  राखिन्छ । त्यसपछि सेतो कपडा माथि राखि सेतै

कपडाले बेरिन्छ । हरियो बास माथि राखि बासको चोयाले नै  वा सेतो कपडाको डोरीले तिनै ठाउँ बाधिन्छ । कसै कसैले पहिलापहिला सल्लाको  तखताको बाकस बनाई बाकस भित्र राखि दाहसंस्कार गरिन्थ्यो भने आज भोली प्रायः सबैको दाहसंस्कार यसै गरी गर्ने गरिन्छ । पहिला पहिला त मान्द्रोमा पनि बेरी लासलाई दाहसंस्कार  गर्न लाने चलन थियो । यसरी लासलाई दाहसंस्कार गर्न लान भन्दा अगाडि मृतकको छोरी चेली २/४ घण्टा टाढा भएकाहरुलाई बोलाउन गई उनीहरु आउनजेल लासलाई राखि छोरी चेलीलाई  पर्खने चलन पनि छ ।  टाढाका छोरी चेलीहरुलाई  भने आउन समय बढी  लाग्ने हुँदा पर्खने चलन छैन  । यसरी लास दाहसंस्कार गर्न कोही लुम(लास गाढ्ने खाडल) खन्न अगाडि नै जान्छन् भने कोही बाकस बनाउन तिर लाग्दछन् । यिनीहरुलाई आफ्नै जग्गामा  राख्ने चलन रहेको पाइन्छ । अन्यको जग्गामा राख्दा भाडा लाग्छ भनेर यदि अन्य मानिसहरुको जग्गामा राख्नु पर्ने अवस्था भएमा लास दाहसंस्कार गर्ने ठाउँलाई किनी मात्र दाहसंस्कार गर्ने चलन छ । त्यसको लागि पुरै रकम जग्गावालालाई दिनु पर्दैन हामी तपाइहरुको जमिनमा हाम्रो  लासको दाहसंस्कार गर्दछौँ भनी मौखिक  रुपमा मागि सहमति भएपछि लुम(लास गाढ्ने खाडल) मा मोहोर पैसाहरु  राखि लासको दाहसंस्कार गरिन्छ । दाहसंस्कार गर्न लादा अगाडि अगाडि दाउराको अगुल्टो बुढापाकाले बोकी हिड्छन् भने एक माना चामल र माटोको एउटा बुछ्यालु पनि अर्को जनाले बोकी लास दाहसंस्कार गर्ने ठाउतिर  जान्छन् । यसरी जादा मृतकको छोराहरुले लासलाई नबोकि छोएर मात्र हिड्छन भने अन्यले लास बोकि हिड्छन् । जब दाह संस्कार गर्ने ठाउँमा पुगेपछि नजिकै आगो फुकिन्छ र आगोको छेउमा लास राखेको हुन्छ ।  लास दाह संस्कार गर्ने बेलमा लुम(लास गाडर्ने) भित्र मलामिहरुको लावा (सातो) नपरोस भनि भए सम्म धामी(नछोउ) ले हरियो सेउलाले लुम भित्रको पैतालाहरु सबै मेटि बडारी मुदम गाउदै लावा(सातो) निकाल्दछन् । नछौ (धामी) नभएमा मुधुम जान्ने बुझ्ने, रिसीमीद्वारा यो कार्य गरिन्छ । यसरी लावा निकालिसकेपछि लासको दाहसंस्कार गर्दछन् ।  दाहसंस्कार गर्नु भन्दा आगाडि मृतकको अन्तिम अनुहार हेर्ने

भनी एक पटक सबैलाई मृतकको अनुहार देखाइन्छि । यस पछि लासलाई लुम भित्र राखि मट्टि दिने काम हुन्छ । मट्टी दिदा सबै भन्दा पहिले मृतकको छोराछोरीले देब्रे हातले ३-३ पल्ट मृत आत्माले चीर शान्ति पाओस भन्दै दिन्छन् । त्यसपछि अन्य मलामीहरुले पनि सोही बमोजिम मट्टि दिन्छन् ।

यसरी मट्टि दिएपछि मृतलासलाई पुर्ने काम हुन्छ । लासलाई दाहसंस्कार गरिसकेपछि मृतक व्यक्ति कसरी कतिको उमेरमा मरेको छ सोही अनुसार मृतकलाई विभाजन गरी उनीहरुको काज क्रिया गर्ने गरिन्छ । मृतकहरुको अवस्थालाई हेरी चामलिङ्ग राईहरुको मृतकलाई निम्न अनुसार छुट्याइको पाइन्छ ।

१ ईसाखाली- चुलामा नआउने ।

२ निखाली- चुलामा आउने ।

३ बुङाबारीदा - माथि दुवैमा नरही फुलबारीमा बस्ने ।

यहाँका चामलिङ्ग राईहरुले मृत लासलाई राख्ने तरीका पनि फरक फरक पाइन्छ । बच्चहरुको मृत्यु भएमा जो बच्चाहरुको छेवर, पास्नी, गुन्यु चोली दिएका छैन र ५ वर्ष भन्दा मुनीको भएमा ओडारमा राख्ने चलन छ । यदि सानै छ , वर्ष पनि पुगेको छैन भने त बच्चाहरुकै आफ्नै कोकोमा राखि ओडारमा, ढुङ्गाको चेपचापमा राख्ने चलन छ । यि साना तिना बच्चाहरुको काज क्रिया भने ठूलो मान्छेको जस्तो गर्ने गरेको पाइदैन । ५ वर्ष भन्दा माथिको १५/१६ वर्ष मुनीकोलाई भने सामान्य रुपमा मृत्यु भएमा चुलामा आउने हुन्छ । त्यसबाहेक अन्य तरिकाले मृत्यु भएमा फुलबारीमा बस्दछ भन्ने भनाई रहेको पाइन्छ । त्यो बाहेक साना साना बच्चाको मृत्यु भएमा मृत बच्चालाई सतगत गरी चोखी सकेपछि सम्पूर्ण कार्य समाप्त हुन्छ ।

ठूलो मान्छेलाई भने दाहसंस्कार गरी सकेपछि मृतकको अवस्थालाई हेरी कसरी मृत्यु भएको हो सोही आधारमा मृतकलाई चुलामा आउने र नआउने छुट्याइन्छ । मुतक लडि मरेमा , झुन्डी मरेमा, घाउ चोट लागि मरेमा, सुनिएर

मरेमा , सुत्केरी अवस्थामा मरेमा इसाखाली चुलामा नआउने हुन्छ भनी यिनीहरुको चिहानलाई खुल्लारुपमा छोडिन्छ र बिहान बेलुकी चिहान छेउमा आगो पनि बालिदैन । चोखिएपछि ठूलो चिन्ता(बिजुवा नछौं) धामी बसाई सिहां झार्नु वा मार्नु पर्ने भनी चिन्ता बसाइन्छ । मृत कुनै पनि किसिमको घाउ, खटिरा भई झुन्डी मरि, सुन्नी मरि, सुत्केरी अवस्थामा मरेको बाहेक सामान्य बिरामी परि सामान्य रुपमा मृतकको मृत्यु भएमा यसरी मृत्यु भएको मृतक भनी चुलामा आउने( निखाली) हुन्छ । यसरी निखाली भएर मरेको मृतकको चिहानलाई भने वरीपरि बासको साना साना भाटा बनाइ त्यसले बारिन्छ र चिहान माथि खरको सामान्य घर जस्तो बनाइदिन्छन् । चिहान माथि लाससँगै ल्याएको एक माना चामल र बुछालु राख्छन् । यसरी यो चामल र बुछालु भने दुवै किसिमको लासको चिहान माथि राखिन्छ । निखाली चुलामा आउने चिहानमा भने बिहान बेलुकी नचोखिन्जेलसम्म आगो बाल्नु पर्ने हुन्छ । यि उल्लेखित दुई थरिका मृतक बाहेक अर्को थरीका मृतकलाई बुङावारी(फुलबारी) मा बस्ने भन्छन जुन मृतक मानिस न चुलामा आउछ नत इसाखाली नै हुन्छ । यि दुईको बीचमा रहने मृतकलाई बुङावारी (फुलबारीमा) राख्ने चलन छ । यसलाई सिहा झार्नु पनि पर्दैन र चुलामा पनि राख्न पर्दैन ।

यसरी मृतक जुन सकै अवस्थामा मरेता पनि मृतकको दाहसंस्कार भईसकेपछि मृतक तथा उसको परिवारले पानी खाने पधेरामा गई मृतकका छोराहरुको कपाल खौरने काम गरिन्छ । कपाल खौरदा उनीहरुको भान्जा चेलाले खौरनु पर्नेहुन्छ । यसरी कपाल खैरीसकेपछि राडि ओडि घरमा आई घरको कुनामा पराल माथि क्रिया पुत्रीहरु बस्दछन् । यस अवस्थामा आफ्नो जात बाहेक अन्य जातले र पशुपन्छि, जीव जनावरहरुले छुन हुदैन । घरमा आई पुग्नभन्दा अगाडि आगन छेउमा खरानी पानी तितेपाती र आगो राखिएको हुन्छ । त्यसलाई छोइ टेकी मलामीहरु घरमा प्रवेश गर्दछन् । यसरी सबै मलामीहरु आइसकेपछि मलामीहरुलाई खाजाको रुपमा मकै भटमास तथा मौसमअनुसारको फलफुल तथा तरुलहरु जाड रक्सी दिने गर्दछन् । क्रियामा बसेका क्रियापुत्रिहरुलाई उनीहरुको जसले कपाल

खौरेको छ उसैले नै नुन तेल बिनाको साधारण खाना पकाएर खुवाउदछन् । यो कार्य नचोखिन्जेलसम्म रहन्छ । यसरी क्रियापुत्रिहरुलाई भान्जाले बिहानै पिच्छे पधेरामा गई नुवाइधुवाइ गरी चोखो पानी ल्याई सोही पानीले खाना पकाउनु पर्दछ । जुठोबाट नचोखिन्जेलसम्म रात दिन लगातार रुपमा सबैजना दाजुभाईहरु भेला भएर क्रियापुत्रिहरुलाई रुग्ने गर्दछन् ।

चामलिङ्ग राई जातिहरुको जुठोबाट चोखिने क्रम साधारण तया मृतक ५ वर्ष भन्दा मुनीको छ भने ३ दिन र त्यो भन्दा माथिको भए ५ दिनमा जुठोबाट चोखिने चलन छ । तर यदी त्यस्तै परिस्थिति अर्थात गाउँमा शुभकार्य हुनेवाला अर्थात गाउँमा हुने कसैको विवाह उक्त जुठोकै कारण रोकिने स्थिति आइ परेमा परिस्थिति अनुसार १/२ दिनमा पनि जुठोबाट चोखिने चलन रहेको पाइन्छ । यसरी यस जातिहरुमा लासको अन्तिम दाहसंस्कार गरी क्रियापुत्रि जुठोमा बसिसकेपछि यिनीहरुको मुन्दुम विधिअनुसार विभिन्न मृत्यु संस्कार सम्पन्न हुने गर्दछ । जसको व्याख्या तल निम्नानुसार गरिएको छ ।

### ६.९.१ जुठोबाट चोखिने (मृतकको किरे गर्ने)

चामलिङ्ग राईहरुको समुदायमा कुनै मानिसको मृत्यु भएपछि यदि उक्त व्यक्ति ५ वर्ष भन्दा मुनिको छ भने ३ दिनमा र ५ वर्षभन्दा माथिको भए ५ दिनमा साधारणतया जुठोबाट चोखिने चलन रहेकोमा अपवादको रुपमा यदि आफ्नो दाजुभाई भित्रै कसैको शुभ कार्य अर्थात विवाह आदि हुनेवाला छ भने जुठोको कारण उक्त शुभ कार्य नरोकिओस भनेर आवश्यकता अनुसार १/२ दिनमा पनि जुठोबाट चोखिने चलन यस समुदायमा रहेको पाइन्छ । यसरी कोरोमा किरियापुत्री बस्दा साधारणतया ५ दिन बस्ने गर्दछन् । उक्त ५ दिनसम्म सम्पुर्ण दाजुभाईहरुको नून, तेल, जस्ता आदि वस्तुहरु छुन हुदैन । चोखिएपछि मात्र यि वस्तुहरु छुन हुन्छ । चोखिदाखेरी यिनीहरुलाई यिनीहरुकै जसले कपाल खौरेको थियो उही भान्जाबाट नुन तेल छोई चोख्याउने चलन छ जसलाई उनीहरु नुन तेलबाट उस्केको भन्छन् ।

यसरी नुन तेलबाट उस्किने दिन मृतकको  मलामीहरु सबैलाई बोलाइएको हुन्छ र नुन तेल छुवाई आगन्तुकहरुलाई सामान्य खान पिन गराइन्छ  । नुन तेल छोइ खान पान गरिसकेपछि भान्जालाई आफ्नो गच्छेअनुसार नगद तथा बस्तुहरु दिइ विदाई गरिन्छ । यसरी नुन तेल छोइ नुन तेल चलाई भान्जालाई विदाई गरीसकेपछि सबैकामहरु फुकुवा हुन्छ ।

### ६.९.२ बरखन्ता

चामलिङ्ग राईहरुको मृत संस्कारहरु मध्येको  एउटा संस्कार बरखन्ता हो । जुन मृत व्यक्ति इसाखाली(चुलामा नआउने) भयो भने निजको मृत्यु भएको एक महिना भित्रमा  सिंहा झार्ने भनी यिनीहरुको बिजुवा धामी बसाई सिहा झार्ने गरिन्छ , यसैलाई यिनीहरुले मृतकको बरखन्ता भन्दछन् । यसमा  बिजुवा धामी बोलाउनको लागि र बसाउनको लागि दाजुभाईहरु भेला भई कसलाई बसाउने र कहिले बसाउने भनी सल्लाह गरी बसाउने धामी र मिति तोकी सोही मितिमा धामी वा ठुलो चिन्ता बसाउने चलन छ । यसरी बसाउदा सुगुर काटी त्यसको ढाड धामीको ढोल बाध्ने बासमा  अर्को एउटा घोचामा बाधि  राखिन्छ र धामि बस्दै जादा मरेका मान्छेको आत्मा सिहं भई त्यहा आउछ र धामीले बाण हानी त्यसलाई मार्ने झार्ने गर्दछ । यसरी धामी बस्दा धामी बेलुकीदेखि बिहान सम्म बस्ने गर्दछ । यसअवस्थामा धामीको  साथी तकायो सहित १०/१२ जना हुन्छन् । तकायोले सोलैमा बोकी धामी  जस्तै मुधुम गाउदै  धामीको सहयोगीको रुपमा रहन्छ भने अन्य साथीहरुले पालैपालो ढोल बजाउछन् र थाल बजाउदछन् । छर छिमेकहरुले यस अवस्थामा तुम्सा भनी जाड रक्सी बाढने चलन पनि छ ।

### ६.९.३ खादैसी(घोटा) जाने चलन

यहाँका चामलिङ्ग राईहरु मृतकका आफन्तहरुलाई सान्त्वना दिनको  लागि सोही दिनमा नजिकका छरछिमेकीहरु  आउदछन भने टाढा टाढाकाहरु  थाहा पाएपछि जहिले पनि आई मृतकका आफन्तहरुलाई सान्त्वना दिने गर्दछन् ।

बाच्दाको भेट र मर्दाको घोट भन्ने भनाइ अनुसार मृतकका आफन्तहरुलाई भेटी सान्त्वना दिनु पर्ने कुरा उनीहरु बताउदछन् । यसरी घोटमा जादाँ इसाखाली हो भने घोटमा जादा लगिएको रक्सीलाई मुदुम गाउदै घर बाहिर लगेर तिम्रो भाग है भन्दै मृतकको नाम गरी दिने गर्दछन् भने निखाली भएकोमा घोटमा जादा लगिएको रक्सीलाई मुदुम गाउदै चुलामा मृतकको नाम गर्दै चढाइन्छ । यो कार्य मुदुम जान्ने रिसीमी तथा बुढापाकाहरु द्वारा गरिन्छ ।

### ६.९.४ चौतारा बनाउने काम

परापूर्वकालदेखि चामलिङ्ग राईहरुले मृतकको सम्झना स्वरुप चौताराठाटी बनाउने गर्दछन् । यो चौतारा ठूलो एकादशीका दिन मृतकको नाम, जन्म मिति, ठेगाना, देहान्त मिति, बनाउनेको नाम आदि राखि ढुङ्गामा कुदी किताबस्वरुप राख्ने चलन रहेको छ । किताब राख्दा आफन्त, छरछिमेक, नाता गोताहरुलाई पनि बोलाइन्छ । तर यो किताब राख्ने वा चौतारा बनाउने काम निखाली चुलामा आउने मृतकको नाममा मात्र बनाउने चलन रहेको पाइन्छ ।

## ६.१० चाडपर्वहरु

प्रत्येक नेपाली समाजमा विभिन्न जात जातिहरुको बसोबास रहेको हुन्छ । ती जात जातिहरुले नेपलको प्रमुख चाडको रुपमा लिएको दशै तिहार लगायतका अन्य चाडपर्वहरु जुन जातियताको आधारमा आ आफ्नो जातिय चाडपर्वहरु पनि मनाउने गरेको पाइन्छ । ती जातजातिहरु मध्येका चामलिङ्ग राईजातिहरु पनि एक हुन । यि जातिहरुले पनि अन्य जातिहरु झै दशै तिहार लगायतका आफ्ना जातिय चाडपर्वहरु मनाउने गर्दछन । यि जातिहरुले मनाएका र मनाउदै आएका चाडपर्वहरु तथा तिनीहरुले मनाउदै आएका परम्परागत चाडपर्वहरुका बारेमा निम्न अनुसार व्याख्या गरिएको छ । ति मुख्य मुख्य चाडपर्वहरु निम्नाअनुसार छन् ।

### ६.१०.१ साकेला (चण्डी)

चामलिङ्ग राईजातिहरुले आज भोली आफ्नो प्रमुख चाडको रुपमा साकेला चण्डीलाई लिएको पाइन्छ ।यो चाड प्रत्येक वर्षको बैशाख पूर्णीमादेखि सुरु भई अर्को पूर्णीमा सम्म धुमधामका साथ मनाउदछन् । यस बेला यि जातिहरुले आफ्नो कुल पित्रको पनि पुजा गर्दछन् । साथै यिनीहरुले यस चाडलाई अन्न बाली छर्न रोप्न लागि प्रकृतिको पूजा गर्नु पर्छ भनी यस चाडलाई प्राकृतिक पूजाको रुपमा पनि लिने गर्दछन् ।यस बेला यि जातिहरुले जाड रक्सी खाएर, ढोल झ्याम्टा बजाउदै प्रत्येक रात घर घरै तथा बनिएको नयाँ घरमा चण्डी नाच नाच्ने गर्दछन् । साकेला पूज्न भने आफ्नो गाउँमा बनाएको साकेला थानमा गई साकेला पूज्ने दिन सो ठाउँमा धुमधामका साथ ढोल झेम्टा बजाएर नाच्ने गर्दछन् । सो दिन छर छिमेकी गाविसहरुका मानिसहरु पनि आउने र नाचि रमाइलो गर्ने गर्दछन् ।

बैशाखे पूर्णीमा पछि सुरु भएको यि चामलिङ्ग राईजातिहरुको चाड यिनीहरुको साकेला पुजे पछि सेउली उखेल्ने दिन भनी साकेला खनेको भोलीपल्टको दिनलाई भन्दछन् । त्यसदिन देखि भने त्यस गाउँमा वा सेउली उखेलिएको गाउँमा चण्डी नाच सिद्धिएको भनी सो नाच नाच्न छोडिन्छ र ढोल झ्याम्टा पनि बजाउनु हुदैन भनी बजाउन भन्दा अगाडि पूजा गरि निकालीएको ठाउँमै लगेर राखिन्छ । तर अन्य गाउँतिर गएर सो गाउँको साकेलामा भने बजाउने र नाच्ने गर्दछन् । यस चाडलाई उभौली भनी यहाका चामलिङ्ग राईहरुले मान्ने गर्दछन । यस चाडमा यिनीहरुले आफ्नो कुल पुत्रहरुको पुजा गरी ढोल झ्याम्टा बजाई नाच्ने, गाउने गर्दछन ।

उधौली चाड भने मंसिरे पूर्णीमा देखि मनाउन थाल्द छन । यस बेला भने ढोल, झ्याम्टा बजाई नाच्ने, गाउने गर्दैनन् । केवल आफ्नो देवदेवताहरुको पुजामा मात्र गरी यो चाड मनाउदछन । सोह्र सराद पछि आफ्नो कुल पुजि यो चाडलाई उधौली भनि मनाउछन । यसैबेला बाट नयाँ खाद्यन्न बस्तुहरु जस्तै धान, कोदो,

अदुवा आदी चलाउने गर्दछन । यसरी यस चाडलाई उधौली चाडमानि नयाँ खाद्यय बस्तुहरु चलाउने चाडको रुपमा मनाउने गर्दछन ।

### ६.१०.२ दशै

दशैलाई नेपालीहरुको मुख्य चाडको रुपमा लिई यसलाई सबै नेपालीको चाडको रुपमा लिएको पाइन्छ । यस चाडलाई नेपाली जनताहरुको राष्ट्रिय चाडको रुपमा लिएको पाइन्छ । यसकारण प्रायः सबै नेपालका जातजातिहरुले यो चाड मनाएको पाइन्छ । त्यसैअनुरुप यहाँका चामलिङ्ग राईहरुले पनि यो चाडलाई मनाउने गरेको पाइन्छ । यो चाडमा यिनीहरुले जाड रक्सी, मासु भात, खाएर मनाउने गरेको पाइन्छ । यसबेला यिनीहरुले रागा भैसीँ, सामुहिक रुपमा मोलेर काटी बाढी खाने गर्दछन् भने सुगुर प्रायः आ आफ्नो घरमा पालेर राखेका हुन्छन । यसैलाई यस चाडमा काटेर खाने चलन रहेको छ । यस चाडमा आ आफ्नो छोरी, चेली भेना भान्जाहरु टिका थाप्न वा लाउन आउने जाने गर्दछन् । तर यस चाडमा अन्य हिन्दु धर्मावलम्बीहरु भ्कै देवी देवताको पुजाँ गरी मार हान्ने काट्ने चलन भने यिनीहरुको पाइदैन । २०४६ सालको प्रजातन्तको पुर्नस्थापना पश्चात भने कसै कसैले दशै बहिष्कार गरी टिका नलगाउने गरेका छन् । तर सदाभ्कै जाड रक्सी, मासु भात खाने काम भने निरन्तरता दिइनै रहेको पाइन्छ । यसै गरी दशै बहिष्कार गर्नेहरु पनि यस चाडमा माइत मावली जाने गरेका छन् । कतिले त घरमा टिका नलगाएपनि माइती मावलमा गएर लगाएको पाइन्छ । र अगाडि टिका लगाउन छाडेकाहरुले पनि आउ जाउ गर्न अप्ठेरो पऱ्यो भनी फेरी लगाउन सुरु गरेको पाइन्छ ।

### ६.१०.३ तिहार

चामलिङ्ग राईजातिहरुले पनि अन्य जातिहरुले जस्तै यो पर्व धुमधामसँग मान्ने गर्दछन् । यो चाड चेली माइतीहरुको लागि विशेष महत्वपूर्ण चाडको रुपमा लिएको हुन्छ । यसले गर्दा यस चाडमा विवाहित चेलीहरु पनि टाढा टाढाबाट माइती पुज्न अर्थात माइतीलाई फुलमाला टिका लगाइदिन माइतीघर आउदछन भने माइतीले पनि यसरी आएका चेलीहरुलाई आफ्नो गच्छेअनुसार दक्षिणा, लुगाफाटा

दिई चेली माइतीको सम्बन्धलाई अझ प्रगाढ गराउदछन् । विशेष गरेर यो चाडमा सेलरोटी , मासु, भात, जाड रक्सी खाएर नै मनाउने गर्दछन् । तिहारमा छोरी चेलीहरु भैलो खेल्ने गर्दछन् भने छोरा मान्छेहरु देउसी खेल्ने गर्दछन । यि जातिहरुले काग तिहार देखि भाइटिकाको दिन सम्मलाई विशेष गरेर तिहारको रुपमा मनाउने गर्दछन् । दिउसी भैलोको अलावा यिनीहरुले यस चाडमा विविध किसिमका सांस्कृतिक नाचहरु नाच्ने गाउने गर्दछन् ।

### ६.१०.४ साउने संक्रान्ति

चामलिङ्ग राईजातिहरुले मान्ने चाडहरु मध्ये साउने संक्रान्ति पनि एक हो । साउन को १ गतेलाई साउने संक्रान्तिको रुपमा मनाउने गर्दछन् । यस चाडमा यिनीहरुले मासु भात खाने, जाड रक्सी खाएर कामले थकित भएको शरीरलाई एक दिन भएपनि आराम दिने गर्दछन् । यस दिनलाई “मानो खाएर मुरु उब्जाउने दिन” भनि भन्दछन् । साथै यस दिनलाई यिनीहरुले अब हामी बाच्यौँ, हामीलाई आवश्यक पर्ने खाने कुराहरु रोप्यौ, अब हामी बाच्छौ भनी पनि यस चाडलाई मनाउने गर्दछन् ।

### ६.१०.५ माघे संक्रान्ति

चामलिङ्ग राईजातिहरुले मान्ने अर्को चाडको रुपमा माघे संक्रान्तिलाई लिन सकिन्छ । प्रत्येक वर्षको माघ १ गतेको दिनलाई माघे संक्रान्तिको रुपमा मनाउने गर्दछन् । यस बेला यस जातिले सेलरोटी, विभिन्न किसिमका तरुलहरु, मासु भात, जाड रक्सी खाएर मनाउने गर्दछन् । यस चाडलाई आउदो सालसम्म मरिन्छ कि बाचिन्छ यस साललाई भने यो चाड मनाउ भनी मनाउने गरेको पाइन्छ । यस चाडमा विहान चिसो पानीले कोहीसँग नबोलीकन नुहाएमा रोग, कष्ट जान्छ भन्ने विश्वासका साथ यिनीहरु विहानै कोहीसँग नबोली चिसो पानीले नुहाउने गर्दछन् र बन तरुलको टिका लगाई तरुलहरु सेलरोटी खाने गर्दछन् र ब्राह्मणले ल्याएको तिलकको टिका पनि लगाउने गर्दछन् ।

### ६.१०.६ एकादशी

चामलिङ्ग राईजातिहरुले एकादशीलाई पनि अन्य चाडपर्व झै मनाउने गर्दछन् । तर यसलाई यिनीहरुले आफ्नो परम्परागत चाडका रुपमा नभई हिन्दु संस्कार अर्न्तगत हिन्दु संस्कारको प्रभावले  गर्दा मनाएको पाइन्छ । यस चाडमा यिनीहरुलेल विभिन्न किसिमका फुल फलेदो, सेल रोटी, जाड रक्सी खाएर  मनाउने गर्दछन् । विशेष गरी यस चाडलाई यिनीहरुले  आफ्ना मृतकहरुको सम्झनामा जो मृत व्यक्ति आफ्नो चुलामा आएको छ उसको नाममा  चौतारा ठाटी बनाइदिने चाडको रुपमा लिएको पाइन्छ । यो चाड तिहारको पूर्णीमा पछिको एकादशीको दिन मनाउने गर्दछन् । यसै दिन यस गाउको हरेलो भन्ने ठाउमा बजार लगाई बजार पनि भर्ने गर्दछन् ।

### ६.१०.७ चैते दशै

यहका चामलिङ्ग राईहरुले यस चाडलाई त्यति महत्वपूर्ण चाड मानि मान्ने गरेको पाइदैन । यस चाडका दिन यिनिहरुले एक छाक मासु भात मात्र खाने गरेको पाईन्छ । यदि मासु नपाएको खण्डमा मासु भात पनि नखाने गरेको पाईन्छ । बडा दशैं झै यस चाडमा जाड, रक्सी खाने रमाईलो गर्ने छोरीचेली, नरनाताहरु भेला हुने गरेको पाइन्दैन । यस चाडमा यहाका राईहरु कोही-कोही भने हलेसि महादेवथानमा रामनवमी बजार भर्न भने जाने गरेको पाईन्छ ।

# सातौं अध्याय

# सारांश, निष्कर्ष तथा सुझाव

## (SUMMARY, CONCLUSION, RECOMMENDATIONS)

**सारांश(Summary)**

नेपालको पूर्वाञ्चल क्षेत्रको सगरमाथा अञ्चलमा पर्ने पहाडी जिल्ला खोटाङमा प्राचिनकालदेखि नै बसोबास गर्दै आएका विविध आदिवासी जनजातिहरुमध्ये चामलिङ्ग राईहहरु पनि एक प्रमुख जाति हुन् । यी जातीहरु राई किरात वंश भित्र पर्दछन् । वि.सं. २०५८ सालको जनगणनाअनुसार नेपालको कुल जनसंख्याको २.७९ % राईहरुको रहेको छ, यही भित्र चामलिङ्ग भाषा बोल्ने राईहरुको संख्या रहेको छ ।

यस शोध अध्ययनको सिलसिलामा खोटाङ जिल्लाको दोर्पा चिउरी डाडा गाविसमा बस्ने चामलिङ्ग राईहहरु सामाजिक तथा सास्कृतिक पक्षहरुको अध्ययन गरिएको छ । यस शोध अध्ययनको मुख्य उद्देश्यहरु यि जातिहरुको उत्पति, जातिय पहिचान, जातिय इतिहास, सामाजिक तथा सांस्कृतिक पक्ष र विकासको क्रमसँगै आएका विविध पक्षहरु माथिको परिवर्तनको बारेमा अध्ययन अनुसन्धान गर्नु हो । जसअनुसार अध्ययनको क्रममा प्राप्त भएका तथ्य तथा सूचनाहरुलाई निम्न बुदाहरुमा समेट्ने प्रयास गरिएको छ :

१ चामलिङ्ग राईजातिहरुको बारेमा अहिलेसम्म पनि विस्तृत रुपमा अध्ययन अनुसन्धान भएको पाइदैन । यसकारण यस जातिको स्पष्ट इतिहास छैन । ऐतिहासिक घटना तथा किम्बदन्तीअनुसार यि जातिहरु खोटाङ जिल्लाको दोर्पा चिउरी डाडा तथा दुधकोशी किनारका आसपासका क्षेत्रहरुमा, रावा उपत्यका आसपासमा यिनीहरुको बसोबास रहेको पाईन्छ ।

२ चामलिङ्ग राईजातिहरुको शारीरिक बनावट हेर्दा अन्य किरातीहरुसँग मिल्दोजुल्दो देखिने हुनाले यिनीहरु पनि किराती भित्र पर्ने एक जाति हुन् । यिनीहरुलाई विभिन्न २०० भन्दा बढी थर तथा ७/८ भन्दा माथि उपथरहरुमा विभाजन गरेको पाइन्छ । यसरी विभिन्न थर तथा उपथरहरुमा आफुहरुलाई विभाजन गरिएता पनि सबैले राई नै भनेर चिनाउने गर्दछन् ।

३ चामलिङ्ग राईहहरु आफ्नो भाषाको लिपी नभएता पनि मातृभाषाको पनि प्रयोग गरेको पाइयो । अन्य समुदायसँग बोल्दा नेपाली भाषा प्रयोग गरेको पाइयो । यिनीहरुको मातृभाषा लोपोन्मुख अवस्थामा रहेको पाइनाले यसलाई संरक्षण तथा सर्म्बद्धन गर्न आफना बालबच्चाहरुलाई मातृ भाषा सिक्न पदर्छ भनी उत्प्रेरित गराइएको पाईयो ।

४ यि जातिहरुमा परम्परागत भेष भुषालाई आधुनिकीकरणले प्रभाव पारेको पाइयो । दौरा सुरुवाल, चौबन्दी चोलो गुन्यु लाउने मानिस पाउन नसकिने अवस्थामा छ । यी जातिहरुमा भएको परम्परागत कपडा बुन्ने (छोरा मानिसको लागि“कोडटी” र छोरी मानिसको लागि छिट्को गुन्यु) उद्योग पुर्ण बन्द भइसकेको पाइन्छ । परम्परागत रुप गरगहनाहरुको ठाउँमा आधुनिक गरगहनाहरुको प्रयोग बढी पाईयो ।

५ चामलिङ्ग राईहहरुमा पनि अन्य जातिमा जस्तै नाता सम्बन्धलाई तीन भागमा बाढेको पाइन्छ । न्वारान छोराको भए ५ दिनमा छोरीका भए ३ दिनमा अन्न प्रासन छोराको ६ महिना र छोरीको ५ महिनामा त्यस्तै प्रकारले चुडाकर्म छोराछोरी दुवैका ( ३ देखि ७ वर्ष भित्रमा ) गर्ने परम्परा रहेको पाइयो । यी जातिहरुमा मागी विवाह,प्रेम विवाह, चोरी विवाह आदि प्रकारले विवाह गर्ने प्रचलन रहेको पाईन्छ ।

६ विवाह, मृत्यु संस्कार एवं अन्य पूजा आजा गर्दा नछौँ (धामी) पूजारी नभई नहुने पाइयो । यी कार्यहरुमा कुखरा सुगुर आदि पशु पंक्षी नभई नहुने त्यस्तै जाड रक्सीको अधिक प्रयोग गर्नु पर्ने पाईयो ।

७ जिम्मावालको अस्तित्व समाप्ती र प्रजातन्त्रको  पुनवर्हाली पछि हिन्दु धर्मभित्रको महान चाड दशैं यि जातिहरुले कम मनाउन थालेका छन् । यसको वैकल्पिक रुपमा वैशाखे पूर्णीमा साकेला(चण्डी) मनाउने गरेको पाईयो ।

८ पढी गुनी के काम हलो  जोति माम भन्ने उक्तिमा परिवर्तन आएको छ । यि जातिका बालबालिकाहरु पढन विद्यालय पठाउन थालिएको छ । शिक्षाले गर्दा नै राजनीतिक क्षेत्रमा पनि प्रवेश गर्न थालेका छन् । कुनै पनि मानिस शिक्षित भयो भने  उसले समाजलाई धेरै कुरा सिकाउन सक्छ र यसबाट समाजको परिवर्तन हुन सक्छ भन्ने यिनीहरुमा अहिले रहेको पाईयो ।

९ सञ्चार र यातायातले पनि परिवर्तनमा निकै महत्वपूर्ण स्थान ओगटदछ । कुनै पनि स्थान विशेषमा यसले महत्वपूर्ण परिवर्तन ल्याउदछ । मानिसले हेरेर, सुनेर नयाँ कुरा सिक्दछन । आफुले जानेको कुरा अरुलाई पनि सिकाउदछन् । र यसबाट परम्परागत विचारमा परिवर्तन आउदछ । यसैको प्रभाव यि जातिहरुमा परेको पाईयो ।

१० वैदेशिक प्रभावले पनि यि जातीहरुको विविध पक्षमा परिवर्तन आएको पाइयो । यसले गर्दा मुख्य गरी यि जातिहरुको  आर्थिक सुधारको कारण सामाजिक सुधारमा सहयोग पुऱ्याइएको पाईयो ।

११ सरकारी तथा गैर सरकारी  संघ-संस्थाहरुको भूमिकाले गर्दा यि जातिहरुको विविध पक्षमा परिवर्तन आएको पाइयो । यि संघ  संस्थाले सञ्चालन गरेको अनौपचारिक शिक्षा, आय आर्जन, स्वास्थ्य तथा सरसफाई सम्बन्धि तालिम आदि जस्ता कार्यक्रमहरुले गर्दा यि जातिहरुको सामाजिक, शैक्षिक, आर्थिक, सांस्कृतिक क्षेत्रहरुमा परिवर्तन आएको पाईयो ।

१२.जन्म, मुत्यु, विवाह, सस्कारहरुमा जाड, रक्सीको प्रयोग अनिवार्य भएको पाईयो ।

१३. यहाका चामलिङ्ग राईहरुको विवाह संस्कारमा दाजु भाईहरु भेला भई विवाह कसरी गर्ने र विवाहमा कसले कस्तो किसिमको जिम्मा लिने यस बिषयमा

छलफल गर्ने गरेको पाइयो । साथै मुत्यु संस्कारमा पनि यो कार्य गर्ने गरेको पाईयो ।

१४.यहाका चामलिङ्ग राईहरुले मावलीलाई आफ्नो उदगम थलोको रुपमा मानी विवाहमा सम्मान गर्ने चलन रहेको पाईयो ।

१५. विवाहको बेला दुई पक्षबिच सहजकर्ताको रुपमा काम गर्ने कलियालाई उनिहरुले दुःख कष्ट गरी विवाह सफल बनाउन सहयोगी भुमिका निवाह गरेको सम्मान गर्ने चलन रहेको पाईयो ।

१६. छोरीचेलीले माईतीलाई र माईतीले छोरीचेलीलाई एकआपसमा सम्मान गरागर गरेको पाईयो ।

१७.विवाहमा गाउने शिलोकका श्लोकहरु गाउन छोडी नाचगान गर्ने चलन पाइयो ।

१८.यहाका चामलिङ्ग राईहरुले आफ्नो पुर्खाहरुलाई कुल देवताको रुपमा पुजने चलन पाईयो ।

१९. यहाका चामलिङ्ग राईहरुले बिरामी पर्दा सबैभन्दा अगाडी नर्छौ (धामी) कहाँ जाने र झारफुक गराउने चलन पाईयो ।

२०. यहाका चामलिङ्ग राईहरुले पाहुनालाई सत्कार गर्दा सबैभन्दा अगाडी जाड, रक्सी दिएर सत्कार गर्ने गरेको पाईयो ।

२१. परम्परागत विवाहलाई मान्याता दिदै आधुनिक विवाह तिर बढि आर्कषित भएको पाईयो ।

२२. यहाका चामलिङ्ग राईहरुले बढी मात्रामा प्रकृतिको पुजा गरेको पाईयो ।

२३. यहाका चामलिङ्ग राईहरुले मुत्यु संस्कार सरल पाईयो । मुत भएको एक दिनमै चोखी सक्ने र कुनै पनि सुभकार्य गर्ने पाईयो ।

२४. यहाका चामलिङ्ग राईहरुको पुराना घरहरु भत्काई नयाँ आधुनिक घरहरु बनाइएको पाईयो ।

२५. यहाका चामलिङ्ग राईहरुले परम्परागत खाना का साथै नयाँ उत्पादित खाद्यय बस्तुहरु, पेय पदार्थहरु खाने गरेको पाईयो ।

२६. यस चामलिङ्ग राई जातिहरुको मृत लासलाई मुतकको अवस्था हेरी मुतकलाई तिन किसिममा विभाजन गरेको पाईयो ।

### ७.२ निष्कर्ष (Conclusion)

चामलिङ्ग राई जातिको सामाजिक तथा सांस्कृतिक अवस्थाको अध्ययन र विश्लेषण गरीसकेपछि यस अध्ययनको अन्त्यमा निम्नलिखित निष्कर्षमा पुगिएको छ ।

१ चामलिङ्ग राईहरु खोटाङ जिल्लाको दोर्पा चिउरी डाडा गाविस लगायत यस जिल्लाको अधिकांश गाविसहरु र उदयपुर जिल्लाको केही गाविसहरुका आदिवासी जनजातीहरु हुन जो किरात राईहरु भित्र पर्दछन । प्रचलित किम्बदन्ती अनुसार यो जातीहरुको उत्पत्ति नायमा र पारुहाङ्ग का सन्तान हंछा र नाकीहको छोरी सिकिमाका सन्तान सालपा र रिभिमा हुन् । यि सालपा र रिभिमाका ४ सन्तानहरुमध्ये हर्कबुङ्गका सन्तानहरुमध्येका

२ १ सन्तानका सन्तानहरु नै आजका चामलिङ्ग राई हुन् ।

३ किरात मुदुम अनुसार माटोको ढिकुरो बोखाफपीबाट उत्पत्ति भएको हो ।

४ यी जातिहरु किरातीहरुसँग खासै भिन्नता नभएकाले र यिनीहरुको शारीरिक बनोट आदिको आधारमा पनि किरातहरुसँग मिल्ने भएकोले यिनीहरु पनि किरात भित्रकै एक वर्ग हुन् ।

५ यिनीहरुको आफ्नै प्रकारको भाषा छ जसलाई रदुङ्ग दुम भनिन्छ । यस भाषालाई लिपी नभएको कारणले लिपिबद्ध गरिएको छैन जसले गर्दा यो भाषा लोपोन्मुख छ ।

६ यि जातीहरु सामाजिक संस्कारमा आमाबाबु, मामा, भान्जा, नछौ(धामी) को महत्वपूर्ण स्थान रहेको पाइन्छ । यो परिपाटी अझैसम्म कायम रहेको छ ।

७ चामलिङ्ग राई जातिहरुकोल आफ्नै प्रकारको रहनसहन, चाडपर्व, परम्परा र संस्कृति र सामाजिक संस्कारहरु भएको पाइन्छ । यसको साथै यि जातिहरुको

हिन्दुहरुले मनाउने चाड दशैँ, तिहार पनि मनाउछन् । यो हिन्दु धर्मको प्रभाव हुन सक्छ ।

८ यि जातिहरुमा शिक्षाको प्रभाव परेको हुदा आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउनु पर्दछ भन्ने धारणाको विकास भएको पाइन्छ । यसो भएता पनि न्युनतम शैक्षिक योग्यताको आवश्यकता पर्ने रोजगारीको अवसर पनि यिनीहरुको सहभागिता ज्यादै न्युन रहेको पाईन्छ ।

९ चामलिङ्ग राई जातिका गरगहना, भेषभुषाहरुमा आधुनिक फेसनले पुर्णरुपमा नै विस्तापित गरेको पाइन्छ । यस्ता परम्परागत गरगहना, भेषभुषा कसैले पनि प्रयोग गरेको पाइदैन । आधुनिक कारणले परम्परागत भेषभुषाहरुलाई विस्थापित गरेको पाईन्छ ।

१० चामलिङ्ग राई जातिका मुख्य पेशा कृषि भएता पनि यो परम्परागत रुपमा गरिने भएकोले उत्पादन कम हुने आदिले गर्दा यिनीहरुको आर्थिक स्थिती निम्न रहेको छ ।

११ चामलिङ्ग राई जातिको जातिय उत्थानको लागि पढेलेखेका विदेशबाट फर्किएका युवाहरु विस्तारै संगठित हुदै आएका र राजनैतिक तथा लोकतान्त्रिक अधिकार प्रति पनि क्रमश सजग हुदै आएको पाईन्छ ।

## ७.३ सुझाव (Recommendation)

यस दोर्पा गाविसका चामलिङ्ग राई जातिको सामाजिक एवं सांस्कृतिक जीवनका विविध पक्षका बारेमा अध्ययन गरिए पश्चात यिनीहरुको सांस्कृतिक तथा सामाजिक पक्षको उत्थान, विकास र संरक्षण गर्नका लागि निम्न सुझावहरु उल्लेख गर्न सकिन्छ ।

१ यस क्षेत्रमा पर्यटन व्यवसायको सम्भावना भएकोले पर्यटन सम्बन्धी सम्भावित अध्ययन गरी यस क्षेत्रलाई पर्यटन क्षेत्रको रुपमा विकसित गर्न सकिने देखिन्छ ।

२ कुनै पनि जात जातिको सांस्कृतिकको संरक्षण र सम्बर्द्धनको लागि नेपाल सरकारबाटै पहल हुनुपर्दछ । नेपाल सरकारको शिक्षा तथा संस्कृति मन्त्रालय र स्थानिय विकास मन्त्रालय अन्तर्गत नेपाल राष्ट्रिय जनजाति विकास समितिले सम्बन्धित विषयका विद्वानहरुलाई जनजातिका लोप हुन लागेको संस्कृति सम्बन्धी अध्ययन अनुसन्धान गर्न आवश्यक श्रोत साधन उपलब्ध गराई प्रोत्साहित गर्नु पर्ने देखिन्छ ।

३ चामलिङ्ग राईहरुको समुदायमा भएका पुराना रुढीवादी अन्धविश्वास आदिलाई हटाउन यिनीहरुको बीचमा जन चेतना मूलक शैक्षिक कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ ।

४ भाषा हराए संस्कृति हराउछ, संस्कृति हराए अस्तित्व नै हराउछ यसले गर्दा यी चामलिङ्ग राई जातिको भाषा संरक्षण गर्न उनीहरुको भाषालाई लिपिबद्ध गरी त्यही भाषामा प्राथमिक शिक्षा दिलाउने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

५ चामलिङ्ग राई जातिहरुको बारेमा हालसम्म व्यापक रुपमा अध्ययन अनुसन्धान नभएको हुँदा यस जातिको बारेमा गहिरिएर थप अध्ययन , अनुसन्धान गर्न विभिन्न समाजशास्त्री/मानवशास्त्रीहरुलाई प्रोत्साहित गराउनु पर्ने आजको आवश्यकता रहेको देखिन्छ ।

६ विभिन्न संचार माध्यमहरुबाट चामलिङ्ग राई जातिहरुको संस्कार र संस्कृतिको बारेमा कार्यक्रम बनाई प्रचार गरिनु गर्नु पर्ने देखिन्छ ।जसबाट उनीहरुको संस्कृतिको संरक्षण हुन सक्दछ ।

७ परापूवर्पकाल देखि प्रयोग गर्दै आएका पुराना गर गहनाहरुको संरक्षण गर्नु पर्ने देखिन्छ । जसले गर्दा चामलिङ्ग राइहरुको जातिय पहिचान गराउदछ ।

८ आफ्नो धार्मिक पहिचान गराउने खालका संस्कृति तथा कुल देवताहरुको बारेमा जानकारी गराउदै र संरक्षण गर्दै जानु पर्ने देखिन्छ । जसले गर्दा

भावि चामलिङ्ग राई जातिहरुको सन्तानहरुले आफ्नो धर्म संस्कृतिको बारेमा बुझ्दछन ।

९ उनीहरुको परम्परागत  पोसाकहरुलाई  हराउनबाट जोगाउन पर्ने देखिन्छ । यिनीहरुको परम्परातग रुपमा  कपडा बुन्ने प्रथालाई जोगाई राख्नका लागि चेतना जगाई यसलाई निरन्तरता दिनु पर्ने देखिन्छ ।

१० परम्परागत अन्धविश्वासलाई हटाउन पर्ने देखिन्छ । यिनीहरुको विविध संस्कारहरुमा  जाड रक्सीको अधिक प्रयोग भई यसले नराम्रो प्रभाव पारेको हुनाले यसलाई कम गर्नु पर्ने देखिन्छ ।

११ यिनीहरुरुको विविध संस्कारहरुमा गरिने सामुहिक सर-सल्लाह, कार्यहरुलाई अझ प्रोत्साहित  गर्नु पर्ने देखिन्छ ।

# अनुच्छेद – १

## तथ्याङ्क संकलनको क्रममा घर सर्वेक्षण गर्दा प्रयोग गरिएको फाराम

१ उत्तरदाताको नामः

२. लिङ्ग :

३. उमेरः

४. शिक्षाः

५. धर्मः

६. भाषाः

७. वैवाहिक स्थितिः

८.परिवारको प्रकारः

९. परिवार संख्याः

१०. घर संख्याः

११. गाविसः

१२. वडाः

१३. जिल्लाः

१४. अञ्चलः

| क्र.सं. | नाम | घरमूलीसँगको सम्बन्ध | लिगं | उमेर | शैक्षिक योग्यता | मुख्य पेशा | सहायक पेशा | वैवाहिक स्थिति | विवाह वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| १<br>२<br>३<br>४<br>५ | | | | | | | | | |

१ तपाईहरु आफ्नो भाषा बोल्नु हुन्छ ?
२ तपाईहरुको आफ्नो भाषाको लिपि छ ?
३ आफ्नो भाषा बोल्न छाड्नु भएको कति पुस्ता भयो ?
४ तपाईहरुलाई चामलिङ्ग राई जाति किन भनिएको हो ?
५ तपाईहरुको उत्पत्ति कसरी भएको हो ?
६ तपाईहरुको उत्पत्ति सम्बन्धि कुनै लोक कथा, किम्बदन्ती छ कि छैन ?
७ तपाईहरुको उत्पत्ति सम्बन्धि लिखित इतिहास छ कि छैन ?
८ तपाईहरुले मनाउने चाडपर्वहरु कुन कुन हुन ?
९ ती चाडवर्पहरु कसरी मनाउनु हुन्छ ?
१० यी चाडवर्पहरु पहिले जस्तै गरेर मनाउनु हुन्छ ?
११ जन्म देखि मृत्यु पर्यन्तसम्म के कस्ता सामाजिक संस्कारहरु गर्न हुन्छ ?
१२ छोरा छोरीको न्वारान कति कति दिनमा गर्नु हुन्छ ?
१३ छोरा छोरीको नाम राख्ने चलन कस्तो छ ?
१४ छोरा छोरीको छवर (चुडाकर्म) र गुनेउ चोली दिने कति कति वर्षमा गर्नु हुन्छ ?
१५ तपाईहरुको विवाह गर्ने चलन कस्तो छ ?
१६ ती विवाह कसरी गरिन्छ ?
१७ नातामा विहेवारी चल्छ कि चल्दैन यदि चल्छ भने के कस्ता नातामा चल्छ ?
१८ मृत्यु संस्कार सम्बन्धमा तपाईहरु के गर्नु हुन्छ ?
१९ मृत व्यक्तिलाई अन्य जातले छुवाछुत गर्नमा कुनै बन्देज छ कि छैन ?
२० तपाईहरुले लाउने गरगहना तथा भेषभुषा के के हन् ?
२१ पहिलाका गरगहना तथा भेषभूषा आजभोली लगाउनु हुन्छ कि हुन्न ?
२२ यदि गरगहना तथा भेषभूषा लगाउनु हुन्न भने कारण के हो ?
२३ तपाईको सामाजिक, सांस्कृतिक रीतिरिवाज तथा चलनको बारेमा केही भन्नु छ ?

## अनुच्छेद - २

## अन्तरर्वाता सूची

अध्ययनका क्रममा मुख्य सुचनादाताहरुलाई अन्तवार्तामा गरिएको चेकलिष्टको सूची

१. चामलिङ्ग राई जातिका बारेमा

- किम्बदन्ती, लोक कथा
- अलिखित भनाई, धारणा
- लिखित इतिहास

२. परिवारको संरचनाको बारेमा

- एकात्मक परिवार, संयुक्त परिवार, वृहत परिवार
- परिवारको संरचनाको बारेमा

३. विवाह प्रणाली

- अन्तर जातिय विवाह, सजातिय विवाह
- मागी, प्रेम र चोरी विवाह प्रथा
- विवाह संस्कार (विवाह गर्दा गरिने संस्कारहरु)

४. नातेदारी प्रथाको बारेमा

- नातेदार
- नातेदारको सम्मान

५. धर्मको बारेमा

- तपाईहरु हिन्दु हुनुहुन्छ ?
- किरात धर्म (मुन्धुम दर्शन)

- बौद्ध/क्रिश्चियन
- देवी देवताहरु
- तपाईहरुको आफ्नै रीतिरिवाजहरु छन् ?
- कस्ता खालका पूजा आजाजहरु हुन्छन ?
- तपाईहरुको धार्मिक कार्यहरुमा कुनै परिवतर्नहरु आएका छन् ?

६. चाडपर्वको बारेमा

- दशैंतिहार, बैशाखे र मंशिरे पुणिमा
- माघे र साउने संक्रान्ति
- तपाइहरुको आफ्नै चाडपर्व छन् ?
- कसरी मनाउनु हुन्छ ?
- तपाईहरुको चाडपर्वहरुमा कुनै परिवर्तन भएका छन् ?

७. लवाई खवाईको बारेमा

- महिला र पुरुषको लुगा/पोशाक
- महिलाले लगाउने गहनाहरु
- लगाउने शैलीमा परिवर्तन
- खाना
- मुख्य खाना, धान, मकै, कोदो
- मासु, सागसब्जी, जांडरक्सी
- खाने प्रथामा परिवर्तन

८. घरको बनावटको बारेमा

- ढुगां माटोद्वारा, काठद्वारा
- घर बनाउने तरिका (घरको प्रकार)

- बस्ती
- टोल छिमेकको सम्बन्ध

९. जन्मदेखि मृत्पुपर्यन्त हुने कर्म काण्डहरु

- जन्म,  न्वारान, अन्न प्रासन, छेवार(चुडा कर्म)
- कर्मकाण्ड सम्पन्न गर्ने तरीका
- मृत्यु
- मृत्युपछिका दाहसंस्कार, काजक्रिया
- छुवाछुत
- कर्मकाण्ड संचाल कसले-नछौँ(धामी)
- जन्मदेखि मृत्यु पर्यन्तका कर्मकाण्डहरुमा भएका परिवर्तन

१०. जातिय सम्बन्ध

- कामी, दमाई, सार्की
- गुरुङ्ग, लिम्बु, शेर्पा
- क्षेत्री, ब्रह्माण

# सन्दर्भग्रन्थ सूची


१.प्रेम कुमार खत्री/पेशल दाहाल(२०५३):-आधुनिक नेपालको सामाजिक ईतिहास, साझा प्रकाशन, काठमाडौ ।

२. Gurung, Ganeshman (1989):- The chepang, S.B. Shahi, Lalitpur.

३. Chemjong, Iman Singh (1967):- History and Culture of Kirat People, Pushpa ratna Sagar.

४. Toba, Sueyoshi (1992):- Rites of passage and aspect of rai culture, Royal Nepal Academy Kamaldi, Kathmandu.

५. थुलुङ्ग, नारादमणी(२०४२):- किरांतको नालीवेली, प्रथम संस्करण

६. Nepali Gopal Singh (1965):- The Newars, United Asia Publication Bambay.

७. प्रपन्नचार्य, डा. स्वामी (२०५१):- किरांतको प्राचिन ईतिहास, किरातेश्वर प्रकाशन, बाणारासी ।

८. राई टंकबहादुर(२०५९):- किरात भूमि र किराती जनजीवन ।

९. Bist, Dor Bahadur (1996):- People of Nepal (6th edn) Ratna Pustak Vandar, Kathmandu.

१०. विष्ट, डोरबहादुर(२०५०):- सबै जातको फुलबारी (छठौं प्रकाशन) साझा प्रकाशन, काठमाडौं ।

११. शर्मा शरदचन्द्र (२०४५):- नेपाल र यसका निवासी, सूचना विभाग काठमाडौं ।

१२. शर्मा जनकलाल (२०५२):- हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन ।

१३. Waner, Winter (1991):- The rai language of Estern Nepal Ethinic and Lingustic Grouping, CINAS Kirtipur.

१४ मेचीदेखि महाकालीसम्म भाग १ ( १९९१):-सूचना विभाग, श्री ५ को सरकार संचार मन्त्रालय, काठमाडौं ।

१६. शर्मा बालचन्द्र (२०३३):- नेपालको ऐतिहासिक रुपरेखा, कृष्ण कुमारी, वानारस ।

१७. श्रेष्ठ स्वयम्भुलाल (२०४२):- हामी नेपाली, प्रथम संस्करण, श्रेष्ठ प्रकाशन, ललितपूर ।

१८. राई खड्का विक्रम (२०५९):- किरात ऐतिहासिक घटनाक्रम, श्रीमती मुनुका लिम्बु, ल.पु. भैसेपाटी

१९. राई जौडिमान (२०६४):- धर्तीले नै उत्पति र लीन गराउछिन्, गोमा तेह्रहङ्ग चामलिङ्ग राई

२०. पेशल दाहाल (२०५७):- नेपालको ऐतिहासिक रुपरेख एम.के. पब्लिसर काठमाडौं

२१. Ortner Sherry B (1978):- Sherpa Through the Retual Cambrige University Press

२२. Hitchcock, John T.(1966):- The Magar of Wan Yan Hill, Holt, Rinehart and Winston, inc.

२३. Regmi Rishi Kishab Raj (1991):- The Dhimal

# चित्रहरु



बच्चाको न्वारन गर्दै



आजभोलीका घर तथा टोल



माछाकमा (दिछुम) र कठुवा



आजभोलीका आधुनिक घर



चुला (दायालुङ) र डेसरी



पुरानो परपरागत घरको अगाडिको भाग



खरले छाएको परम्परागत घर



विवाहको बेलामा खाना पकाउदै गरको दृष्य



विवहमा भोज पकाउदै र खादै गरेको दृष्य



मावलीलाई सिर उभ्याउने राख्दै गरेको दृष्य